# महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको आंशिक प्रयोजनका लागि प्रस्तुत

## अध्ययन पत्र

अध्ययनार्थी
नारायण प्रसाद दुलाल
नेपाली केन्द्रीय विभाग,
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
२०७३

# कृतज्ञताज्ञापन


महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाको अध्ययन शीर्षकको प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको आंशिक प्रयोजनका लागि तयार पारिएको हो ।

प्रस्तुत अध्ययनपत्र तयार गर्ने क्रममा मलाई निरन्तर प्रेरणा र उत्साह प्रदान गर्दै आवश्यक सल्लाह सुझाव समेत प्रदान गरी मार्ग निर्देशन गर्नुभएको प्रस्तुत अध्ययनपत्रका शोध निर्देशक प्रा.डा. मोतीलाल पराजुलीप्रति प्रथमतः हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस अध्ययन विषयमा अध्ययनकार्य गर्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतमज्यू तथा नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत अध्ययनपत्र तयार गर्ने क्रममा कुनै पनि किसिमको झन्झट नमानि कथावचन गरेर सहयोग गर्नुहुने सबै महानुभावहरूप्रति हृदयदेखि धन्यवाद ज्ञापन गर्दछु । मलाई उच्च शिक्षा अध्ययनका लागि निरन्तर उत्प्रेरणा दिई जीवनका सङ्घर्षपूर्ण प्रत्येक क्षणमा सद्भावपूर्ण सहयोग गर्ने माता राधादेवी दुलाल, पिता गोविन्द प्रसाद दुलाल, धर्मपत्नी मेनुका दाहाल र छोरी आर्या दुलालप्रति हृदयदेखि आभार व्यक्त गर्दछु । यसैगरी उच्च शिक्षाको लागि विविध पक्षबाट सल्लाह, सुझाव एवं हौसला दिई शुद्धशुद्धि हेरिदिएर सहयोग गर्ने आत्मीयमित्र पुरुषोत्तम आचार्य तथा दाजु देवराज दुलाललाई हार्दिक धन्यवाद अर्पण गर्दछु । प्रस्तुत अध्ययनपत्रलाई सार्थक बनाउन आ-आफ्नो क्षेत्रबाट प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण मित्रजन तथा आफन्तप्रति धन्यवाद ज्ञापन गर्दछु । अध्ययनपत्र तयार गर्ने क्रममा त्रि.वि. केन्द्रीय पुस्तकालय तथा विभिन्न संघ संस्थाहरूलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत अध्ययनपत्रलाई उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

मितिः

....................................

नारायण प्रसाद दुलाल

# विषयसूची

पृष्ठ संख्या

## पहिलो अध्याय
## अध्ययन परिचय


| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्या कथन | १ |
| १.३ | अध्ययन विधिको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | अध्ययन पत्रको औचित्य | ३ |
| १.६ | अध्ययन कार्यको सीमाङ्कन | ३ |
| १.७ | अध्ययन विधि | ३ |
| १.८ | अध्ययन पत्रको रूपरेखा | ४ |


## दोस्रो अध्याय
## महोत्तरी जिल्लाको सङ्क्षिप्त परिचय


| | | |
|---|---|---|
| २.१ | भौगोलिक परिचय | ५ |
| २.२ | महोत्तरी जिल्लाको नामकरण | ५ |
| २.३ | हावापानी | ६ |
| २.४ | नदीनाला तथा वनजंगल | ६ |
| २.५ | जनसंख्या | ६ |
| २.६ | जनजीवन | ७ |
| २.७ | आर्थिक अवस्था | ७ |
| २.८ | अन्नवाली | ७ |
| २.९ | यातायात तथा संचार | ७ |
| २.१० | शिक्षा | ८ |
| २.११ | भाषा | ८ |
| २.१२ | धार्मिक परम्परा | ८ |

## तेस्रो अध्याय

## लोककथाको सैद्धान्तिक परिचय


| | | |
|---|---|---|
| ३.१ | लोककथाको परिचय र परिभाषा | १० |
| ३.२ | लाकेककथाको विशेषताहरू | १२ |
| ३.३ | लोककथाका तत्त्वहरू | १५ |
| ३.४ | लोककथाको वर्गीकरण | १९ |
| ३.५ | उद्देश्यमुलक (प्रयोजनगत) वर्गीकरण | २१ |
| ३.६ | विषयगत वर्गीकरण | २२ |


## चौथो अध्याय

## लोककथा सङ्कलन र विश्लेषण


| | | |
|---|---|---|
| ४.१ | मणिफूलको कथाको मूल पाठ | २२ |
| | ४.१.१ मणिफूलको कथाको विश्लेषण | २८ |
| ४.२ | मुखिया बाको कथाको मूल पाठ | ३१ |
| | ४.२.१ मुखिया बाको कथाको विश्लेषण | ३४ |
| ४.३ | भावीको खेल कथाको मूल पाठ | ३६ |
| | ४.३.१ भावीको खेल कथाको विश्लेषण | ३९ |
| ४.४ | लोभको हद कथाको मूल पाठ | ४१ |
| | ४.४.१ लोभको हद कथाको विश्लेषण | ४३ |
| ४.५ | पुरुषको भाग्य कथाको मूल पाठ | ४५ |
| | ४.५.१ पुरुषको भाग्य कथाको विश्लेषण | ४८ |
| ४.६ | बाघ र मान्छेको शक्ति कथाको मूल पाठ | ५१ |
| | ४.६.१ बाघ र मान्छेको शक्ति कथाको विश्लेषण | ५२ |
| ४.७ | बाठो, ठग र सोभ्राको कथाको मूल पाठ | ५४ |
| | ४.७.१ बाठो, ठग र सोभ्राको कथा विश्लेषण | ५७ |

## पाँचौं अध्याय

## उपसंहार

| | | |
|---|---|---|
| ५.१ | सारांश | ६१ |
| ५.२ | निष्कर्ष | ६२ |
| ५.३ | भावी अनुसन्धानका निमित सुझाव | ६२ |

| | |
|---|---|
| **परिशिष्टका सम्बन्धमा** | **६४** |
| **परिशिष्ट कःअन्य सङ्कलित लोककथाहरू** | **६५** |
| **परिशिष्ट खः कथावाचन गरेर सहयोग गर्नेहरूको नामावाली** | **८८** |
| **परिशिष्ट गः महोत्तरी जिल्लाको नक्सा** | **८९** |
| **सन्दर्भ सामग्री सूची** | **९०** |

# पहिलो अध्याय

# अध्ययन परिचय

## १.१ विषय परिचय

लोककथा मानव सभ्यताको विकाससँगै सुरुवात भएको पाइन्छ । लोककथा लोकको कथा भएकोले लोक जीवनमा मानव सभ्यताको सुरुवातसँगै मौखिक र श्रुति परम्परामा हुर्कदै बढ्दै आएको विधा हो । लोककथामा मानवीय कल्पना शक्ति, तिलस्मी भाव, रोमाञ्चक तत्त्व, विद्यमान हुन्छन् । लोककथा लोकको मनोरञ्जनको साथै नैतिक शिक्षा, सत्चरित्र निर्माण एवम् आदर्श शिक्षा प्रदान गर्ने उद्देश्यले लोकमा सुनाउने गरिन्छ । लोककथामा मानव, मानवेतरप्राणी, पशुपक्षी तथा विभिन्न पदार्थहरू यसका पात्रका रूपमा ल्याएका हुन्छन् । लोककथामा लोक जीवनको सुख, दुःख, हाँसो, पीडा, आँसुजस्ता कुरालाई प्रभावकारी रूपमा अभिव्यक्त गरिएको हुन्छ । यसका विषयवस्तु यथार्थदेखि काल्पनिकतर्फ उन्मुख हुनाले यसले मानव हृदयलाई भरपुर मनोरञ्जन प्रदान गर्दछ ।

जनकपुर अञ्चलअन्तर्गत महोत्तरी जिल्ला प्राकृतिक, सामाजिक, सांस्कृतिक र भाषिक दृष्टिले भरिपूर्ण जिल्ला मानिन्छ । यस क्षेत्रमा विशेष गरी बुढापाकाहरूले आफ्ना आफन्तहरूलाई मनोरञ्जनका साथै नैतिक शिक्षा र उपदेश दिनका लागि लोककथा सुनाउने गरिन्छ र यसै जिल्लाको उत्तरी भेग बर्दिवास क्षेत्र आसपासमा प्रचलित लोककथाको सङ्कलन एवं अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

नेपाली लोककथाको क्षेत्रमा महोत्तरी जिल्लाको नाम अग्र पंक्तिमा नआए पनि यस जिल्लाको उत्तरी भेग बर्दिवास क्षेत्र आसपासमा प्रचलित लोककथाहरूको छुट्टै महत्त्व छ । यस क्षेत्रमा लोककथाहरू सुन्ने सुनाउने प्रचलन धेरै पहिलेदेखि भएको पाइन्छ । यस क्षेत्रका लोककथाहरू सङ्कलन र त्यसको अध्ययन गर्ने कार्य नभएको हुनाले यो नै मुख्य समस्या बन्न पुगेको हो । त्यसकारण अध्ययन कार्य गर्दा निम्न लिखित समस्याहरूमा केन्द्रित रहेको छ :

क) महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरू के कस्ता छन् ?

ख) महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरूलाई तात्त्विक आधारमा के कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.३ अध्ययन विधिको उद्देश्य

प्रस्तुत अध्ययन पत्रको मूलभूत उद्देश्य महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाका माध्यमबाट यस क्षेत्रको पहिचान गराउनु र लोक कथालाई स्थापित गराउनु नै रहेको छ साथै सम्बन्धित निम्न लिखित उद्देश्य रहेका छन् :

क) महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाको सङ्कलन गर्नु ।

ख) महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाको तत्वका आधारमा विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लोक साहित्यको विभिन्न विधाहरूमध्ये लोककथालाई पनि महत्त्वपूर्ण विधाको रूपमा लिने गरिन्छ । लोकको जनजिब्रोमा बसेका कथाहरू नै लोककथा हुन् । यस्ता कथाहरू मनोरञ्जनका साथै नैतिक शिक्षा दिने खालका हुन्छन् । यस्ता कथाहरू महोत्तरी जिल्लाको उत्तरी भेग बर्दिबास क्षेत्रमा प्रचलित नेपाली लोककथाको जिल्लाव्यापी अध्ययन, अनुसन्धान, सङ्कलन वर्गीकरण आदि कार्यहरू हालसम्म हुन सकेको देखिँदैन । त्यसैले नै महोत्तरी जिल्लाको उत्तरी भेगमा रहेका प्रचलित नेपाली लोककथाहरूको सङ्कलन एवं अध्ययनको समस्यापूर्ति यस अध्ययन कार्यको उद्देश्य रहेको छ । लोककथाका बारेमा विभिन्न विद्वानहरूले गरेका चर्चा परिचर्चालाई आधार मान्दा पूर्वकार्यको समीक्षाकोरूपमा निम्नानुसार चर्चा गरिन्छ:

१. तुलसी दिवसले “नेपाली लोककथा” (२०३२) नामक पुस्तकमा लोककथाको सिद्धान्त सहित अधिराज्यव्यापी लोककथा सङ्कलन गरेका छन्, तर यसमा विभिन्न लोककथाहरूको सङ्कलन र सैद्धान्तिक विमर्श गरिए पनि यसमा लोककथाको विश्लेषण पक्षको अभाव देखिन्छ ।

२. चूडामणि बन्धुले “नेपाली लोकसाहित्य” (२०५८) नामक पुस्तकमा लोककथाका बारेमा चर्चा गरेका छन् र केही लोककथाहरू सङ्कलन गरिए तापनि यसमा विश्लेषण पक्ष कमजोर देखिन्छ ।

३) मोतीलाल पराजुलीले “नेपाली लोककथा: सिद्धान्त र विश्लेषण” नामक पुस्तकमा लोककथाका सबै पक्षहरूलाई समेटी केही बृहद रूपमा चर्चा गरी विशेष अध्ययन गरेको देखिन्छ ।

यसरी थुप्रै विद्वानहरूले लोककथाको बारेमा चर्चा परिचर्चा गरेका छन् । उपर्युक्त पूर्वकार्यबाट यस अध्ययनकार्यलाई केही हदसम्म मार्गनिर्देशन प्राप्त भएको छ ।

## १.५ अध्ययन पत्रको औचित्य

लोकसाहित्य परापूर्व कालदेखि नै लोकजिब्रोमा झुण्डिँदै आएको छ । लोकसाहित्यको सशक्त विधा लोककथा पनि त्यसरी नै सबैको ओठमा बस्दै आएको पाइन्छ । यसमा एक व्यक्तिले अर्को व्यक्तिलाई, बाबुआमाले आ-आफ्नो सन्ततीलाई मौखिक रूपमा हस्तान्तरण गर्दै आएको अवस्थामा यसको अध्यन अनुसन्धान गर्न नितान्त आवश्यक छ । यदि यसको अध्ययन अनुसन्धान नहुने हो भने कालान्तरमा त्यस्ता लोककथाहरू लोप हुन सक्ने देखिन्छ । महोत्तरी जिल्ला विविध पहिचान भएको जिल्ला हो । यस जिल्लामा लोकसाहित्यका अन्य विधाको न्यून अध्ययन भएतापनि नेपाली भाषाको लोककथाको सङ्कलन विश्लेषण तथा प्रकाशन गर्नु निकै औचित्यपूर्ण देखिन्छ । नेपाली भाषामा लोककथाको रुचि राख्ने तथा अध्ययन गर्नेहरूका लागि यो कार्य निकै उचित र महत्त्वपूर्ण हुने देखिन्छ । जुन कुरा अध्ययन पत्रमा यथासम्भव विस्तृत रूपमा समावेश गरिएको छ ।

## १.६ अध्ययन कार्यको सीमाङ्कन

यस शोधकार्यमा महोत्तरी जिल्लाको उत्तरी भेग बर्दिवास क्षेत्र आसपासमा प्रचलित लोककथाहरूको तत्त्वगत अध्ययन र ती कथाहरूले समाजमा दिने सन्देशलाई पनि समावेश गरिएको छ । यही सीमामा रही यो अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## १.७ अध्ययन विधि

प्रस्तुत अध्ययन पत्र लेखनका क्रममा स्थलगत अध्ययन मुख्य विधि र पुस्तकालयीय अध्ययन सहायक विधि दुवैलाई अपनाएर सामग्री सङ्कलन गरिएको छ । महोत्तरी जिल्लाको उत्तरी भेगका गाउँ, बस्तीमा क्षेत्रगत अध्ययन गरी त्यहाँका शिक्षित, अशिक्षित बुढापाकाका जनजिब्रोमा झुण्डिएका लोककथाहरूलाई जस्ताको तस्तै समावेश गरिएको छ । त्यस्तै लोककथाका बारेमा क्रियाशील र अनुभवी स्रष्टाहरूको सल्लाह र सुझावलाई पनि समावेश गरिएको छ ।

## १.८ अध्ययन पत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई विभिन्न अध्यायमा विभाजन गरिएको छ । यसको रूपरेखा निम्नानुसार रहेको छ :

पहिलो अध्याय : अध्ययन परिचय

दोस्रो अध्यायः महोत्तरी जिल्लाको परिचय

तेस्रो अध्यायः लोककथाको सैद्धान्तिक परिचय

चौथो अध्यायः महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरूको सङ्कलन र विश्लेषण

पाँचौ अध्यायः उपसंहार

सन्दर्भ सामग्री सूची

परिशिष्टः महोत्तरी जिल्लाको नक्सा

# दोस्रो अध्याय

# महोत्तरी जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ भौगोलिक परिचय

हाम्रो देश नेपालको मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जनकपुर अञ्चलमा अवस्थित महोत्तरी जिल्ला तराई जिल्ला मध्येको एक हो । राजनैतिक विभाजनअनुसार महोत्तरीको पूर्वमा धनुषा, पश्चिममा सर्लाही र भारतको विहार प्रदेश, उत्तरमा सिन्धुली र दक्षिणमा भारतको विहार प्रदेश पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल १००२ वर्ग कि.मी. रहेको छ । महोत्तरी जिल्ला २६°३५" उत्तरदेखि २८°१०" अक्षंशसम्म र ८५°४१" पुर्वदेखि ८५°५७" पूर्व देशान्तरसम्म फैलिएको छ । यस जिल्लालाई उत्तरतर्फ रहेको पत्रेदार चुरे भावर क्षेत्र १५ प्रतिशत दक्षिण तराइको समथर मैदान ८५ प्रतिशत क्षेत्र ओगट्ने गरी जम्मा २ भागमा बाड्न सकिन्छ । यस जिल्लाको उत्तर दक्षिणको औसत लम्बााई ५८ कि.मी. र पूर्व पश्चिमको औसत चौडाई १८ कि.मी. रहेको छ । यस जिल्लाको उच्च स्थान समुद्री सतहबाट ८०८ मीटर रहेको छ भने सबैभन्दा होचो स्थान ६१ मीटर रहेको छ । यस जिल्लाको उत्तरी भेग चुरे पहडाको कमजोर भू-बनोटका कारण बर्षेनी भू स्खलन भइरहेको छ । भने तराईमा अव्यवस्थित ढुंगा बालुवाको निकासीका साथै नदी कटान र उकास भई उर्वरा कृषि भूमि वगरमा परिणत भइरहेको अवस्था छ । यस जिल्लामा ३ नगरपालिका सहित ६८ वटा गाउँ विकास समिति रहेका छन् ।(बर्दिवास नगरपालिका कार्यालय
(२०७३/०७४) **वार्षिक नगरविकास योजना,** महोत्तरी)

## २.२ महोत्तरी जिल्लाको नामकरण

यस जिल्लाको नामकरणको सन्दर्भ खोजी गर्दा प्राचीन इतिहास अनुसार एकिकरण हुनुभन्दा अगडी यो मिथिला प्रदेशको एक स्वतन्त्र राज्य थियो । त्यसै समयमा “महोदरी” नामक ब्राह्मणले ५० विगाह जग्गामा एक विशाल पोखरी निर्माण गरी आफ्नो नामबाट उत्त, पोखरीको नामकरण गरेका थिए । समयान्तरमा “महोदरी” शब्दको अपभ्रंश हुदै महोत्तरी हुन गएको जनविश्वास छ ।

त्यस्तै अर्को धारणाअनुसार पहिला महोत्तरीको अधिकांश भूभाग घना वन्यभूतल थियो । गंगाभन्दा वा गंगा उपत्यकाको सबैभन्दा उत्तर वा महाउत्तरतिरको वन्यभूतल थियो । गंगा भन्दा वा गंगा उपत्यकाको सबैभन्दा उत्तर वा महाउत्तर तिरको वन्यभुतल जो पहाडको तल हिटी पर्दथ्यो । त्यसैलाई महा+उत्तर+ई हुदै महोत्तरी भन्न थालिएको हो भन्नेहरू पनि भेटिन्छन् ।

## २.३ हावापानी

महोत्तरी जिल्ला मनसुनी हावाद्वारा प्रभावित क्षेत्र हो । यहाँ उष्ण जलवायु पाइन्छ । यहाँको अधिकतम तापक्रम गर्मीयाममा ४२$^{\circ}$Cभन्दा बढी हुने गरेकाले कहिलेकाही लू चल्ने गर्दछन् तर जिल्लाको उत्तरी भेगमा तापक्रम केही कम हुने गरेको छ । त्यस्तै जाडो याममा न्यूनतम तापक्रम ५$^{\circ}$Cभन्दा कम हुने गरेकाले जनजीवन प्रभावित हुने गर्दछ । यस जिल्लामा वार्षिक औषत वर्षा १८४० मिलीमिटर देखि २२०० मिलीमिटरसम्म हुने गरेको पाइन्छ । यस जिल्लामा ८० प्रतिशत वर्षा वैशाखदेखि भदौ महिनाभित्र हुने गर्दछ भने हिउँदमा न्यून वर्षा हुने गर्दछ ।

## २.४ नदीनाला तथा वनजंगल

यस जिल्लालाई प्रकृतिले उपहार स्वरूप नदीनाला तथा वनजंगल प्रदान गरेको छ । यस जिल्लाको सबैभन्दा ठूलो नदी रातु हो । यो नदी जिल्लाको उत्तरी भेग चुरे पहाडबाट उत्पत्ति भई जिल्लाको विच भाग हुँदै दक्षिणमा भारतको विहार प्रदेश पुगेको छ । यसका साथै तराईमा अन्य ताल, पोखरी र खहरे खोला समेत रहेका छन् । यसैगरी “हरियो वन नेपालको धन” भन्ने उक्तिलाई सार्थक बनाउन यस जिल्लाको उत्तरी भेगमा रहेको वन जंगल नेपालको उत्कृष्ट बनजंगल मध्येको एक हो । यस जंगलमा वहुउपयोगी साल, खयर, सत्तीसाल, सिमल, भिस, सिसौ जस्ता रुखहरू पाइन्छ । (जिल्ला बन कार्यालय, महोत्तरी
(२०६२/०६३) **एकदर्पण** जिल्ला वन कार्यालय, महोत्तरी)

## २.५ जनसंख्या

पछिल्लो जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ६,२७,५८० मध्ये पुरुषहरूको संख्या ३,११,०१६ र महिलाहरूको संख्या ३,१६,५६४ रहेको छ जुन महिला तथा पुरुष दुवै ५०/५०% रहेको देखिन्छ । त्यसैगरी जम्मा घरधुरी संख्या ११,१२५ रहेको छ । (जि.वि.स. कार्यालय महोत्तरी, तथ्यांक शाखा)

## २.६ जनजीवन

यस जिल्लामा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् जसमध्ये जिल्लाको दक्षिणी भेगमा महतो, यादव, रौनियार, झा, कुशवाह, साह, मण्डल, मिश्र मुसहर, ठाकुर आदिको बाहुल्यता

रहेको देखिन्छ भने उत्तरी भेगमा ब्राह्मण, क्षेत्री, राई, लिम्बू, मगर, दमाई, कामी, माझी आदिको बाहुल्यता देखिन्छ साथै मारवाडीहरू समेत यस जिल्लामा रहेका छन् ।

## २.७ आर्थिक अवस्था

विशेष गरी कृषि उरुत्पादन हुने यस जिल्लामा विभिन्न किसिमका उद्योग व्यवसाय पनि संचालनमा रहेका छन् । ईटा उद्योग, चिनी उद्योग तथा अन्य घरेलु उद्योग व्यवसायसँगै तराई क्षेत्रमा माछा पालन र उत्तरी क्षेत्रमा कुखुरा, बंगुर, गाई, भैंसी, खसी, बाखाका साथै अन्य कृषिजन्य व्यवसाय यहाँको प्रमुख आयस्रोत हो । यसका साथै दक्षिणमा मटिहानी छोरी भन्सार र भिट्ठामोड भन्सार सहति अन्य छोरी भन्सार तथा उत्तरमा रहेको हरियो वन महोत्तरीको धन यस जिल्लाको प्रमुख आर्थिक आयश्रोत हो । समग्रमा कृषि तथा पशुपालन स्थानीय वासिन्दाहरूको मुख्य पेशाको रूपमा रहेता पनि अन्य व्यापार व्यवसाय समेतलाई अँगालेको देखिन्छ ।

## २.८ अन्नवाली

यहाँ कृषिजन्य उत्पादनको रूपमा उखु, धान, गहुँ, मकै, केराउ, मुसुरो, चना, रहरी, सुर्ती जस्ता अन्नपात रहेको छ । आँप, केरा, कटहमर, अम्बा, लिची, वयर जस्ता फलफूल तथा आलु, काउली, वोडी, सिमी, परवर, घिरौला, ओल, तरुल, भान्टा, मनुगा, मुला, सँग जस्ता तरकारीहरूको उत्पादन तथा विक्री गरेर यहाँको जनजीवनले आर्थिक अवस्था सुधार गरेको पाइन्छ ।

## २.९ यातायात तथा संचार

तराईको जिल्ला भएकाले यस जिल्लामा यातायातको राम्रो सुविधा छ । यस जिल्लाको मुख्य सडकहरूमध्ये पूर्व पश्चिम राजमार्गले पूर्वमा रातु खोलादेखि पश्चिममा बाँके खोलासम्म लगभग १८ कि.मि. सडक खण्डलाई छोएको छ । यसैगरी पूर्व पश्चिम राजमार्ग बर्दिवासबाट सदरमुकाम जलेश्वर जोड्ने हुलाकी मार्ग रहेको छ भने बर्दिवास-सिन्धुली-खुर्कोट-बनेपा काठमाडौं जोड्ने वि.पी. राजमार्गले समेत यस जिल्लालाई १२ कि.मि. रातु पुलसम्म छोएको छ ।यस जिल्लामा विभिन्न तहका हुलाक कार्यालयका साथै स्थानिय तहका टेलिभिजन, एफ.एम. स्टेशन, रेडियो नेपाल क्षेत्रीय प्रसारण लाइन गौरीडाँडा सहित टेलिफोन तथा सबैखालका मोवाइल नेटवर्कको सुविधा उपलब्ध रहेको छ । (बर्दिवास नगरपालिका कार्यालय (२०७३/०७४) **वार्षिक नगरविकास योजना,** महोत्तरी)

## २.१० शिक्षा

महोत्तरी जिल्लाको साक्षरता दर ४६ प्रतिशत रहेको छ । जसमध्ये पुरुषको ६३% र महिलाको ३७% रहेको छ । यस जिल्लामा पूर्व माध्यमिक तहका स्कुल ४१३ उच्च माध्यमिक विद्यलाय ४० र क्याम्पस ५ वटा रहेका छन् । यस जिल्लाको शैक्षिक स्तर तुलनात्मक रूपमा सन्तोषजनक रहेको छ । (बर्दिवास नगरपालिका कार्यालय (२०७३/०७४) **वार्षिक नगरविकास योजना,** महोत्तरी)

## २.११ भाषा

विविध जातजातीको बसोबास भएको यस जिल्लाको विशेष गरी दक्षिणी भागमा मैथिली र उत्तरी भागमा नेपाली भाषा बोलिनुका साथै अन्य जातजातिले आ आफ्नो मातृभाषा बोल्दछन् ।

## २.१२ धार्मिक परम्परा

यस जिल्लामा हिन्दु धर्मका अतिरिक्त बौद्ध, इशाई, मुस्लिम धर्मका अनुयायीहरू पनि छन् । धार्मिक सहिष्णुताको वातावरण भएको यस जिल्लामा कुने किसिमको जातीय भेदभाव भएको पाइदैन । हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता रहेको यस जिल्लामा धार्मिक हिसाबले सदरमुकाममा जलेश्वरनाथ महादेव, उत्तरी भेगमा अवस्थित टुटेश्वर महादेव मन्दिर सहित माइस्थान मन्दिर लगायत अन्य धेरै मठ मन्दिर पाइन्छ ।

परम्परागत हिन्दु संस्कारहरूको अनुसरण गर्ने यस जिल्लाका मानिसहरूले जन्मदेखि मृत्युसम्मका सबै संस्कारहरू मान्ने गरेका छन् । वडादशैं, तिहार, छठपर्व, विवाह पञ्चमी, माघे संक्रान्ति, शिवरात्री, होली, रामनवमी जस्ता चाडपर्वहरू मनाइन्छ । यी मध्ये पनि नवरात्र, दिपावली, छठ तथा होली विशेष आकर्षण तथा उत्साहका साथ मनाइन्छ । यसैगरी मुस्लिम समुदायमा मनाइने चाडहरू रमजान, वकरइद, मोहरम, ताजया आदि हुन् । यस बाहेक आ आफ्नो जातीय धार्मिक तथा सांस्कृतिक परम्पराअनुसार अन्य चाडपर्वहरू पनि उत्साहका साथ मनाइने गरिन्छ । यी चाडपर्वहरू सामाजिक सद्भाव कायम राख्न सहयोगी हुने गरेका छन् । चाडपर्व तथा मेलाले धार्मिक, सांस्कृतिक तथा सामुदायिक परम्पराको संरक्षणका साथै खुशीयाली साटासाट तथा मनोरञ्जनका लागि धेरै महत्त्व हुने गरेको छ ।

# तेस्रो अध्याय

# लोककथाको सैद्धान्तिक परिचय

## ३.१ लोककथाको परिचय र परिभाषा

लोक जीवनमा मौखिक परम्परा हस्तान्तरण हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र अरूले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । 'लोककथा' शब्दको प्रचलन लोक साहित्यका धारणाको विकासपछि भएको हो । लोकजीवनमा दन्त्यकथा शब्दको चलन पाइन्छ ।(चूडामणि बन्धु, **नेपाली लोकक साहित्य,** काठमाडौं एकता बुक्स, (२०५८) पृष्ठ २८४)

संसारका सबै पदार्थहरूमा जीवतत्त्व रहन्छ भन्ने आत्मशील धारणा, जादु, टुनामुना, धर्मबाट संसार परिचालित र निर्देशित छ भन्ने अनुष्ठानिक धारणा बोकेको सामुहिक अवचेतनको शब्दरूप लोककथा हो । त्यसैले यसमा लोकआस्था, लोक विश्वास, लोकसंस्कृति र सामाजिक रीतिरिवाजको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । लोककथामा कल्पना, तिलस्मी प्रवृत्ति र रोमाञ्चक तत्त्वहरू विद्यमान हुन्छन् । यस्ता तत्त्वहरूले लोककथाहरूलाई आकर्षक बनाई सामुहिक मनोरञ्जन दिने काम गर्दछन् भने यस्ता रोमाञ्चक तत्त्व भित्र निहित विषयहरूले प्रत्यक्ष अप्रत्यक्ष रूपमा लोकशिक्षा दिने काम पनि गर्दछन् । एउटा पुस्ताको ज्ञान अनुभव र कल्पना शक्तिलाई अर्को पुस्तामा हस्तान्तरण गर्ने काम पनि लोककथाबाटै हुन्छ । यो परम्पराको विरासतका रूपमा रहेको हुन्छ । 'एकादेशमा ...........' बाट प्रारम्भ भएको लोककथा 'भन्नेलाईफूलको माला' आदि लोकशैलीमा प्रस्तुत गरिन्छ ।(मोतीलाल पराजुली र जीवेन्द्र गिरी, **नेपाली साहित्यको रूपरेखा,** काठमाडौंः साझा प्रकाशन, (२०६८) पृष्ठ १७२)

लोककथा लोक र कथा दुई शब्दको संयोगद्वारा बनेको हो । यसको अर्थ हुन्छ लोकमा प्रचलित कथा । नेपाली लोकजीवनमा दन्त्यकथा कथाकुथुङ्ग्री, किस्सा, आहान, बात र सास्तर शब्दहरूलाई लोककथाकै अर्थमा प्रस्तुत गरेको पाइन्छ ।

लोककथा अङ्ग्रेजीको फोल्कटेल(Folktale) को नेपाली रूपान्तरण हो । यसलाई लोक साहित्यको सबैभन्दा पुरानो र लोकप्रिय विधाको रूपमा लिन सकिन्छ । परापूर्वकालदेखि हालसम्म लोककथा भन्न र सुन्न बालकदेखि वृद्धसम्म सबैले मन पराउने भएको कारणले पनि लोकप्रिय बन्न पुगेको छ । सबै भाषा जाति र क्षेत्रमा लोककथा दिनभरको थकाई मेटाउन बेलुका खाना खानु अघि वा खाना खाइसकेपछि प्रायः अँगेनामा चारैतिर आफ्ना परिवारका सदस्यहरू बस्ने अनि एउटाले कथा भन्ने त्यसपछि अरूले सुन्ने चलन परापूर्वकालदेखि हालसम्म कायम छ तर हाल अन्य

संचारका मनोरञ्जनका साधनका कारणले गर्दा यस्ता कथा भन्ने र सुन्ने परम्परा निकै कम भएको यथार्थलाई स्वीकार गर्न सकिन्छ । दिनभरको थकाई मेटाएर मनोरञ्जन लिने, बसिबियाँलो गर्ने दृष्टिबाट यसको ठूलो उपयोगिता र महत्त्व रहेको छ ।

लोककथा के हो ? यसको परिभाषा कस्तो हुन्छ ? यस बारेमा विभिन्न विद्वानहरूका विचारहरू मननयोग्य छन् । जो निम्न अनुसार छन्:

क) "लोककथामा मानवको अतित मात्र होइन, वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ" ( दिवस, २०३२)

ख) "विशेषत कल्पनाको धरातलमा अडिएका जनश्रुतिमा आधारित परापुर्वकालदेखि एकनास पुस्तौंपुस्ता मुखैमुख चलेर आएका कथाहरू नै लोककथा ह्न् ।" (थापा र सुवेदी, २०४१)

ग) "लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् ।" ( वन्धु,२०५८)

घ) "मौखिक वा श्रुतिपरम्पराद्वारा सम्प्रेषित अज्ञात रचनाकारको सङ्क्षिप्त सारगर्भित एवं सार्विक आख्यानात्मक गद्य संरचनालाई लोककथा भनिन्छ ।" (शर्मा र लुइटेल २०६३)

ङ) "लोककथा साहित्य सिद्धान्तको ज्ञान नभएका असचेत व्यक्तिद्वारा रचना गरिएको भए पनि यो लोकसाहित्यको एउटा निश्चित पद्धतिवद्ध मुख्य विधा हो ।" (पराजुली, २०७१)

माथिका सबै विद्वानहरूको परिभाषालाई हेर्दा लोककथा परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा हो । यसले बालकदेखि वृद्धसम्म सबैलाई मनोरञ्जन प्रदान गर्नुका साथै नैतिक शिक्षा पनि दिएको देखिन्छ ।

## ३.२ लाकेककथाको विशेषताहरू

लोककथा लोक साहित्यको आख्यान प्रधान गद्य विधा हो । आख्यानमुलक साहित्यमा हुने सबै विशेषताहरू लोककथामा पनि पाइन्छन् तर लोककथा लोक सांस्कृतिक धरातलमा निर्मित हुने हुँदा लोक जीवनका आस्था, विश्वास, व्यवहार र नवीन काल्पनिक संसारका अद्‌भुत विषयको चित्रण पनि यसमा पाइन्छ । यो ललितकला र लोककलाको मिश्रित रचना हो । त्यसैले यसका भिन्न विशेषताहरू पनि भेटिन्छन् ती विशेषताहरू यहाँ प्रस्तुत छन्:

**क)　　श्रुतिस्मृति परम्परा**

लोककथा श्रुतिस्मृति परम्परामा जीवित साहित्यिक अभिव्यक्ति हो । एकजनाले भन्ने रअरूले सुन्ने परम्परा रहेको तथा अतीतदेखि भनिँदै आएको हुनाले लोककथाको रचनाकार आत रहन्छ साथै यसको रचना समय पनि थाहा हुँदैन । लोककथा श्रुतिस्मृतिपरम्परामा जीवित रहेकाले यो परिवर्तनशील हुन्छ । लोककथा पुस्तौँपुस्तासम्म हस्तान्तरित हुँदै आएको श्रुतिस्मृतिपरम्पराको जीवित दस्तावेज हो । मौखिक परम्परामा जीवित हुनु र लोक प्रचलित प्रत्येक विषय र ज्ञानगुनका कुराहरूलाई समेटेर सम्पन्न साहित्यका रूपमा रहन सक्नु यसको मुख्य विशेषता हो ।

**ख)　　मङ्गलकामनाको भावना**

लोककथामा लोकसमाजलाई अमङ्गलबाट मङ्गलतिर, अज्ञानबाट ज्ञानतिर, वैराग्यबाट प्रेमतिर, छलकपटबाट सत्यतिर लाग्ने मार्ग निर्दिष्ट गरिएको हुन्छ । असत्यको बाटो लिने खलनायकलाई पनि सत्य र निष्ठातिर ल्याउने प्रयत्न गरिएको हुन्छ । विभिन्न प्राणी र बनस्पतीका बीचमा प्रेममय भावना फैलाएर सबै सुखी शान्त र सम्पन्न होउन् भन्ने मङ्गलकामना गरिएको हुन्छ । अझ सारभुत रूपमा भन्ने हो भने “सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयः सबै भद्राणि पश्यन्तु माकश्चित् दुःखभाग्जन” भन्ने भावनाबाट लोककथाहरू ओतप्रोत हुन्छन् । लोककथामा अतिरिञ्जित तत्त्व हुँदाहुँदै पनि समस्त विश्वको मङ्गलकामना गर्ने भाव यसभित्र अर्न्तगर्भित हुन्छ । यो लोककथाको मौलिक विशेषता हो । (मोतीलाल पराजुली र जीवेन्द्र गिरी, **नेपाली साहित्यको रूपरेखा,** काठमाडौं: साझा प्रकाशन, (२०६८) पृष्ठ १७८)

**ग)　　धार्मिक, नैतिक र सामाजिक चेतनाको प्रबलता**

लोककथा लोकसमुदायको ज्ञान र चेतनाको संवाहक हो । धार्मिक विषयवस्तु भएका लोककथाहरूले समाजमा धार्मिक तथा आध्यात्मिक चेतना, नीतिकथाहरूले नैतिक चेतना र सामाजिक लोककथाहरूले सामाजिक चेतनाको शिक्षा दिएका हुन्छन् । यस्ता कथाले श्रोतालाई असत्यबाट सत्यतिर, असामाजिक चिन्तनबाट सामाजिक चिन्तनतिर लाग्न अभिप्रेरित गर्दछ । ‘कालो बादलभित्र चाँदीको घेरा हुन्छ’ भने झैं परम्परा र रुढी बोकेका कथाहरूले पनि लोकजीवनमा चेतना फैलाएका हुन्छन् । धार्मिक, नैतिक र सामाजिक चेतना फैलाउनु लोककथाको विशेषता हो ।

### घ) रहस्य, रोमाञ्च तथा अलौकिकता

लोककथा अतिरञ्जित तत्त्वयुक्त आख्यान विधा हो । कुनै साधारण व्यक्ति, घटना र विचारले लोककथामा स्थान पाउदैन, लोककथा हुनको निम्ति अतिरञ्जित तत्त्व आवश्यक हुन्छ । यदि अतिरञ्जित तत्त्वभित्र रहस्य, रोमाञ्च र अलौकिक विषय प्रसङ्गहरूले भरिएका सामाग्रीहरू रहेका हुन्छन् । कुनै रहस्यमय कार्य, ठाउँ तथा घटनाहरूको वर्णन, अद्‌भुत तथा आश्चर्यजनक कार्य र अलौकिक चरित्रको वर्णनबाट उदीप्त हुने रोमाञ्चक तथा अलौकिक शक्ति प्रतिको विश्वास र प्रयोग लोककथामा पाइन्छ । यस्ता तत्त्वको प्रयोगले लोककथा रोचक, आकर्षक, रहस्यमय र आनन्द प्रदान गर्ने प्रकृतिको बन्दछ । यी विविध पक्षहरू लोककथाका विशेषताका रूपमा रहन्छन् ।

### ङ) औत्सुक्यता तथा कुतुहल प्रधान

लोककथामा रहस्य र रोमाञ्चले भरिएका घटना र चरित्रको प्रस्तुति रहन्छ । यी रहस्यहरूले श्रोताको मनमा उत्सुकता र जिज्ञासा पैदा गर्दछन् । त्यहि जिज्ञासा वा उत्सुकता नै कुतुहलता हो । प्रत्येक लोककथाले श्रोतामा उत्सुकता जगाउँछ । त्यसपछि के भयो
होला ? भन्ने आश्चर्यमय भाव जागृत गराई मानव मनलाई भावी घटनातिर केन्द्रित गराउँछ, जिज्ञासु भाव पैदान गर्दछ र सुनिरहूँ लागि रहन्छ । मानवमनमा उत्सुकता जगाउने र कुतुहलता पैदा गर्ने कारणले मानिसले एक पटक सुनेपछि लोककथा बिर्सदैन, निरन्तर स्मरण गरी रहन्छ । त्यसैले उत्सुकता र कुतुहलता लोककथाका विशेषताका रूपमा
रहन्छन् । (मोतीलाल पराजुली, **नेपाली लोक कथाः सिद्धान्त र विश्लेषण,** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन (२०७१) पृष्ठ ३६)

### च) मनोरञ्जनात्मकता तथा लोकप्रियता

लोककथाहरू लोकजीवनका मनोरञ्जनका माध्यम हुन् । कामले थाकेका समयमा थकानबाट मुक्ति लिन, मन बहलाउन, पीडालाई कम गर्न र मानसिक अवस्थालाई स्वच्छ राख्न लोककथाको प्रस्तुति गरिन्छ । विभिन्न विषयको रोचक रहस्यमुलक र अतिशयोक्तिमूलक वर्णन र श्रवणद्वारा मानिसले आफ्ना जीवनका अभाव र समस्यालाई बिर्सेर आनन्द प्राप्त गर्दछन् । मानवीय व्यवहार आदि कुराहरूले श्रोतालाई भरपुर मनोरञ्जन प्रदान गर्नु नै लोककथाको मुल विशेषता हो ।

लोककथाहरू लोकजीवनका लोकप्रिय अभिव्यक्ति हुन् । संसारका कुने पनि मानिस लोककथा सुन्न लालयित र उत्साहित र यिनका माध्यमबाट पर्याप्त मनोरञ्जन लिन्छ । एउटा समाजमा

प्रचलित लोककथा अर्को समाजमा भेटिनु, एउटै कथा २१६ भाषामा विभिन्न कथा रूपमा भेटिनाले पनि लोककथा कति लोकप्रिय रहेछ भन्ने प्रमाण दिन्छ ।

**छ) कल्पनाको प्रबलता**

लोककथा कल्पनाप्रधान साहित्य हो । यसको आख्यान काल्पनिक र अतिशयोक्तिमूलक हुन्छ । संसारको कुने पनि विषयलाई कल्पना र अतिशयोक्तिको आधार लिएर लोककथाको कथावस्तु र पात्रको सिर्जना गरिएको हुन्छ । वैज्ञानिक जगतमा सम्भव नै नहुने काल्पनिक लोककथामा हुने हुनाले यस्ता प्रवृत्तिलाई अविश्वास गरेको पनि पाइन्छ । तर यही काल्पनिकतालाई आधार बनाएर विज्ञानका नवीन आविष्कारहरू भएका पनि पाइन्छन् । कल्पनालाई पनि यथार्थ जगत्कै वास्तविक सत्य हो भन्ने विश्वास दिलाउनु लोककथाको विशेषता हो ।

**ज) सरल, सहज र स्वतः स्फूर्त भाषाको प्रयोग**

लोककथा स्थानीय कथ्य भाषामा प्रस्तुत गरिन्छ । यो भाषा सरल र सहज हुन्छ । साधारण अपठित जनताले पनि यसको भाषा सहज किसिमबाट बुझ्न सक्दछन् । लोककथाको भाषा कृत्रिम र आलङ्कारिक हुँदैन, वक्ताले स्वतः स्फूर्तरूपमा भाषिक अभिव्यक्ति प्रकट गर्दछ । अझ उखान, टुक्का र स्थानीय ठेट शब्दहरूको प्रयोग गरेर लोककथालाई जीवन्त बनाइएको हुन्छ । भूतकालीन क्रियापदको प्रयोग वर्णनात्मक शैली र स्थानीय भाषाका विभिन्न भेदहरू प्रयोग गरिनु लोककथाको भाषागत विशिष्टता हो । (मोतीलाल पराजुली, **नेपाली लोक कथाः सिद्धान्त र विश्लेषण,** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन (२०७१) पृष्ठ ३८)

**३.३ लोककथाका तत्त्वहरू**

कुनै पनि कलात्मक विधाहरूको निर्माणमा त्यसका आन्तरिक अंगहरूको समन्वय आवश्यक हुन्छ । लोककथा आख्यानयुक्त साहित्यिक विधा भएकोले यसको निर्माणमा पनि आख्यान साहित्यमा प्रयोग हुने तत्त्वहरूको संयोजन पाइन्छ । लोककथा निर्माण गर्न आवश्यक पर्ने अवयवहरूलाई लोककथाका तत्त्वहरू भनिन्छ । अवयवहरूको आवश्यक व्यवस्थापन गरेपछि मात्र कथाको निर्माण हुन्छ । तत्त्वको अभावमा कथा पुरा नहुने भएकाले यसलाई आवश्यक तत्त्वको रूपमा लिन सकिन्छ । लोककथाका आवश्यक तत्त्वहरू यस प्रकार छन् :

### क) कथानक

कथानक घटनाहरूको शृङ्खलित व्यवस्था हो । लोककथाको कथानक सरल घटनाबाट शुरु भएर बिचमा विभिन्न मोड उपमोडहरू विकसित हुँदै अन्त्यमा संयोग वा वियोग भएर कथा टुङ्गिन्छ । यी घटनाहरू रोचक, रोमाञ्चक, कुतूहलपूर्ण र उत्सुकता जगाउने प्रकृतिका हुन्छन् । प्रायः पौराणिक ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा अति काल्पनिक विषय स्रोतबाट लोककथाहरू निर्मित हुन्छन् । कथाको प्रारम्भमा एकादेशमा .......... परापूर्वकालमा .......... आदि र अन्त्यमा सुन्नेलाई सुनको माला ........ आदि लोकशैलीको प्रयोग गरिएको हुन्छ ।(मोतीलाल पराजुली र जीवेन्द्र गिरी, **नेपाली साहित्यको रूपरेखा,** काठमाडौंः साझा प्रकाशन, (२०६८) पृष्ठ १८१)

### ख) अभिप्राय

लोककथामा प्रयोग हुने घटना, कार्य, चरित्र र विश्वासहरू जुन वारम्बार दोहोरि रहन्छन्, त्यस्ता परम्परित रुढ तत्त्वहरूलाई अभिप्राय भनिन्छ । सामान्यतः विशिष्ट वा असमामान्य घटना, चरित्र कार्य तथा विश्वासहरू मात्र अभिप्राय हुन् । उदाहरणार्थः एउटा जादुगर उड्ने खाट माथि बसेर सूर्यभन्दा पूर्व र चन्दमा भन्दा पश्चिमको देशतिर गयो । यस वाक्यमा जादुगर एउटा चरित्र हो । उड्ने खाट असाधारण वस्तु हो । सुर्यभन्दा पूर्व र चन्द्रमाभन्दा पश्चिम असाधारण ठाउँ तथा त्यस दिशातर्फ जानु असाधारण कार्य हुन् । यस वाक्यमा माथि उल्लेखित चार वटा अभिप्रायहरू रहेका छन् ।(मोतीलाल पराजुली, **नेपाली लोक कथाः सिद्धान्त र विश्लेषण,** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन (२०७१) पृष्ठ ४१-४२)

### ग) पात्र/चरित्र

लोककथामा कथावस्तुमा रहेका घटना र विचारहरूलाई संवहन गर्नृ सक्ने पात्रहरूको व्यवस्था गरिएको हुन्छ । सामान्यतः असाधारण चरित्र, खुवी शारीरिक बनोट, चतुऱ्याई र विशेष शक्ति भएका असामान्य चरित्रहरू लोककथाका पात्रका रूपमा रहन्छन् । सामान्य मानिस लोककथाको पात्र हुन सक्दैन, उसमा कुनै असाधारण खुवी वा विशेषता हुनै पर्छ । जस्तैः एकमाना चामलको भात खाने मानिस लोककथाको पात्र हुन सकदैन तर १८ माना चामलको भात खाने मानिस लोककथाको पात्र हुन्छ । यस्तै अतिरञ्जित तत्त्व र खुवी भएको पात्रहरूको प्रयोगबाट लोककथाहरू रोचक र आकर्षक हुन्छन् । यस्ता पात्रमा मानिस, मानवेतर प्राणी देवी देवता, राक्षस, भूत प्रेत, वोक्सी, वनस्पति तथा पदार्थलाई पात्र बनाउने प्रचलन पाइन्छ । लोककथामा प्रयोग हुने

सबै प्रकारका पात्रहरू शक्तिशाली हुन्छन् । त्यो शक्ति निम्नानुसार हुन्छन् दिव्य शक्ति अर्द्धदैविक शक्ति, अद्भुत शक्ति र सामान्य शक्ति गरी चार प्रकारका शक्ति पाइन्छन् ।

कुनै प्राणी वा पदार्थमा रहेको दैवि शक्तिलाई दिब्य शक्ति भनिन्छ । भूत, प्रेत, पिसाच, अप्सरा, बोक्सी, तान्त्रिक ऋषि महर्षिहरू, सांस्कृतिक नायक आदिमा अर्द्धदैविक शक्ति भएको विश्वास गरिन्छ । अद्भुत पराक्रम आश्चर्यजनक काम गर्न सक्ने मानिसमा असाधारण शक्ति भएको विश्वास गरिन्छ । सामान्य मानिसमा सामान्य शक्ति रहन्छ । लाटो बुड्गो, लङ्गडो, अन्धो आदि पात्रमा न्यून शक्ति भएको विश्वास गरिन्छ । लोककथाको कथावस्तुमा आवश्यक पर्ने शक्ति भएको पात्रलाई नै नायक/नायिका बनाउने प्रचलन पाइन्छ । लोककथामा प्रयोग हुने पात्र व्यवस्था निम्नानुसार हुन्छ । (मोतीलाल पराजुली र जीवेन्द्र गिरी, **नेपाली साहित्यको रूपरेखा,** काठमाडौंः साझा प्रकाशन, (२०६८) पृष्ठ १८३)

**क) मानिस पात्र**

लोककथामा मानिसलाई पात्रका रूपमा प्रयोग गरिएको हुन्छ । यस्ता पात्रहरू चार प्रकारका हुन्छन् । दिव्य मानव, अतिमानव, मानव र अर्धमानव ।

**ख) दैवी पात्र**

दिब्य शक्ति भएका पात्रलाई दैवी पात्र भनिन्छ । ईश्वर, देवी देवताहरूमा दिब्य शक्ति हुने र त्यसैका आधारमा असम्भव कार्य गरेको चित्रण पाइन्छ । यस्ता पात्रहरू धार्मिक कथा, पौराणिक कथा र अनुश्रुति कथामा प्रयोग गरिन्छ ।

अप्सारा, यक्ष, किन्नर, नागकन्या, राक्षस, भूतप्रेत, बोक्सी आदिमा अर्द्धदैविक शक्ति भएको विश्वास गरिन्छ ।

**ग) पशुपक्षी र सरीसृप पात्रहरू**

लोककथामा पशुपक्षी, सरीसृप तथा किटपतङ्गरहरू पनि पात्रको रूपमा प्रयोग गरिएको पाइन्छ । चारखुट्टे जनावरहरू पशु वर्गमा, पखेटा भएका उड्ने जीवहरू पंक्षी वर्गमा र जमिनमा घस्रेर हिड्ने जीवहरू सरीसृप वर्गमा पर्दछन् । यस्ता पात्रहरू पनि दैविक शक्ति भएका र सामान्य गरी दुई प्रकारका हुन्छन् ।

**घ) निर्जीव पात्रहरू**

लोककथामा वृक्ष वनस्पति र पदार्थलाई पनि पात्र बनाइएको हुन्छ। निर्जीव पदार्थहरू पनि मानिसझैं गरी बोल्न, हिंड्न, काम गर्ने, सम्वेदना ग्रहण गर्न सक्दछन्। वर, पिपल, शमी, सिमल, देवदारु, कल्पवृक्ष आदि वनस्पती र ढुङ्गो, खोलानाला, समुन्द्र, पहाड आदि पदार्थहरू पनि लोककथाका पात्रका रूपमा प्रयोग भएको पाइन्छ।

**घ) परिवेश**

लोककथामा कुनै पनि पात्रको कृयाकलाप गर्ने र घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ। ठाउँ र समयका साथै स्थान विशेषको वा समय विशेषको वा समय विशेषको रीतिस्थिती, आचरण व्यवहार र रहनसहन, विश्वास मान्यता, प्राकृतिक पृष्ठभूमि, भौगोलिक अवस्थिति, जीवन र सोचाई आदि पनि परिवेश भित्र नै पर्दछन्। लोककथामा प्राय स्थानिय परिवेशको विशेष महत्त्व रहेको हुन्छ। लोककथामा एकादेशमा, घर खेत, दैलो, आँगन आदि सामान्य कथा स्थल हुन। बिहान, दिउँसो, राती, परापूर्वकाल आदिलाई कथा समय भनिन्छ। लोककथामा लौकिक र अलौकिक गरी दुई प्रकारको परिवेशको चित्रण पाइन्छ। पृथ्वी भित्रको वातावरणमा घटित हुने घटनाहरू लौकिक परिवेशमा र पृथ्वीभन्दा बाहिर पृथक लोकहरूमा घटित हुने घटनाहरू अलौकिक परिवेशमा वर्णन गरिएको पाइन्छ।

**ङ) कथोपकथन**

दुई पात्रहरूका बिचमा भएको कुराकानीलाई कथोपकथन भनिन्छ। नाटकमा संवादबाट प्रस्तुत गरिने कुराहरू आख्यान साहित्यमा कथोपकथनका माध्यमबाट व्यक्त गरिन्छ। लोककथामा पनि कथोपकथनको प्रयोग पाइन्छ। लोककथाका पात्रहरू कथोपकथनका माध्यमद्वारा विचारको विनिमय गर्दछन्। देवीदेवता, मानिस, पशुपंक्षी, भूतप्रेत, राक्षस, वृक्ष वनस्पती र पदार्थहरू पात्र भएर मानिस झैं बोल्दछन् र कथालाई रोचक तथा प्रभावकारी बनाउँछन्। कुनै कुनै कथामा त गीति कथोपकथनद्वारा भावको उत्कर्ष भएको पनि पाइन्छ। यो लोककथाको अनिवार्य तत्त्व भित्र रहेको छ।

**च) द्वन्द्व**

कुनै दुई चरित्रहरूका बिचमा भएको वैचारिक संघर्ष वा दुई विपरीत चरित्रहरूका बिचमा भएको शक्ति संघर्षलाईद्वन्द्व भनिन्छ। वैचारिक संघर्षलाई आन्तरिक द्वन्द्व र शक्ति संघर्षलाई वाह्य

द्वन्द्व भनिन्छ । खासगरी सत्पात्र र असतपात्रका बिचमा छन्द भएको चित्रण बढी पाइन्छ । कथामा प्रयोग भएको द्वन्द्वले लोककथा रोचक, कुतुहलपूर्ण, आकर्षक र मनोरञ्जक बन्न पुगेको पाइन्छ ।

**छ) उद्देश्य**

लोककथामा कुनै एउटा उद्देश्य राखिएको हुन्छ । लोककथाहरू सामान्यतः मनोरञ्जनका निम्ति प्रस्तुत गरिन्छन् तापनि नैतिक शिक्षा दिनु, धर्मको प्रचार र व्याख्या गर्नु, नैतिक तथा व्यावहारिक शिक्षा दिनु, दुःख निवारण गर्नु आदि उद्देश्यहरू पनि लोककथामा रहेको पाइन्छ । त्यसैले मनोरञ्जन, धर्म नैतिक र व्यावहारिक शिक्षा दिनु, दुःख निवारण गर्नु आदि लोककथाको उद्देश्य रहेको पाइन्छ ।

**ज) शैली**

लोककथा प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । प्रायः लोककथाहरू वर्णनात्मक शेलीमा नै प्रस्तुत गरिन्छन् । केहि लोककथाहरू गर्भ कथात्मक शैलीमा निर्मित छन् । धेरै लोककथाहरू एउटै शृङ्खलामा उनिएर विशाल हुनु गर्भ कथात्मक शैली हो । केहीलोककथाहरू क्रम संवर्द्धनात्मक शैलीमा बनेको पनि पाइन्छ । एउटा घटना वा विचार क्रम संवद्धन हुदै कलात्मक रूपमा बढ्दै कथा निर्मित हुन्छ भने त्यस्तो कथालाई क्रमसंवर्द्धनात्मक कथा भनिन्छ । सबै प्रकारका लोककथाहरूको प्रस्तुति शैली लोकशैलीको हुने गर्दछ । एकादेशमा .......... वा परापूर्वकालमा ......... बाट कथा प्रारम्भ हुन्छ र अन्त्यमा सुन्नेलाई सुनको माला ..... आदि लोकशैलीमा नै यसको विश्रान्ति हुन्छ । ( मोतीलाल पराजुली र जीवेन्द्र गिरी, **नेपाली साहित्यको रूपरेखा,** काठमाडौंः साझा प्रकाशन, ( २०६८) पृष्ठ १८६)

**झ) भाषा**

लोककथा लोकभाषामा प्रस्तुत गरिन्छ । स्थानीय भाषा भाषिकामा लोककथा प्रस्तुत गरिने हुनाले यसमा स्थानीयताको प्रभाव पर्दछ । यो कथ्य भाषामा प्रस्तुत गरिन्छ । स्थानीय स्तरमा प्रचलित उखान टुक्का, गाउँखाने कथा र ठेट लोक शब्दहरूको प्रयोग हुने हुँदा लोककथाको भाषा विशेष महत्त्वको रहेको हुन्छ । प्रायः भूतकालिन क्रियापदको प्रयोग गरिने र कथायिताद्वारा तृतीय पुरुष शैलीमा प्रस्तुत गरिने हुँदा सबैजसो लोककथाहरूको भाषिक प्रयोगमा उस्तै उस्तैपन भेटिन्छ ।

## ३.४ लोककथाको वर्गीकरण

लोककथामा लोकजीवनमा प्रचलित विभिन्न विषयहरू तथा अति कल्पनाका माध्यमबाट रचना गरिएका धेरै प्रकारका विषयहरूको चित्रण गरिएको हुन्छ । विषय प्रयोगका दृष्टिले लोककथाको क्षेत्र धेरै विशाल छ । त्यसैले यसको वर्गीकरण गर्नु निकै कठिन हुन्छ । लोककथाहरू कति प्रकारका हुन्छन् भन्ने बारेमा धेरै विद्वानहरूले आ आफ्ना आधारहरू प्रस्तुत गर्दै लोककथाको वर्गीकरण गरेको पाइन्छ । सार्लेट सोफिया वर्न, एन्टी आर्ने र स्टिय थम्प्सन, तुलसी दिवस र चूडामणि बन्धु आदि विद्वान्हरूले आ आफ्नै तरिकाले लोककथाको वर्गीकरण गरेका छन् । यिनीहरूको वर्गीकरणको सङ्क्षिप्त रूपरेखा निम्नानुसार रहेको छ :

बेलायती विदुषी सालैट सोफिया वर्नले 'द ह्याण्ड बुक अफ फोकलोर' (१९१३) मा लोककथालाई दुई वर्गमा विभाजन गरेकी छन्:

१. सत्यका रूपमा भनिने कथा - पौराणिक कथा र अनुश्रुति कथा

२. मनोरञ्जनका निम्ति भनिने कथा- लोककथा, परिकथा, गीति कथा, पशुपक्षीका कथा, हास्यकथा, क्रम संवर्द्धनात्मक कथा र उक्ति प्रमाण कथा । यिनले लोककथालाई मुलतः दुई प्रकारमा विभाजन गरेपनि नौ प्रकारमा विभाजन गरेको देखिन्छ ।

एन्टी आर्ने र स्टिथ थम्प्सनले 'द टाइम्स अफ द फोकटेल्स' (१९६१) कृतिमा लोककथालाई पाँच वर्गमा विभाजन गरेका छन् :

क) पशुपक्षीका कथा

ख) सामान्य लोककथा

ग) ठट्टा र उखानसम्बन्धी लोककथा

घ) क्रम संवद्धित तथा सुत्रकथा

ङ) अवर्गीकृत कथा

यिनीहरूले विस्तृत सुचिसहित लोककथाका आधारहरू पनि निर्धारण गरेका छन् ।

नेपाली लोककथाका अध्येता तुलसी दिवसले 'नेपाली लोककथा (२०३२) पुस्तकमा लोककथालाई १० वर्गमा विभाजन गरेका छन्:

१. सांस्कृतिक ऐतिहासिक लोककथा

२. अर्ती उपदेश लोककथा

३. पशुपक्षीका लोककथा

४. मानवका विशेष स्वभाव र प्रकृतिका लोककथा

५. अतिमानवीय रूपका लोककथा

६. दैवी लोककथा

७. फलफूलका लोककथा

८. साहस तथा बहादुरीका लोककथा

९. धार्मिक लोककथा र

१०. विविध लोककथा

चूडामणि बन्धुले 'नेपाली लोक साहित्य' (२०५८) कृतिमा लोककथाका प्रवृत्तिहरूको व्याख्या गर्ने क्रममा लोककथालाई प्रवृत्तिगत आधारमा वर्गीकरण गरेको पाइन्छ । वन्धुका अनुसार लोककथाका दुई प्रवृत्ति हुन्छन् ।

क. सत्यका रूपमा भनिने कथाहरू - पौराणिक कथा र अनुश्रुति कथा हुन । यस्ता कथामा धार्मिक आस्था रहने गर्दछ ।

ख. मनोरञ्जनका निम्ति भनिने कथाहरू- भूतप्रेत र राक्षसका कथाहरू, परिकथा, पशुपंक्षीका कथा, तन्त्र कथा, नीति कथा, चलखोका कथा आदि । यस्ता कथाहरू मनोरञ्जनका निम्ति प्रस्तुत गरिन्छन् । यो वर्गीकरण सार्लेट सोफिया वर्नको बिचारसँग नजिक छ ।

नेपाली लोककथालाई उद्देश्यगत र विषयगत आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

### ३.५ उद्देश्यमुलक (प्रयोजनगत) वर्गीकरण

लोककथा प्रस्तुत गर्ने उद्देश्यलाई आधार बनाउँदा मुलतः तीन वर्गमा वर्गीकरण गर्न सकिन्छः:

**क) पौराणिक (धार्मिक) लोककथा**

ब्रह्माण्डको सृष्टि, स्थिति र प्रलय तथा विशेषताहरूको वर्णन गरिएको, धर्म दर्शनको व्याख्या भएको, व्रतको व्यवस्था गरिएका, स्थानीय देवीदेवताको उत्पत्ति र स्वभाव तथा कार्यहरूको वर्णन गरिएका र धार्मिक आस्था भएका कथाहरू पौराणिक कथा हुन् । यस्ता कथाहरूमा लोकले धार्मिक आस्था र विश्वास राख्दछ ।

## ख) मनोरञ्जन प्रधान लोककथा

लोककथाहरू मूलतः मनोरञ्जनका निम्ति प्रस्तुत गरिन्छन् । यस्ता कथामा अतिरञ्जित र रोमाञ्चक तत्त्वको प्रवलता रहन्छ । यस्ता कथाहरू हुन् - परी तथा अप्सराका कथा, जादु तथा टुनामुनाका कथा, भूतप्रेत र राक्षसहरूका कथा, ठगी तथा चलाखीका कथा, मुर्ख्याइँ तथा विश्वासघातका कथा, हास्यकथा आदि । यस्ता कथाको श्रवणले श्रोताले मनोरञ्जन र आनन्द प्राप्त गर्दछन् ।

## ग) शैक्षिक प्रयोजनका निम्ति निर्मित लोककथा

समाजका सदस्यहरूलाई कुनै निश्चित विषयको ज्ञान दिने हेतुले पनि लोककथाको रचना गरेको पाइन्छ । हुन त प्रत्येक लोककथाहरूले कुनै न कुनै शिक्षा वा ज्ञान दिएकै हुन्छ तर शैक्षिक प्रयोजनका निम्ति निर्मित लोककथाहरू यस वर्गमा पर्दछन् । खास गरी नीतिकथा र उपदेश कथाहरू शैक्षिक प्रयोजनका निम्ति नै रचना गरिएका हुन् । नेपाली लोकजीवनमा प्रचलित पञ्चतन्त्रका कथाहरू, शिक्षा, डोको, छोरालाई अर्ती आदि कथाहरू शैक्षिक प्रयोजनका निम्ति नै निर्माण गरिएका हुन् ।

## ३.६ विषयगत वर्गीकरण

लोककथामा वर्णन गरिएको विषयलाई आधार बनाउँदा लोककथाहरू चार वर्गका हुन्छन् ।

## क) पौराणिक लोककथा (पुराकथा/मिथक)

पौराणिक कथा (मिथक) मा ब्रह्माण्डको सृष्टि, स्थिति र प्रलयका बारेमा वर्णन गरिएको हुन्छ । देवीदेवता, मानिस, प्राणी र पदार्थहरूको उत्पत्ति, विशेषता र स्वभावको वर्णन गरिएको हुन्छ । धर्म, व्रत र तन्त्रका माध्यमद्वारा उपचार गर्ने विधि र धार्मिक महत्त्वका विषयको वर्णन गरिएको हुन्छ । यस्ता कथामा धार्मिक तत्त्व बढी रहन्छ । त्यसैले यस्ता कथालाई आस्था र श्रद्धाका साथ भन्ने र सुन्ने गरिन्छ ।

## ख) अनुश्रुति कथा

इतिहास, संस्कृति र लोक परम्पराको मिश्रण भएका, प्राचीन राजा, जातीय वीर पुरुषहरू, देवी देवताका मन्दिर तथा पहाड, खोलानाला, हिमाल आदिको ऐतिहासिक किंवदन्तीको चित्रण गरिएको कथाहरू अनुश्रुति कथा हुन् । यस्ता कथाहरूले बताएको इतिहास सत्य हुन पनि सक्छ र

काल्पनिक तथा आधारहिन हुन पनि सक्छ । यस्ता कथाहरू सम्बन्धित जाति र क्षेत्रमा बढी प्रचलनमा हुन्छन् ।

**ग) सामाजिक लोककथा**

समाजमा भए घटेका घटनाहरूलाई कलात्मक रूपमा वर्णन गरी प्रस्तुत गरिने कथाहरू सामाजिक लोककथा हुन् । यस्ता कथाहरू यथार्थका नजिक रहेका हुन्छन् । प्रेमकथा, अर्ती उपदेशका कथा, नीतिकथा, घरपरिवार सम्बन्धी कथा, समाजका विशिष्ट वर्ग वा जनसामान्यका बारेमा बनेका कथा, ठगी तथा चलाखीका कथा, लाटाबुङ्गाका कथा आदि सामाजिक लोककथा हुन् । नेपाली समाजमा यस्ता कथाहरू प्रशस्त पाइन्छन् ।

**घ) अतिरञ्जित/अति काल्पनिक लोककथा**

लोककथाहरू प्रायः अति रञ्जित नै हुन्छन् तापनि पराप्रकृतिको चित्रणद्वारा अतिरञ्जित बन्न पुगेका तथा पृथ्वीमा नै रहेका प्राणी पदार्थलाई पनि अतिकल्पनाका माध्यमबाट अतिरञ्जित बनाई रचना गरिएको लोककथाहरू यस वर्गमा पर्दछन् । रहस्य र रोमाञ्चले भरिएका यस्ता कथामा बहुलोक सम्बन्धी मान्यता पाइन्छन् र विषयवस्तु अपत्यारिलो र रोचक हुने गर्दछ । परी तथा अप्सराका कथा, नाग र नागकन्याका कथा, बोक्सी तथा जादु टुनामुनाका कथा, वृक्ष वनस्पती तथा पदार्थलाई पात्र बनाइएका अतिरञ्जित विषय भएका लोककथाहरू यस वर्गमा पर्दछन् ।(मोतीलाल पराजुली र जीवेन्द्र गिरी, **नेपाली साहित्यको रूपरेखा,** काठमाडौंः साझा प्रकाशन, (२०६८) पृष्ठ ८७-८८)

# चौथो अध्याय

## लोककथा सङ्कलन र विश्लेषण

### ४.१ मणिफूलको कथाको मूल पाठ

एकादेशमा हिरन्यब्रह्म नाम गरेका राजा थिए । ती राजाका दुइटी श्रीमती थिए । एउटीको नाम चाँही रुचि, अर्किको नाम सुरुचि थियो । सुरुचिको एउटा छोरो र रुचिको पनि एउटा छोरो थियो । कान्छी श्रीमतीले राजालाई भनिछे, मलाई सबै दिन सोह्र वर्षे पार्नु पर्‍यो भनेर । अनि राजाले भनेछन्, त्यसो भए सोह्र वर्षे भइरहन के गर्नुपर्छ म सोध्छु भन्दै सबैतिर सोधेपछि एउटा फूल हुन्छ त्यो फूल सुँघाइदिएपछि सोह्र वर्षे हुइन्छ भनेपछि अहो कुन फूल होला त्यस्तो भनेपछि त्यसो भए ल बुबा, मुमा तपाईंहरूले ताप मान्नु पर्दैन, म त्यो फूल ल्याइदिन्छु भनेर रंग रंगका गाडा लिएर चाँही कान्छी पट्टिको छोरो बनमा फूल टिप्न गएछ । आमालाई सोह्र वर्ष पार्नको लागि कान्छीको छोरो बनमा फूल टिप्न गएपछि कान्छी आमा सोह्र वर्षे हुने भई । लौन बाइ मलाई पनि सोह्र वर्षे बनाइदेऊ भनेर भनिछ जेठीले छोरालाई। यसरी जेठीले आफ्नो छोरोलाई भनेपछि छोरा तरबार भिरेर बन गएछ । जाँदाजाँदै बेलुका ठुला आटब्य बनका चौडीमा अर्काको गाडाहरूको लस्करै लाइन थियो । ऊ चाँही एक्लै गएको थियो । त्यहाँ गएपछि भाइसँग भेट भयो । अनि खेरि लु अब चाँही कता जाने हो त भाइभन्दा अब यही बनमा फूल टिपेर जम्मा गर्ने भनेपछि लु अब त्यसो भएदेखि दुई जनामा जो चाँही अघि भएपनि यही चौडीमा बास बस्ने है । यहीं भेट हुने है । भेट नभइकन नजाने है भनेर अनि त्यो दुइटाले सल्लाह गरेछन् । अनि त्यो कान्छीको छोरा र जेठीको छोरा चाँही तरबार भिरेर दक्षिणको बाटो गएछन् अनि जाँदा जाँदा धेरै आटब्य ठूलो चाइने समुन्द्रको छेउमा पुगेपछि राजाको छोरी चाँही मरेर घाटमा ल्याएको रहेछ । त्यो दिन जलाउन नहुने रछ भोलिपल्ट मात्रै जलाउनु पर्दो रहेछ । त्यसलाई त्यसै छोडेर मलामीहरू गएछन् । त्यहाँको नियम नै त्यस्तै रहेछ भोलिपल्ट जलाउने । त्यो जाँदा-जाँदा त्यही घाटमा पुगेछ । त्यै बास बस्नुपर्‍यो भनेर यसो हेरेको मरेको मान्छे सुताको छ । यो के रहेछ अचम्म ! मान्छे सुताको छ भनेर ऊ चाँही एउटा कुनामा गएर लुकेर डरले बसेछ । अनि राति भएपछि ठूलो समुन्द्र पारीबाट चाँही झ्याम् झ्याम् आवाज गरी खराउ लगाएर राक्षस आयो र त्यो केटीलाई सेतो पानसको बत्तिबाट झल्ल बत्ति बाल्यो बत्ति बालेपछि केटी चाइने बिउँझी । ब्युँझेपछि त्यो केटीसँग गफ गर्‍यो, कुरा गर्‍यो, रातभरी केटीसँगराक्षसले । अब तँ पनि गइहाल्छेस् हाम्रै लोकमा भनेर भन्यो, अनि कालो बत्ति निकालेर बत्ति बाल्यो, केटी मरेर जस्ताको त्यस्तै भई अनि मरेपछि चाइने राक्षस उता फर्केको थियो उसले

तरबारले भ्याम्मै हानिदियो । हानेपछि च्वाट्टै पारिदिएछ र त्यसलाई मारिदिएछ । अनि त्यसको सेतो बत्ती र कालो बत्ती अनि खराउ पनि झोलामा हालेछ ।

भोलिपल्ट सारा गाउँले आएर केटी डडाउन खोज्दा उसले भन्यो कि यसलाई नडडाइदेऊ भनेर । किन नडडाउनु हाम्रो त यहाँ चलन यही छ । हिजो ल्याएर लास हामीले यहाँ राख्यौं । आज आएर डडाउने चलन छ भने मलामीहरूले । अनि उसले भन्यो कि मलाई एकपटक केही गर्न दिनुस् त भन्यो । एउटा ओड्ने ओडेर भित्र यसो एउटा बत्ति बालिदियो जस्ताको त्यस्तै भइछे केटी । त्यो सेतो बत्ति बालेपछि केटी जागिछे । अनि मलामीहरू छक्क परे । ज्युँदो मान्छेलाई डडाउनु भएन भनेर, यो केटाले यसलाई बचाको हो । यसैसँग बिहे गरिदिउँ । यसको घर कहाँ हो ? भनेर सोधे । मेरो घर अन्तै छ कहाँ हो कहाँ छ धेरै टाढा छ भन्यो । पछि बिहे गऱ्यो । बिहे गरेपछि एक दुई दिन बस्यो । अनि खेरीसबै विवरण खोलेर चाँही भनेन । त्यो खराउ चाँही आफूले लियो । कालो बीत्त र सेतो बत्ती चाँही त्यही केटीलाई गुप्त तरिकाले कसैलाई नदेखाउनु भनेर त्यसैलाई दिएर फेरि बाटो लाग्यो । अनि त्यो खराउ लाएर ठूलो समुन्द्र पारीको गाउँमा पुगेछ । पारीपट्टि राज्यमा पुगेपछि दिनमा एउटा मान्छे चाँही बलि दिनुपर्दो रहेछ राक्षसलाई बेलुका चाइने एउटा घरमा पुगेछ । त्यो घरमा पुगेपछि त्यही घरको मान्छेको पालो आइपुगेको रहेछ बलि दिनलाई । बुहारी भन्दिरहिछे ससुरा, सासु श्रीमान बसेर खाओ म जान्छु, भोलि हाम्रो पालो परेछ, म जान्छु मर्नलाई भन्दिरहिछे । किन हुन्थ्यो, म बुढो भइसकेको छु, म जान्छु भन्दो रहेछ ससुरो । होइन म जान्छु भन्दिरछे सासु फेरिश्रीमान भन्दो रछ म जान्छु । तिनीहरूको हानाथाप पऱ्या रछ घरमा । होइन तपाईंहरूको यो के को हल्लिखल्ली हो भनेर त्यो परदेशी चाँही त्यो घरमा पुग्यो। हाम्रो यस्तो यस्तो भोलि पालो पऱ्याछ हजुर । राक्षस आउँछ, दिनको एउटा मान्छे दिने गरेको छ । एक मुरी नून, एउटा राँगो, एक मुरी चामल, एउटा मान्छे दिनङ्गे दिने गरेको छ । अनि हाम्रो भोलि पालो परेको छ । त्यही हुनाले को जाने त अब मर्नलाईराक्षसले खानलाई को जाने त अनि हाम्रो यहि विषयमा हानाथाप परेको हो । तिमीहरूले चाँही मीठो मीठो खानु म जान्छु भनेर त्यो परदेशीले भन्यो । तपाईं परदेशी मान्छे कहाँ जानु । त्यसोभए म जान्छु मलाई टन्न मीठो खान दिनुहोस् न परदेशीले भनेपछि अनि खेरी उनीहरले मीठो मीठो खान दिएछन् र अनि त्यो गएछ । अनि त्यो राक्षसले खानेठाउँमा त्यो गएर चाइने भन्यो मलाई अब बाँध्नु ओर्नु पर्दैन । यतिकै बस्छु भनेर एउटा खम्बा रछ, त्यहीँ खम्बामा चाइने बसिराखेको थियो । अनि राक्षस आयो खानलाई । राक्षस आएर चाइने भ्याम्म् भ्याम् पारी पट्टिबाट आयो । पहिले चाइने त्यो चामल झरप्पै खायो अनि त्यो एकमुरी नून भ्याम्मै खायो । त्यो

खाइसकेर राँगो खाको बेलामा घाँटीमा राँगो पुगेको बेला त्यसले तरबारले बजारेछ र छ्याम्मै काटिदिएछ त्यो खुत्रुक्कै परेपछि चाइने भोलिपल्टबाट त्यहाँका मान्छेले बलि दिनुपरेनछ ।

त्यसपछि यसको एउटी राम्री केटीसँग बिहे गरिदिउँ यसले हाम्रो यस्तो उद्धार गरो भनेर बिहे गरिदिए । त्यहाँ पनि केही समय बसेपछि भन्यो म पछि फर्केर आउँला तिमीलाई म लिएर जाउँला भनेर छोडेर फेरि गयो । जाँदाजाँदा समुन्द्र कटेर पारीपट्टीको गाउँमा पुग्यो । त्यो गाउँमा पनि फेरि राक्षसले सारा मान्छे खाइसकेर एउटी केटी मात्रै बाँकी रहिछे । त्यो दरबारभित्र बसेकी रहिछे । माथिबाट उसले चाँही राक्षसले नदेख्दै उसले पहिला देखिछ । अनि ए दाइ ए दाइ यता आउनु, भित्र आउनु, भित्र बस्नु भन्ने बित्तिकै राक्षसले ठाडा ठाडा कान लगाइ हालेछ । उसको पालो हतनपत्त भित्र पस्ने बित्तिकै ढोका घरम्मै लाइहालिछे । फलामको ढोका घराम्म लगाएपछि बाहिर राक्षसहरू खुब खुशी भए । याँ त एउटा सिकार थपियो । खुब गनाको छ । अब भने मोजले खाइन्छ भनेर भनेछ । अनि भन्दाभन्दै बाहिरबाट ती राक्षसहरू खुब गुनगुनाउन थाले । अनि केटीले भनी कि तपाईं को हो ?तपाईंको घर कहाँ हो ? कहाँ हिड्नुभएको ? के कारणले हिड्नु भएको ? भनेर चाँही केटीले सोधी र उसले पनि विस्तार लगायो । मेरी आमाहरू दुईटी छन् । म चाँही जेठीको छोरो कान्छीको छोरो फूल खोज्न भनेर गाछ । आमालाई सोह्र वर्षे बनाउन भनेर फूल खोज्न गयो । अनि म चाँही एउटा तरबार बोकेर चाइने हिँडेको । यस्तै यस्तै गरी म चाँही यहाँ आइपुगे ।

त्यसपछि केटीले भन्छे ओहो त्यो सोह्र बर्षे पार्ने मणि फूल भन्ने म नै हो । ओहो तिमी नै हो त ? अनि के गरेर सोह्र वर्षे पार्छेउ तिमीले भन्दा मेरो ढाड मा बेस्सरी हिर्काउँनुपर्छ अनि एउटा फूलको थुंगा झर्छ । त्यो फूल हेरेपछि एकदम जवान भइन्छ, सोह्र वर्षे भइन्छ । ए होत भनी यसो प्याट्ट हिर्काइहाल्यो खुत्रुक्क फूल झऱ्यो हो रछ । उ पनि सोह्र वर्षे भयो । लु हो रहेछ भनेपछि उनीहरूले विवाह गरे । अब यहाँबाट कसरी निस्कने ? राक्षसले थाहा पाएपछि मारिहाल्छ त्यसो हुँदा अब के गरुँ त भनेपछि यो खम्बा फोर्नुपर्छ । यो खम्बा नफोरिकन म यहाँबाट हिड्न पाउन्न । त्यसो हुँदा यहाँ पर एउटा राक्षस छ, त्यो राक्षसलाई नमारिकन जान सकिँदैन । अनि त्यो खम्बाभित्र पुतली छन् । एकसय पुतली मारेपछि त्यसको प्राण मर्छ । त्यो राक्षसको प्राण त्यही पुतली हो । त्यो पुतली मरेपछि राक्षस पनि मर्छ अनि हामी जान सक्छौं । ए लु त भनेर अनि त्यो खम्बामा गएर पुतली त्यसले मारेछ । एकसय पुतली मारेपछि राक्षस पनि मरेछ ।

राक्षस मरेपछि समुन्द्रमा गएछन् र त्यही खराउ लिएर उनीहरू समुन्द्र पार गरेछन् । पारी गइसकेपछि त्यो अगाडिको स्वास्नी भाको ठाउँ गए । त्यहाँ बसे वरे त्यहाँका कुरा गरे अब यहाँ

बसेर काम हुँदैन, अब जाउँ भनेर त्यो स्वास्नी पनि लिएर त्यहाँबाट हिँड्यो । त्यहाँबाट जाँदैजाँदै गरेपछि फेरि आर्की स्वास्नी भाको ठाउँ पुगेछन् । अब जाउँ हाम्रै घर भनेर त्यसलाई नि लग्यो । अनि जाँदैजाँदै गर्दा त्यही अगाडिको चौडीमा पुगे । उसले त  फूल बटुलेर गाडीका गाडी जम्मा गरेछ । कान्छाले यतिका फूलमा एउटा न एउटा मणिफूल होला भनेर भनेछ । तैंले मणिफूल ल्याउलास् भनेको वेश्या पो बटुलेर ल्याइछस् भनेपछि ल्याएँ नि, अब के गर्नु । घरमा स्वास्नी छदै थी तेरो, के भनेर ल्याको त ? अनि मणिफूल ल्याइस त ? भन्दाखेरी मणिफूल त मैले ल्याएर आएँ नि अनि कस्तो हुन्छ त ? भनेर सोध्दा दाजुले भन्यो - हेर् यहाँ भनेर स्वास्नीलाई ढाडमा प्याट हिर्कायो अनि एउटा फूल झर्‍यो । यसो हेरेको त सोह्र वर्षे झक्झक् परेको भयो भाइ पनि ए हो यसले पो बिताएछ । ओ हो यो न खुस्काई भएन । अब यो घरमा गएपछि सौता आमाले खुस्काउन दिँदैनन् । यिनीहबाट खुस्काउनु पर्‍यो भनेर त्यो दश गाडी फूल त एउटै पनि हैन रछ भन्दै उसलाई खुलदुली साह्रै चल्यो र के गरुँ के गरुँ भन्दै थियो । भ्वाक्कै हानेर मारेछ ।

त्यो देखाको मणिफूल चोरेछ र राति चाइने त्यहाँबाट फूल लिएर आमा भाको ठाउँ आफ्नै देश आफ्नै ठाउँ पुग्यो । यता लोग्ने मरिहाल्यो ३ वटी श्रीमतीहरू विधुवा भएर रोएर बसेका छन् । अब के गर्नु के गर्नु लोग्ने मरिगयो । अब फर्केर जाउँ भने घर कहाँ हो कहाँ हो । के गर्नु र अब कसैले सास हालिदिए त म यसलाई बचाउने थिएँ नि एउटीले भनिछे । यसलाई कसैले बचाइदिए त म सास हालिदिन्थे नि भनिछे अर्कीले । के गर्नु सास हालिदिए त म यसलाई सोह्र वर्षको पारिदिन्थे नि भनिछे अर्कीले ।

एउटीको पालो चाइने सेतो बत्ति बालि देकी थी बुढो उठिहाल्यो । एउटीले सास हालिदी, एउटीले एउटा फूल झारेर देखाई दिएकी थी बुढो सोह्र वर्षे भइहाल्यो । अनि तिनटी स्वास्नी लिएर केटा घर गयो । उता मणिफूल चोरेर लगेको भाइले के भनेछ भने यस्ले त जम्मै वेश्याहरू बटुलेर लस्कर लाएर ल्याएको छ । जुन मणिफूल हो त्यो त मैले पो ल्याको छु भनेर घरमा अघि नै कुरा गरिसकेछ । ३ वटी स्वास्नी लस्करै लिएर आका छन् ऊ छक्क परेर हेर्‍यो र भन्यो मैले त यसलाई अघि नै मारेर आको थिएँ कसरी आयो यहाँ भनी छक्क परो यसले मलाई मारेर चाँही मणिफूल लिएर आको भन्दियो दाइले । अर्कोले भन्यो मैले कसरी मार्‍या हुन्छ ? मैले मारेकै छैन नि भन्यो । अर्को भाइले भन्यो फेरि होइन भन त ल यिनी स्वास्नीहरू साक्षी छन् मेरा त यिनी स्वास्नीहरूले मर्दा पनि बचाउने छन् । तैंले भनेर हुन्छ ? कहाँ छ तँ सँग मणिफूल जुन मेरो चोरेर ल्याको थिइस् ।

तिनी दाजुभाइको वादविवाद भएपछि राजाले चाइने लु कोसँग छ मणिफूल निकाल भनेपछि ३ वटी श्रीमती भको दाइले चाँही जति ओटा पनि निकाल्न सक्ने रहेछ । आफ्नी श्रीमतीलाई प्याट्ट-प्याट्ट हानेपछि भुरभुरती झर्ने । अर्को भाइको त त्यही एउटा मात्र, त्यही पनि चोरेर ल्याएर आको । लौ यो चाँही बेकामको रहेछ । यसले ल्याएको होइन रहेछ । अर्कोले चाँही ल्याको हो रछ भन्ने कुरा भयो र अनिखेरी त्यसलाई खुब प्यारो गरेर सबैलाई सोह्र वर्षे पाऱ्यो । सबै सोह्र वर्षे भएर बसे । यो फूलको कथा हो ।

सुन्नेलाई सुनको माला ।  भन्नेलाई फूलको माला ।

यो कथा वैकुष्ठ जाला । भन्ने वेलामा सररर आउला ।

**कथावाचक**

**लीलानाथ दुलाल गौरीवास-३, पाटू**

### ४.१.१ मणिफूलको कथाको विश्लेषण

**क)     शीर्षक परिचय**

मणिफूलको कथा शीर्षकले व्यक्तिलाई सोह्रवर्षे हुनका लागि के कस्ता अप्ठयाराहरूको सामना गर्नुपर्छ भन्ने कुराको प्रमाण अनेकन किसिमका घटनाहरू घटाएर रोचक प्रस्तुति गरी देखाएको छ ।

**ख)     कथानक**

प्रस्तुत कथामा एउटी नारीको सोह्रवर्षे हुने मनोकाङ्क्षा पूर्ति गर्न छोराले के कतिसम्म कठिन परिस्थितिको सामना गरेको छ भन्ने कुराको कथानक यस लोक कथामा प्रस्तुत गरिएको छ । एउटा राजाको दुईटी श्रीमती हुनु, कान्छी श्रीमतीलाई सधैँ सोह्रवर्षे उमेर देखिने इच्छा जाग्नु, मणीफूलको स्पर्शबाट सोह्रवर्षे भइन्छ भन्ने थाहा पाउनु र छोरालाई त्यो कुरा थाहा भईसकेपछि आमाको लागि मणिफूल खोज्न वन जानु, उता जेठीरानीलाई पनि सोह्रवर्षे हुन मोह जाग्नु र जेठीले पनि आफ्नो छोरालाईमणिफूल खोज्न बन पठाउनु कथाको पहिलो अवस्था हो । त्यसपछि बनमा फूल खोज्नेक्रममा जेठी र कान्छीका दुवै छोराको जम्काभेट हुनु, कान्छी रानीको छोरो सिपाई सहित वयलगाढा लिएर फूलटिप्न थाल्नु । उता जेठी रानीको छोरो एक्लै दक्षिणतिर लाग्नु, समुद्रको किनारमा कुनै रानीको छोरीसँग भेट हुनु र राजकुमारीको शवसंग रात बिताउनु । त्यही क्रममा राक्षस आउनु, राक्षसले शवलाई बिउँझाउनु, त्यसैवेला राक्षसलाई मारेर त्यो केटीसंग विहे गरी सेतो बत्ती र कालो वत्ति त्यही छोडी खराउ लिएर त्यहाँबाट निस्कनु फेरि पारीपट्टीको राज्यमा प्रत्येक

दिन एउटा मान्छेको बलि राक्षेसलाई दिनुपर्ने भएकोमा त्यसदिन त्यो जेठी रानीको छोरो बलिमा होमिन तयार हुनु, राक्षस खान आएको बेलामा त्यो राक्षसलाई तरवारले मार्नु, त्यहाँ एउटी केटीसंग बिहे हुनु र फेरिअगाडि बढ्नु र एउटी सुन्दरीसँग भेट हुनु त्यही केटीसँग मणिफूल रहेछ भन्ने थाहा पाएर त्यो केटीसँगसँगै अरू दुइटी विवाह गरेको जम्मा तीनओटी श्रीमती लिएर फर्कनु जस्ता घटना कथानकको मध्य अवस्था हो ।

घर फर्कने क्रममा भाइसँग भेट हुनु, भाइले छलकपट गरी एउटा फूल लिई आफ्नो दाइलाई मार्नु, त्यसपछि आफनो घर फर्कनु, यता तिनटी श्रीमती मिलेर आफ्नो मरेको पतिलाई जगाउनु र सबै मिलेर घर फर्कनु, भाइले गरेको छलकपट आफ्ना आमा बुबालाई सुनाउनु र असली सोह्रवर्षे बनाउने मणिफूल मेरी कान्छी श्रीमतीसँग छ भनी सबैलाई विश्वस्त पार्नु जस्ता घटना कथाको अन्त्य अवस्था हो ।

मान्छेलाई सोह्रवर्षे हुनुपर्ने मोह कति महत्त्वपूर्ण छ ?भन्ने विषयलाई समेटेर कथावस्तु बुनिएको छ । प्रस्तुत लोककथामा घटेको घटनाक्रमले समाजमा विद्यमान सामाजिक अवस्था र व्यक्तिको आकांक्षा के कस्ता खालका हुँदा रहेछन् भन्ने अवस्थालाई समेत प्रष्ट पारेको छ । कथालाई थप कौतुहल बनाउन सेतो बत्ती र कालो बत्तीको प्रयोगले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत कथामा मानवीय तथा मानवेतर राक्षस पात्रहरूको प्रयोग गरिएको छ । यहाँ मुख्य पात्रका रूपमा जेठी रानीको छोरा उपस्थित भएको छ । उ बहादुर चरित्र भएकोव्यक्ति हो । मणिफूल खोज्न दुवै भाइ बन जानु र आफ्नो दाइलाई मार्न समेत पछाडि नहट्ने भाइचाँहिलाईएउटा खराब पात्रको रूपमा चित्रण गरिएको छ ।

यस कथामा एउटा अलौकिक पात्रलाई राक्षसको रूपमा चित्रण गरिएको छ । यसका साथै जेठीपट्टिको छोराको तीनवटी श्रीमतीहरूलाई भिन्न भिन्न गुणले युक्त सहायक पात्रका रूपमा चित्रण गरिएको छ । समग्रमा भन्नुपर्दा जेठी रानीको छोरालाई स्वाभिमानी, बहादुरी एवम् प्रमुख पात्रको रूपमा चित्रण गरिएको छ । यी सबै चरित्रहरू एउटी रानीको मनोकाङ्क्षा पूर्ति गर्नका लागि प्रस्तुत भएका छन् । उपर्युक्त सबै चरित्रका माध्यमबाट कथानक रोचक र कौतुहलपूर्ण बनेको छ ।

**घ) परिवेश**

प्रस्तुत लोकथा राजकीय परिवेश एवम् जंगलीय परिवेशमा संरचित कथा हो । कथामा राजा, रानी र राजकुमारको प्रसंगले यो कथा राजकीय परिवेशमा रचिएको हो भने राजकुमारहरू मणिफूल

ल्याउनका लागि जंगल, पहाड र समुद्रको यात्रा रहेको हुँदा यो कथा जंगली वा पहाडी परिवेशमा रचिनुका साथै सामुद्रिक परिवेशमा रचिएको हो भन्ने पुष्टि हुन्छ ।

**ङ) कथोपकथन**

प्रस्तुत लोककथामा राजारानीको संवाद सर्वप्रथम पाइन्छ । राजारानी र राजकुमारहरूको बीचमा भएको संवादको कारणले यो कथाले जीवन्तता पाउन सकेको छ । मणिफूल खोज्ने क्रममा राजकुमारको मलामी, राजकुमारी, गाउँलेहरू, राक्षसगण आदि सँगको संवाद प्रस्तुत गरिएको छ । कथामा आएका सबैखाले संवादले कथानकलाईरोचक एवं कौतुहलपूर्ण बनाउन मद्दत पुऱ्याएको छ ।

**च) द्वन्द्व**

प्रस्तुत लोककथामा रानीहरूको मनमा आन्तरिक द्वन्द्व उत्पन्न भएको देखिन्छ किनभने सोह्रवर्षे हुन प्रबल इच्छा हुँदाहुँदै पनि इच्छापूर्ति कस्ले र कसरी गर्न सकिन्छ भन्ने खालको छटपटीका कारण रानीको मनमा एक किसिमको द्वन्द्व उत्पन्न भएको छ । त्यस्तै मणिफूल लिन गएका राजकुमारलाई पनि मणिफूल कहाँ पाइन्छ र कसरी ल्याउने ? भन्ने कुराहरू मनमा खेलिरहँदा आन्तरिक द्वन्द्व उत्पन्न भएको देखिन्छ । त्यस्तै आफ्नै भाइले दाइलाई मारेपछि दाइचाँहिकी तीनवटी श्रीमतीहरूको मनमा पनि द्वन्द्व उत्पन्न भएको देखिन्छ । यिनै द्वन्द्वका कारणले कथालाई रोचक र कौतुहलपूर्ण बनाएको छ ।

**छ) उद्देश्य**

प्रस्तुत लोककथाको मुख्य उद्देश्य कसरी आफ्नो मनोकाङ्क्षा पूर्ति हुन्छ र त्यसको प्राप्ति गर्न के कस्ता कठिनाइ झेल्नुपर्छ भन्ने हो । त्यस्तै प्राप्तव्य मणिफूलको चाहनाले विचविचमा आउने हरेक किसिमका अवरोधलाई कसरी सामञ्जस्य मिलाउने भन्ने कुराको यथार्थ चित्रण गर्नु नै यस लोककथाको मुख्य उद्देश्य हो ।

**ज) भाषाशैली**

प्रस्तुत कथा सरल, सहज र बोधगम्य भाषामा रचिएको लोककथा हो । प्रस्तुत कथा स्थानीय परिवेशमा रचिएको हुनाले कथामा स्थानीय भाषाहरूको प्रयोग अत्यन्तै बढी देखिन्छ । वर्णनात्मक शैलीमा रचिएको यो लोककथा कथावाचकले आफ्नै शैलीमा रचिएकोहुनाले कथालाई थप गतिप्रदान गरेको छ ।

### झ) निष्कर्ष

प्रस्तुत लोककथाको निष्कर्ष भन्नुपर्दा मानव जीवनमा सबैका चाहना अनेक किसिमका हुन्छन् । मनोकाङ्क्षा पुरा गर्न मनुष्यले के कस्ता कठिनाईहरूको सामना गर्नुपर्छ र "परिश्रमको फल मीठो हुन्छ" भन्ने उक्तिको चरितार्थ यस कथाले गरेको छ भन्ने विषयवस्तु समेटेर यो लोककथाको रचना भएको छ ।

## ४.२ मुखिया बाको कथाको मूल पाठ

एकादेशमा कुनै गाउँमा एक जना मुखिया बा थिए रे । मुखिया बाका धेरै सम्पत्ति थियो नोकर चाकरहरू राख्नुपर्नेमा त्यति नोकर चाकरहरू कोही थिएनन् । मुखिया बा घुम्दै जाँदा एउटा कुनै गरिब किसानको घरमा पुगेछन् । गरिब किसानको ठूलो छोरो हुर्किन लागेको देखेर मुखिया बाले भनेछन् ए साइला तेरो छोरो पनि ठुलै हुन लागेछ । तिमीहरूलाई बिहान खाए बेलुका के खाउँ भन्ने समस्या पनि छ । मेरो घरमा पठाइ दिए देखि तेरो यो समस्या पनि समाधान हुने उसले पनि केही काम गरेर मलाई सघाई दिन्थ्यो भन्ने कुरा राख्दा किसानले ठिकै कुरा भने त मुखिया बाले भन्ने सोचेर हुन्छ लिएर जानुस् न भनेर पठाइदियो । वहाँ गइसकेपछि अनेक किसिमका काम गर्दै जबजब कुनै चाडपर्व आउँछ त्यस्तो बेलामा अफठ्यारो काम अराउने र उसलाई तलब नदिने । विचरा अफठ्यारो काम गर्न नसकेपछि रुँदै कराउँदै आफ्नो घरमा पुगो समय परिस्थितिले अगाडि बढ्दै जाँदा फेरि पनि त्यस किसानको अर्को माइलो छोरो हुर्कियो । कालान्तरमा घुम्दै जाँदा उसले किसानसँग त्यही कुरा राख्यो । जेठोलाई तलब दिउँला भनेका ऊ बाटैबाट भागिहालेछ । अब त्यसले त के काम गर्ला र ? यो माइलो अब हुर्कियो । यसले बरु काम गर्ला । भन्ने मलाई लागेको छ जेठोलाई मेरो सामुन्ने नपरिकन भागेर आएपछि के तलब दिने कुरै

भएन । हेर माइला यो माइलोले चाँहि केही गर्ला जस्तो छ । तेरो समस्या पनि जस्ताको त्यस्तै छ । मेरो पनि त काम उस्तै छर्पस्ट छ भनेर प्रस्ताव राख्दा किसानले यसो विचार गर्‍यो । कुरो त ठिकै भने मुखिया बाले । जेठो मोरो काम गर्नको दुःखले भागेर आयो । अब माइलोले त त्यसो गर्ने छैन । हुन्छ त लैजानु नि के भयो र भनेर माइलोलाई पठाइदियो । वहाँ गइसकेपछि उसले पनि सकेनसकेको सबै काम गर्‍यो । मुखिया बालाई सघायो । जब दशैं तिहार आउन थाल्यो तब उसले पनि त्यस्तै अफठ्यारो काम लगाउने कोशिस गर्‍यो र भन्यो - ल माइला आज त्यो भीरमा गएर मुसेखरको एक भारी ल्याएर आइज भनेर

अह्रायो । नभन्दै माइलो घाँस काट्न भनेर त गयो त्यो पाखातिर गएर हेर्दाखेरी त्यहाँ त चरो पनि अडिन नसक्ने बाँदर पनि अडिन नसक्ने किसिमको ठाउँ भएको कारणले उसले पनि आफ्नो ज्यान

जोगाउनको लागि यस्तो अफठ्यारो काम गर्नुभन्दा त बरु तलब सलब चाहिएन भनेर रुँदै कराउँदै आफ्नो घरमा आइपुग्यो । समय बित्दै गयो । दुई भाइले बिना तलब आफ्नो घरमा उनीहरू आए । किसानका समस्या जस्ताको त्यस्तै, जिउँका तिऊँ रह्यो । किसानको अर्को पनि छोरो थियो । ऊ पनि हुर्केर काम गर्नसक्ने अवस्थामा पुगिसकेको थियो । केही समयपछि यी सबै कुराहरूको खाटो बसिसकेको थियो ।

मुखिया बालाई पनि यी सबै कुरा उनीहरूले बिर्सिसके होलान् भन्ने सोचेर केही समयपछि फेरि त्यही किसानको घरमा मुखिया बा आइपुगे र उनले प्रबल कुराहरू भने जेठो त्यसै गरी भाग्यो । माइलो उसै गरी भाग्यो । सामुन्ने नपरेपछि उनीहरूलाई यसो तनखा ज्याला दिउँला भन्ने मलाई कत्रो इच्छा थियो । अब के गर्नु बिचबिचबाट काम पूरा नगरी भागेपछि दिने कुरा पनि रहेन हेर माइला भनेर किसानलाई भन्यो । माइला हारदिक भइसकेको थियो । त्यही पनि मुखियाले आफ्नो कुरा अगाडि राख्न भुलेनन् । प्रस्ताव राखे तेरो कान्छो चाँही अरूभन्दा धेरै बाठो जस्तो छ । काम गर्ने खालको पनि छ । यसलाई पठाइदेऊ अब भनेर प्रस्ताव राख्दा किसानले मानेदेखि लैजानु नभए म के भन्नु भन्दा किसानको कान्छो छोरोले हुन्छ हुन्छ म मुखिया बाको घरमा गएर काम गर्नलाई तयार छु भन्यो । नभन्दै मुखिया बाले लिएर आए । त्यसैगरी आफ्ना कामहरू लगाए र चाडपर्व जब आयो, दशैं आयो, तिहार आयो त्यस्तो बेलामा फेरि उनले पहिले दाजुभाइलाई जस्तो अफठ्यारो प्रस्ताव राख्ने सन्दर्भमा उसलाई ए कान्छा भनी बोलाएर भने यी गोरु फुकाएर बडरको रुखमा चडाएर घाँस खुवा । हुन्छ हुन्छ भनेर कान्छोले चाँही मुन्टो हल्लायो र कडिक मनका साथ गोरु फुकायो । नजिकै राखेको एउटा गतिलो लट्ठी पनि उसले समात्यो र बडरको रुखनेरी पुऱ्याउँदै गर्दा गोरुहरूलाई छेकेर, गोरुहरूलाई रुख चढेर घाँस खा भन्दै पिट्न थाल्यो । यो कान्छोले त कडिक मनसँग गोरु लिएर गएको हुनाले मुखिया बालाई शंका भयो र एउटा सानो दुलोबाट उनी चियाएर हेरी राखेका थिए । कान्छोले चढ् भन्दै गोरुलाई कुट्दै रुख चढ्छस् कि चढ्दैनस् भन्दै छेकी छेकी गोरुलाई कुट्दै थियो । गोरु हिंड्नै नसक्ने लखतरान भइसकेको थियो पिड्दा पिड्दा । अनि मुखिया बालाई खपी नसक्नु भयो र त्यही चेपमा छिडिबाट ए कान्छा भो भो गोरु नकुट । भइगयो भन्दाखेरी होइन यो गोरुलाई त बडरको रुख चढाएर जसरी पनि म घाँस खुवाउँछु भन्दै पिट्ने क्रम उसको जारी नै राख्यो । गोरु मर्ने भए अब कसरी बचाउने भनेर चाँहि मुखिया बा त्यहाँबाट कराउँदै कराउँदै ए पख पख भन्दै भन्दै उनी अगाडि बढे । वहाँ गइसकेपछि छोड्दे कान्छा भइगयो । ज्याला स्याला पनि तेरो दिउँला भनेर भनेपछि यसको उत्तरमा चाइने त्यो कान्छोले होइन म गोरु जसरी पनि रुख चढाएर घाँस नख्वाई छोड्दै छोड्दिन भन्दै गोरु पिड्दै गरेको हुनाले मुखिया बालाई खपी

नसक्नु भएको हुनाले हात जोड्दै भने बाबा लु तेरो डबलै ज्याला दिउँला, गोरु कुट्न छोड्दे । तर कान्छोले त्यती गर्दा पनि मानेन । डबल ज्याला मात्र होइनमुखिया बा मेरो त दुई दुई भाइहरूले तपाईंको चाहिने काम गरेर बेकार रुँदै घर गएका छन् । उनीहरूको सहित डबल पारेर दिन्छौ भने देखि मात्रै म गोरु माथि चढाउँदिन हैन भने देखि रुख चढाएर मात्रै छोड्छु । मुखियाले धेरै बिन्ती गरिसकेपछि ती दुई भाइको पनि डबलै ज्याला दिन्छु । तेरो पनि दिन्छु । गोर कुट्न छाड्दे भनिसकेपछि कान्छोले गोरु कुट्न छोड्यो । अनि मुखिया बा पनि शान्त भए ।

सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला ।

यो कथा वैकुण्ठ जाला । भन्ने वेलामा सररर आइजाला ।

**कथावाचक**

**चूडामणि बराल, बर्दिवास-१**

### ४.२.१ मुखिया बाको कथाको विश्लेषण

**क) शीर्षक परिचय**

मुखिया बाको कथा शीर्षकले आफूभन्दा निम्न स्तरका व्यक्तिलाई ढाँट्ने, छल्ने, दुःख कष्ट दिने, नकारात्मक चरित्र देखाउने र शोषण गर्ने भन्ने कुराको प्रमाण अनेक किसिमका घटना घटाएर यथार्थ विवरण औंल्याएको छ । यस कथाको कथावस्तु र शीर्षकबिच सामञ्जस्य देखिन्छ ।

**ख) कथानक**

प्रस्तुत कथामा एउटा शोषण गर्ने व्यक्तिले अनेक किसिमले छलकपट गरी, पैसाको प्रलोभन देखाई अन्त्यमा काम गरेबापत पैसा दिने बेलामा अप्ठ्यारो अप्ठ्यारो काम लगाई काम छोडेर भाग्न बाध्य बनाउनु र मुखिया बालाई पछि ग्लानि हुनु भन्ने कथानक यस लोककथामा प्रस्तुत गरिएको छ ।

एउटा गाउँमा मुखिया बाको घरमा काम गर्ने गोठालो आवश्यक हुँदा घुम्दै जाँदा एउटा गरिब किसानको घरमा पुग्नु र गरिब किसानको तीन भाइ छोराहरूलाई पालैपालो गरी काम पनि दिन्छु पैसा पनि दिन्छु भन्दै प्रलोभन देखाउनु, कथानकको पहिलो अवस्था हो भने जब पैसा दिने बेला आउँछ त्यतिबेला मुखिया बाले गोठालोलाई निकै अप्ठ्यारा काम लगाउनु, त्यो लगाएको काम गर्न नसकेर गोठालो भागेर जानु, समेतका घटना कथानकको मध्य अवस्था हो । त्यसैगरी कान्छो छोराको पालो आउँदा कान्छो छोराको चतुर्‍याँईले गर्दा मुखिया बाले हार खाएर तीनै भाइको ज्याला

दिनु जस्ता घटना कथानकको अन्त्य अवस्था हो । एउटा खराब चरित्र बोकेको मुखियाले सोझा किसानका छोराहरूलाई कसरी छलकपट गरेको छ भन्ने सन्दर्भमा कथावस्तु बुनिएको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत कथामा मानवीय पात्रहरूको प्रयोग गरिएको छ । यहाँ मुख्य पात्रका रूपमा मुखिया बाको उपस्थिति रहेको छ । मुखिया बा खराब चरित्र भएका व्यक्ति हुन् । सबैभन्दा पहिला आफ्नो काम लथालिङ्ग भएको देखी दिक्क भएर गोठालो खोज्ने क्रममा युवकको श्रम शोषण गर्नुले मुखिया बाको चरित्रमा प्रश्न चिन्ह उठेको छ । गरिब किसानको चरित्र भने सोझो व्यक्तिको रूपमा चित्रण गरिएको छ । किसानका तीन वटै छोराहरू काममा इमानदारी छन् भन्ने कुरा पुष्टि गरिएको छ । कान्छो छोराको चरित्र एउटा चलाख पात्रकोरूपमा चित्रण गरिएको छ । उल्लिखित सबै चरित्रका माध्यमबाट कथावस्तुको घटना क्रमले रोचक बनाएको छ भने कथानक कौतुहलपूर्ण बन्न गएको छ ।

**घ) परिवेश**

प्रस्तुत लोककथा ग्रामीण परिवेशमा संरचित कथा हो । मुखिया बाले आफ्नो घरमा काम गर्ने गोठालो खोज्ने क्रममा गाउँ वरिपरि भ्रमण गरेको हुँदा प्रस्तुत लोककथाले ग्रामीण परिवेशलाई नै निकै जोड दिएको पाइन्छ । कथामा गाई, भैंसी, गोरु, खेत, गोठ, जंगल, घाँस, पहाड-जस्ता शब्दहरू आएकाले उपर्युक्त कथा स्थानीय पहाडी परिवेशमा संरचित कथा हो भन्ने पुष्टि हुन आउँछ ।

**ङ) कथोपकथन**

प्रस्तुत लोककथामा खराब नियत भएका मुखिया बा र गरिब किसानको बिचमा संवाद भएको छ । मुखिया बा र गरिब किसानका छोराहरूको बिचमा संवाद भएका छन् । यी सबै संवादले कथानकलाई उत्कर्ष सिर्जना गर्नमा मद्दत पुऱ्याएको छ । खराब नियत भएका मुखिया बाले सोझो किसानसँगको संवादका माध्यमबाट आफ्नो अभीष्ट पुरा गर्ने योजना हुँदाहुँदै पनि कान्छो छोराको चतुऱ्याईंले त्यो योजना सफल हुन नसकेको कथोपकथन यस कथामा प्रस्तुत गरिएको छ ।

**च) द्वन्द्व**

प्रस्तुत लोककथामा मुखिया बाको मनमा खराब नियतका कारण बढी द्वन्द्व उत्पन्न भएको छ । यसको मुख्य कारण ज्याला नदिकन कसरी कामदारलाई काम गराउनु भन्ने नै हो । त्यस्तै

गरिब किसानको मनमा पनि एक किसिमको द्वन्द्व उत्पन्न भएको देखिन्छ । यसको मुख्य कारण आफ्ना तीन छोराहरू हुँदाहुँदै पनि घरमा खान, लाउन इत्यादि व्यवस्था गर्न नसक्नु हो । प्रस्तुत लोककथामा मुख्यतः आन्तरिक द्वन्द्व नै मुख्य रूपमा आएको छ ।

**छ) उद्देश्य**

प्रस्तुत लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनु र नराम्रो व्यक्तिको नियत र व्यवहार परिवर्तन गराउन आवश्यक पर्दा "शठं शाठ्यं समाचरेत्" अर्थात यस कथाले मूर्खसँग केही समयका लागि मूर्ख भई मूर्ख व्यवहार गर्नुपर्छ भन्ने आशय प्रकट गरेको छ । यस कथाको मुख्य पात्र मुखिया बाले सोझा साझा गरिब किसान परिवारलाई दुःख कष्ट दिइ आफ्नो स्वार्थ पूर्ति गर्नुले ग्रामीण भेगका सोझा साझा गरिब किसानहरू कसरी ठगिएका छन् भन्ने कुराको संकेत गरेको छ भने यस्ता खालका विकृति फैलाउने घटनाबाट सबै आम जनता सचेत हुनुपर्छ भन्ने नैतिक शिक्षा दिनु नै यस लोककथाको मुख्य उद्देश्य हो ।

**ज) भाषाशैली**

प्रस्तुत कथा सरल, सहज र बोधगम्य भाषामा रचिएको कथा हो । प्रस्तुत कथा सामान्य स्थानीय परिवेशमा रचिएको हुनाले स्थानीय भाषाहरूको प्रयोगमा बाहुल्य देखिन्छ । स्थानीय कथ्य भाषाको प्रयोगले कथालाई रोचक बनाएको छ । वर्णनात्मक शैलीमा प्रस्तुत भएको लोककथा एकादेशबाट सुरु भइ सुन्नेलाई सुनको माला, भन्नेलाईफूलको माला भन्दै कथालाई वैकुण्ठ धामसम्म पुऱ्याउने सन्दर्भमा कथावाचकको भाषाको प्रयोग भएको पुष्टि हुन आउँछ । यस कथालाई रोचक आकर्षक र शिल्पप्रधान बनाउन भाषाशैलीको विशेष भूमिका रहेको छ ।

**झ) निष्कर्ष**

प्रस्तुत लोककथाको निष्कर्ष भन्नुपर्दा प्राणी सबै समान छन् । कसैले कसैलाई सानो, सोझो, गरिब सम्झेर आफ्नो स्वार्थ पूर्ति गर्दा आफूलाई नै हानि हुन सक्छ भन्ने नैतिक शिक्षा प्रदान गरेको छ ।

## ४.३ भावीको खेल कथाको मूल पाठ

एकादेशमा कुनै ठाउँको एउटा बटुवा बाटो हिँड्ने क्रममा जाँदा-जाँदा एउटा घरमा बास परेछ त्यहाँ बास बस्ने क्रममा चाहिँ बास माग्दा घरबेटीले यहाँ बस्ने ठाउँ छैन, मेरी श्रीमती सुत्केरी भाकी छन् । मेरो घर सानो झुप्रो छ । ऊ त्यो कुनामा उनी बसेकी छन् । यताको ओछ्यानमा म

सुत्नुपर्छ भनिसकेपछि बटुवाले भन्यो ठीकै छ मलाई चाहिँ यही मजेरीमा भए पनि हुन्छ भन्यो । ठीकै छ त्यसो भए बस तर खानेकुरा त हामी गरिबको घरमा क्यै पनि छैन नि भन्दा मलाई चैने केही दिनु पर्दैन । म त्यत्तिकै सुत्छु भनेर त्यही मजेरीमा गएर सुत्यो । सुत्ने क्रममा राति लगभग मध्यरातमा एक जना मानिस जस्तो आयो र भन्यो "ए बाटो छट्" बटुवाले त को होस् ? भनेर भन्दा म भावी हुँ भनेर भन्यो त्यसो भए देखिन् तँ काँ जान लागेको भनेर बटुवाले सोध्यो । म त्यहाँ बच्चाको आज छैठौं दिन हो त्यसैले मैले उसको भविष्यको कुरा चाहिँ कोर्नु पर्छ भनेर चैनी भन्यो । भनिसके पश्चात वटूवाले त्यसो भए तैंले चाहीँ अहिले त्यहाँ लेख्ने कुरा मलाई पनि भन् हैत भनिसकेपछि उसले सबै कुरा तँ भन्न मिल्दैन म केही कुरामात्र चाँहि भन्छु भनेर भन्यो । बटुवाले बाटो छोडिदियो, भावी गयो । उसले चाँही बच्चा भाठाउँ गएर बच्चाको भविष्य कोरो, कोरेर चैनी फर्केर आउँदा ए बाटो छोड् भनेर भन्दा पहिले भन तैले के के कुरा त्यहाँ लेखिस् भनिसकेपछि सबैकुरा भन्न मिल्दैन । म चाहीँ एउटा कुरा मात्रै भन्छु । यो केटा यति भाग्यमानी हुन्छ कि यहाँको एकदमै धनाढ्यको छोरीसँग विवाह हुनेछ ।

त्यो ससुरालीको सम्पूर्ण सम्पत्ति उसैले नै भोग चलाउने छ भनेर चैनी उसले भनिसकेपछि भावी गयो । ऊ सुत्यो,भोलिपल्ट भएपछि उठ्यो र भोकले काउँ काउँ हुँदाहुँदै त्यहाँबाट चैनी उठेर हिंडो लगभग चार पाँच घण्टापर पुगिसकेपछि एउटा धनाढ्येको घरमा पुगेछ । पुगिसकेपछि लौन म आज चैनी भोकै छु मलाईंतपाईंहरूले खान बस्नको चैनी व्यवस्था मिलाई दिनु पऱ्यो भनेर भन्दा धनाढ्यले ठीकै छ यहाँ अहिले बस्नु अब खाना पकाउँछन् अनि खानु भन्ने क्रममा चाहीँ कुराकानी हुँदै जाँदा "हिजो ती फलानाको घरमा यसरी बसें" इत्यादि भावीले भनेको जति सबै कुरा त्यहाँ बतायो । बताइसकेपछि अनि त्यो धनाढ्यले के सम्भेछ भने देखि मेरो पनि भर्खर छोरी जन्मेकी छे । यहाँको त सबैभन्दा धनी मैं हुँ । मेरी छोरीसँग त्यसको विवाह हुने रहेछ । त्यसोभा भन्यो । बटुवा खाना खाएर बाटो लाग्यो । यता धनाढ्यले अब त्यो बच्चालाई नष्ट गर्नुपऱ्यो । जुन बच्चाको भावीले भविष्य लेखेको थियो । त्यसको घर पुग्नु पऱ्यो भनेर त्यो धनाढ्य ३-४ दिन पछाडि गएर त्यो गरिबको बच्चा मलाई दिनुस् म राम्रोसँग उसको चैनी भरणपोषण गर्छु । पठनपाठन गराउँछु । यहाँ दुःख छ भनेर भन्दा आमाले मानिन, नमानिसकेपछि उसले चैनी जबरजस्ती गरेछ अरू गाउँलेहरूलाई पनि लगेछन् । गाउँले पनि लु दे आखिरी तेरो बच्चाको भविष्य सुद्रिन्छ भने किन नदिनु भन्दा पनि बच्चाको आमा बाबुको अन्तरआत्माले हुँदैन हुँदैन भन्दा पनि बच्चा दिन बाध्य भई बच्चा दिए । बच्चा दिइसकेपछि उ बच्चा लिएर गयो । ऊअगाडिअगाडि बढिरहेको थियो । नदेखी नदेखी त्यो आमा पनि जाँदै थिई । एउटा चैनी सुकेको खोलामा लिएर गयो अनि उसले बच्चालाई

खोलामा मिल्काइदियो । मिल्काइसकेपछि ऊअगाडि बढ्यो पछि आमा जाँदा बच्चा रोइरहेको छ । आफ्नो बच्चा थपक्क टिपेर लिएको कुरा धनाढ्यले थाहा पायो । केही समय पश्चात बच्चा हुर्किंदै बढ्दै गयो । धनाढ्यकोमा त्यो कुरा पुग्यो । ल ठीकै छ अब म यसलाई कुनै योजना बनाउँछु अथवा खतम गर्छु भन्ने खालको सोच धनाढ्यले बनायो ।

उता बच्चा पूर्णिमाको चन्द्रमा जस्तो झरझराउँदो खालको चैनी भयो । अब ऊ जवान भयो र विवाहको समय पनि हुन लाग्यो । त्यहीं समयमा फेरिधनाढ्य त्यहाँ आयो र मेरो चैनी बाहिर जाने काम छ । म एउटा चिठी लेखिदिन्छु । त्यो चिठी मेरो घरमा दिनु भनेर चैनी केटालाई चिठी दियो । त्यो केटाले चिठी लिएर गयो । जाँदा जाँदा चर्का घाम भाको थियो । एउटा चौतारीमा पुगो । अलिबार सितलमा बस्नुपऱ्यो भनेर बस्यो र ऊ त्यहीं निदायो । त्यसले लगेको चिठी दौराको तुनामा बाँधेको थियो । तुनामा चिठी झुण्डीरहेको थियो । तेसै समयमा धनाढ्यकी छोरी चैनी पानी लिन भनेर आएकी रैछे एउटा गाग्री लिएर त यसो केटीले हेरी, हेर्दा केटा राम्रो र झर्झराउँदो लोभलाग्दो देखि यसको तुनामा के झुण्डिएछ कागजजस्तो भनेर यसो हेरी त्यो चिठी उसको बाउले छोरालाई लेखेको रहेछ । यो चिठी पाउनासाथ यो केटालाई कुनै तवर तरिकाबाट खतम गरिदिनु भनेर लेखेको रहेछ त्यो चिठीमा । चिठी आफ्नै बाउले लेखेर पठाएको थाहा पाएपछि त्यो चिठी चैनी च्यातिदिई ........ च्यातिदिसकेपछि “यो केटा घरमा आइसकेपछि बहिनीको बिहे धुमधामका साथ गरिदिनु” भनी बाहुको चैनी हस्ताक्षर गरी लेखी सकेपछि पहिलेकै जसरी त्यै केटाको दौराको तुनामा चिठी बाँधीदी घरपुगी उसको छोरालाई चिठी दियो । ........... छोराले चिठी यसो हेरेको “बहिनीको विवाह भव्यताको साथ धुमधामले गरिदिनु” भनेर सही छाप गरेको देखेपछि ल ठीक छ भनेर २-३ दिनमा सम्पूर्ण तयारी गरी बहिनीको विवाह त्यै केटासँग गरिदियो ।

विवाह गरिसकेपछि आठौं दिन पछाडि घुमेर बाऊ घर आइपुगो र तैंले के गरिस् भन्दा बुबा हजुरले चैने चिठी लेखेर पठाउनु भएको रैछ “बैनीको विवाह भव्यताका साथ गरिदिनु” भनेर भन्नुभएको रहेछ र मैले त्यै चिठी लिएर आएको केटासँग विवाह गरिदिएँ ..... । अहिले बहिनी ज्वाइँ यहीँ छन् । ए .... बिताइ हालिस् नि भनेर बाबु चुपै लागो र केही समय पश्चात् बुढाले सोच बनायो विवाह गरेर बिग्रेको केही छैन भन्दै मार्ने षडयन्त्र रच्ने क्रममा चैने एउटा सार्कीसँग सम्पर्क राखेर एकजना मान्छेलाई जुत्ता सिलाउनको लागि यहाँ पठाउँछु अनि जुत्ता सिलाउन आउने मान्छेलाईचाँहि यहीं खतम गरी फालिदिनु भनेछ र घरमा आएर ज्वाईंलाई ल ज्वाइँ तपाईं यो जुत्ता फलानो ठाउँमा गएर सिलाएर आउनु भनेर पठायो । छोरो र ज्वाइँ जुत्ता लिएर गयो अलिपरतिरबाट जेठान दुध लिएर आइराखेको र छ र तपाइँ कहाँ हिड्नु भाको भनेर जेठानले सोचेपछि ज्वाईंले भनो

ससुराबाले चैनी सार्कीको घरमा सोधेपछि जुत्ता सिलाउन पठाउनु भाको भनेपछि ए तेसो भा तपाईँ नजानु यो जुत्ता लिएर म जान्छु बरु तपाईँ यो दुध लिएर घर जानु भनेपछि ज्वाइँ दुध लिएर घर फर्कियो । जेठान चाँहि जुत्ता लिएर गो, जुत्ता लिएर गैसकेपछि पूर्वयोजनाअनुसार सार्कीले जेठानलाई मारेर मिल्काइ दियो र एता ज्वाइँ घरमा आयो र भनो मलाइ त जेठानले जान दिनु भएन । म जान्छु भनेर चैनी जानुभयो .... थुक्क बरु भन्दै कुद्दै कुद्दै सार्किको घर पुग्दा मारिसकेको रछ र त्यो फर्केर घर आयो र बिलौना गर्न थालो ... ।

त्यो समयमा जुन भावीले लेखेको कुरा एक जना बटुवाले सुनाको थियो भावीले लेखेको कुरा कहिल्यै कसैले मेटेर मेटिदो रहेनछ । अब यो भाको जति सबै श्री सम्पत्ति उसैको हवस् उसैले खाओस् भनी उसैको नाममा सबै गरिदियो रे ।

सुन्नेलाई सुनको माला ।भन्नेलाई फूलको माला ।

यो कथा ववैकुण्ठ जाला भन्ने बेलामा सरररर आइजाला ॥

**कथावाचक**

**योगेन्द्र बराल, बर्दिवास-१**

### ४.३.१ भावीको खेल कथाको विश्लेषण

**क) शीर्षक परिचय**

लेखे आफ्नो ललाटमा धान अघि, धेर थोर जो दैवले ।

त्यो मिल्नेछ सुमेरु माथि बस वास्, घरभित्र वा मोजले ॥

भनेझैं भावीको खेल कथा शीर्षकले देखेको हुँदैन, लेखेकै हुन्छ, भावीले लेखेको भाग्य कसैले मेटेर नमेटिने कुराको पुष्टि कथाको अध्ययनपछि थाहा हुन आउँछ ।

**ख) कथानक**

प्रस्तुत लोककथा महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित सामाजिक लोककथा हो । प्रस्तुत कथामा भावीले लेखेको भाग्य टारेर टर्दैन भन्ने कथानक यस लोककथामा प्रस्तुत गरिएको छ । एउटा बटुवा बाटो हिँड्दै जाँदा एउटा घरमा बास माग्नु, त्यस घरमा बच्चा जन्मेको छैठौं दिन हुनु, वटुवा सुतेको अवस्थामा मध्यरातमा भावी बच्चाको भविष्य लेख्न आउनु, भविष्य लेखेर फर्कदा वटुवालाई यो बालकको विवाह यहाँको सबैभन्दा धनाढ्यकी छोरीसँग विवाह हुन्छ

भन्नु, बटुवा फेरित्यस गाउँको सबैभन्दा धनाढ्यव्यक्तिको घरमा पुगि भावीले भनेको कुरा बताउनु कथाको पूर्वार्ध हो भने धनाढ्यले आफ्नो छोरीको विवाह त्यसै विपन्न परिवारको बच्चासँग हुने भयो भन्दै बच्चालाई नष्ट पार्ने योजना बनाउनु र योजना सफल नहुनु, पछि त्यस बच्चाको विवाह आफ्नै छोरीसँग हुनु, फेरि पनि आफ्नो ज्वाईंलाई मार्ने षड्यन्त्र रच्नु, त्यो षड्यन्त्र पनि विफल हुनुका साथै आफ्नै छोरा आत्मघाती षड्यन्त्रमा परी मर्नु र अन्त्यमा आत्मग्लानि भई भावीले लेखेको कुरा मेटेर मेटिदो रहेनछ भन्दै सबै श्री सम्पत्ति ज्वाईंको नाम गरिदिएको घटना कथाको अन्त्य अवस्था हो ।

**ग) पात्र/चरित्र**

प्रस्तुत कथामा मानवीय पात्रको प्रयोग गरिएको छ । यस कथामा मुख्य पात्रका रूपमा एउटा गरिब केटा उपस्थित भएको छ । गरिब केटा सोझो तथा भाग्यशाली चरित्र भएको व्यक्ति हो । गरिब केटालाई मार्न अनेकन किसिमका षड्यन्त्र रचिए पनि दिन र भाग्य बलियो भएकाले कसैको केही लाग्दैन त्यसैले गरिब केटालाई भाग्यशाली व्यक्तिको रूपमा चित्रण गरिएको छ ।

**घ) परिवेश**

भावीको खेल पूर्णतः पहाडी ग्रामीण परिवेशमा संरचित लोककथा हो । कथामा वटुवाले बाटो हिँड्ने क्रममा बास माग्नु, केटा चौतारीमा निदाउनु, सार्कीको घरमा जुत्ता सिलाउन जानु, आदि प्रसंगले कथा पूर्णतः पहाडी ग्रामीण परिवेशमा रचिएको लोककथा हो भन्ने कुरा पुष्टि हुन्छ ।

**ङ) कथोपकथन**

प्रस्तुत लोककथामा विशेष गरी वटुवा र घरबेटीसँगको संवादबाट कथा प्रारम्भ भएको देखिन्छ भने त्यसपछि बटुवाको भावी र धनाढ्यसँगको संवाद छ र कथानकमा आएको चिठी पठाउँदाको संवादका साथै कथानकको उत्तरार्धमा आउने धनाढ्य, ज्वाईं र जेठान बिचको संवादले कथालाई रोचक एवं कौतुहल बनाएको छ ।

**च) द्वन्द्व**

भावीको खेल लोककथामा सर्वप्रथम भावीले बच्चालाई दिएको बरदानले गर्दा त्यस बच्चालाई के कसोगरी सखाप पार्न सकिन्छ भन्दै धनाढ्यको आन्तरिक मनमा सबैभन्दा बढी द्वन्द्व उत्पन्न भएको छ । यसको मुख्य कारण गरिब परिवारको केटाआफ्नो छोरीसँग विवाह हुने भयो, अब यस केटालाई मारिदिनु पर्‍यो भन्ने आन्तरिक द्वन्द्व उत्पन्न भएको देखिन्छ । उता केटा चिठी

पुऱ्याउन जाँदा केटाले लगेको चिठी केटीले पढेपछि यो यस्तो सुन्दर केटालाई मार्ने भए भनेर धनाढ्यकी छोरीलाई सुन्दर केटासँग विवाहको इच्छा जाग्नु आन्तरिक द्वन्द्वको रूपमा कथामा आएको छ । प्रस्तुत लोककथामा मुख्यतः आन्तरिक द्वन्द्व नै आएको छ । जसले कथालाई उत्कर्षमा पुऱ्याएको छ ।

**च) उद्देश्य**

यस कथाको मुख्य उद्देश्य भनेको हामी प्राणीले घमण्डको आवेगमा आएर अरूलाई हानि, नोक्सानी तथा षड्यन्त्र रच्नु बेकार छ, जे भाग्यमा छ त्यो भै नै हाल्छ, टारेर टर्दैन अतः सत् कर्ममा मात्र मन लगाउनु । कुनै प्रकारका पापकर्म नगर्नु भन्ने सन्देश नै यस कथाको मुख्य उद्देश्य बन्न गएको छ ।

**छ) भाषाशैली**

प्रस्तुत लोककथामा अरू लोककथाहरू जस्तै सरल, सहज र बोधगम्य भाषामा रचिएको कथा हो । कथा स्थानीय परिवेशमा रचिएको हुनाले थेगोका साथै स्थानीय भाषाको बाहुल्य देखिन्छ । कथाकारले प्रभावकारी ढंगले कथावर्णन विस्तार गरेको हुनाले यो कथा वर्णनात्मक शैलीमा नै प्रस्तुत गरिएको हो भन्न सकिन्छ ।

**ज) निष्कर्ष**

प्रस्तुत कथामा हाम्रो समाजमा रहेका हुनेखाने र हुँदाखाने बीचकोद्वन्द्वलाई बढी आकर्षक ढंगले प्रस्तुत गरिएको ।

**"लिखितमपि ललाटे प्रोज्झितं कः समर्थः"**

अर्थात् भावीले मनुष्यको भाग्यमा लेखेको कुरालाई कसैले पनि मेट्न सक्ने सामर्थ्य छैन अतः सत् कर्म गर्नु नै मानव धर्म हो भन्ने विषयवस्तु समेटेर यो कथा रचिएको छ ।

## ४.४ लोभको हद कथाको मूल पाठ

एकादेशमा एउटा गाउँमा बुढाबुढी बस्दथे । उनीहरूका सन्तान थिएनन् । बुढाबुढी चाइने अति दुःख पाएर बसेका थिए । अनि बुढालाई रोटी खान मन लागेछ र ए बुढी रोटी खाउन आज मलाई त असाध्यै खाउँ खाउँ लागो । मीठे फापरको रोटी बनान भनेपछि बुढी उठिछन् र मीठेफापर झिकेर केलाई, सुकाई यताउता गरी तयार पारेर अनि बेलुका भएपछि रोटी हाल्न तयार भइन्, बुढी, बुढा उता ओछ्यानमा बसेका छन् । अँगेनाको छेउमा उता बुढीले रोटी हालिन् । बुढाले चैनी

हेरिराख्या छन् । जम्मा तिनओटा रोटी भएछ र बुढीले एउटा प्रस्ताव राखिछन् । हेरबुढा मैले यत्रो दुःख केलाई सुकाई, पिसाई गरेर रोटी हाले तपाईँ बसिरनु भाछ । म दुइटा रोटी खान्छु तपाईँ एउटा खानुस् भन्दा बुढाले अँ के को हुन्थ्यो । म त लोग्ने हुँ । म दुईओटा खान्छु । तिमी एउटा खाऊ भनेपछि अँ हँ हुँदैन - अँ हँ हुँदैन, म दुईटा खानी म दुइटा खानी भन्दै खुब झगडा जस्तो परेछ । चर्का-चर्की परेछ र ल यसको टुङ्गो भोलिबिहान लाग्छ । जो ढिलो उठ्छ त्यसले दुइटा रोटी खाने जो पहिले उठ्छ एउटा मात्रै रोटी खाने भनेर भनिसकेपछि ल हुन्छ भनेर चैनी बुढाबुढी सुतेछन् । सुतिसकेपछि बुढीले सोचिछ म भोलि मरिगए चाँडो उठ्दिन । उता बुढाले मैले यसै पनि बिहानको घरधन्दा गर्नु पर्दैन बुढीले चैनी बडारकुँडार, दैला अँगेना गर्नुपर्छ । अँ हँ म त पहिले ज्यानजाला उठ्नेवाला छैन भन्दै घत्र्याक-घुत्रुक बुढाबुढी वरतिर परतिर सुते ।

भोलिपल्ट अब उज्यालो भयो तर कोहि उठ्नेवाला छैनन् । बुढोचाँहि बुढी उठी कि भनेर यसो चिहाउँदा बुढीको हलचल छैन । फेरि बुढी अबत बुढा उठेहोलान भनेर यसो सिरक उचालेर हेर्दा त बुढा लम्पसार परेर सुतिरा, अनि पनि छैन तनि पनि छैन । त्यो रोटीको सुरले बुढा बुढी नै उठेनन् र बाजे बज्यै के गरिरनु भा छ ? भनेर गाउँका मान्छेले सोध्दा बुढाबुढी कोही पनि बोलेनन् नबोलेपछि यसो हेर्दा ढोका लाइराखेको छ । आज यी बुढाबुढीलाई के भएछ त भनेर ढोका खोलेर हेर्दा बुढाबुढी ओरतिर परतिर लम्पसार परेका छन् । ला सक्किगोनि बुढाबुढी मरेछन् भनेर अरू गाउँलेलाई पनि बोलाएर के गरेछन् भने बुढाबुढी दुवै जनालाई एकै ठाउँमा हालेर बाटो लिए हुरुरुरु नदीको किनारमा पुगे । नदिको किनारमा पुगिसकेपछि तिनीहरूले दाउरा साउरा खोजे होरे र दाउरा उरुङ पारेर दुईटा चिता बनाइसकेपछि लु अब दागबत्ती दिनुपर्ने कस्लाई पहिले दिने भन्दा बुढा हुँदाहुँदै बुढीलाई पहिले दिने कुरा हुँदैन । त्यसैले पहिले दागवत्ति बुढालाई नै दिनुपर्छ भनिसकेपछि चैनी ल हुन्छ भनेर कतिको बत्तीको मुठो सल्काएर फकाएर चैनी बुढाको मुखमा यसो राखेको थियो बुढाले आत्था भनेपछि ....

दुईओटा हैन म त तीनओटै खान्छु अब भनेर बुढी जुरुक्क उठेर कुदी, बुढोपनिबुढी पछिपछि कुदो । ती मलामी चाहिने गटटट् कुदे ए पख पख भन्याछन् बुढाबुढी कुदेकाछन् । त तीनओटै खाने भन्दै कुद्दै गर्‍याछन् । दुईटै बुढाबुढी उफ्रिँदै कराउँदै हस्याङ् फस्याङ् गर्दै घरमा बुढी पैली पुगी र तीन ओटै रोटी खाइन् । बुढा हस्स परे भन्नेकथा

सुन्नेलाई सुनको माला । भन्नेलाईफूलको माला ।

यो कथा वैकुण्ठ जाला भन्ने बेलामा सरररर आइजाला ॥

कथावाचक

डिल्लीराम बराल, बर्दिवास-२

### ४.४.१ लोभको हद कथाको विश्लेषण

**क) शीर्षक परिचय**

लोभको हद कथा शीर्षकले गृहस्थ जीवनमा आइपर्ने अनेकन समस्यालाई जिद्दी र लोभले गर्दा झनै समस्यामा पार्छ त्यसैले आफ्नो हठ र दृढतालाई हदसम्म पुऱ्याउनु हुँदैन । सम्झौता गरी समस्या समाधान गर्न तर्फ लाग्नुपर्छ भन्ने कुराको घटना घटाएर यथार्थ विवरण प्रष्ट्याइएको छ । यस कथाको कथावस्तु र शीर्षकबीच सामञ्जस्य देखिन्छ ।

**ख) कथानक**

प्रस्तुत कथामा एउटा रोटीको लागि बुढाबुढीले देखाएको लोभको हद कसरी गर्दा रहेछन् भन्ने कथानक यस लोककथामा पाइन्छ । प्रस्तुत कथामा बुढालाई मीठे फापरको रोटी खान इच्छा जाग्नु नै कथाको प्रथम अवस्था हो । त्यसपछि बुढीले रोटी हाल्दै जाँदा जम्मा तीन ओटा मात्र रोटी हुनु र बुढीले चाँहि दुई ओटा रोटी खान्छु भनी प्रस्ताव राख्नु, बुढीले हैन म दुईओटा खान्छु तिमी एउटा मात्रै खाउ भन्नु,त्यसपछि सर्त राखेर बुढाबुढी सुत्नु, भोलिपल्ट गाउँलेले हेर्दा दुवै लम्पसार भएको देख्नु र बुढाबुढी मरेछन् भनेर मलामी सहित जलाउन खोलामा लानु यो कथाको मध्य अवस्था हो । पहिले बुढालाई दागबत्ती दिनलाग्दा बुढाको मुख पोल्नु आत्था भनेर उठ्नु र बुढाले सर्तमा हार खानु, बुढी दौडेर घरमा गएर तीन वटै रोटी खानु कथाको अन्त्य अवस्था हो । समग्रमा कथानक रोचक एवं कौतुहलपूर्ण बन्न गएको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथामा मुख्य पात्रका रूपमा दुवै देखा परेका छन् भने सहायक पात्रका रूपमा गाउँलेहरू रहेका छन् । बुढा र बुढीको स्वभाव खन्चुवा प्रवृत्तिको रहेको छ भने गाउँलेहरूको चरित्र सहयोगी प्रवृत्तिको रहेको देखिन्छ ।

### घ) परिवेश

प्रस्तुत कथा नितान्त ग्रामीण परिवेशमा रचिएको लोककथा हो । कथामा आएको पीठो कुट्नु, दाउरा खोज्नु, अँगेनामा पकाउनु, मजेरीमा सुत्नु, डोकोमा बोक्नु, लास जलाउन खोला लैजानु आदि प्रसंगले यो कथा पहाडी ग्रामीण परिवेशमा रचिएको कथा हो भन्ने पुष्टि हुन्छ ।

### ङ) कथोपकथन

लोभको हद लोककथामा लोभी एवं जिद्दी स्वभाव भएका दुवै बुढाबुढी बीचमा संवाद भएको छ । यसका साथै गाउँले गाउँले बीच केही संवाद भए पनि दुई बुढाबुढीको संवादले नै कथानक रोचक एवं कौतुहलपूर्ण भएको छ ।

### च) द्वन्द्व

प्रस्तुत लोककथामा जीद्दी स्वभाव भएका बुढाबुढी दुवैमा आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । यसको मुख्य कारण लोभ नै हो । बुढालाई म घरको मूल मान्छे मैले नै धेरै रोटी खान पाउनुपर्छ भन्ने खालको द्वन्द्व उत्पन्न भएको छ भने बुढीलाई मैले यत्रो दुःख गरेर मेहनतले रोटी तयार पारें त्यसैले धेरै मैले नै खान पाउनु पर्छ भन्ने आन्तरिक द्वन्द्व देखिएको छ । अतः कथालाई थप रोचक र उत्कर्षमा पु¥याउन आन्तरिक द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको छ ।

### छ) उद्देश्य

प्रस्तुत लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनु हो । समय र परिस्थिति अनुसार सम्झौता गरी समस्या समाधान गर्नु नै बुद्धिमानी हुनेछ भन्ने खालको नैतिक शिक्षा दिनु हो । साथै यस कथाको उद्देश्य श्रोता वा पाठकलाई मनोरञ्जन प्रदान गर्नु हो ।

### ज) भाषाशैली

प्रस्तुत लोककथा अन्य लोककथाजस्तै सरल भाषा, मीठो संवाद र सरल रूपमा रचिएको कथा हो । प्रस्तुत लोककथा सामान्य स्थानीय परिवेशमा रचिएको हुनाले स्थानीय भाषाको बाहुल्य देखिन्छ । कथयिताले प्रभावकारी तरिकाले वर्णन गरेको हुनाले यो कथा वर्णनात्मक शैलीमा रहेको छ

।

## झ) निष्कर्ष

प्रस्तुत लोककथाको निष्कर्ष भन्नुपर्दा आवेगमा आएर आफ्नो जिद्दीमा अडिग रहनाले नोक्सानी पनि बेहोर्नु पर्ने हुन सक्छ । समय र परिस्थितिलाई मध्येनजर गर्दै सम्झौता गरे सबैलाई फाइदा हुन्छ भन्ने खालको नैतिक शिक्षा प्रदान गरेको छ, साथै मनोरञ्जनका दृष्टिले रोचक एवं कौतुहलपूर्ण छ ।

## ४.५ पुरुषको भाग्य कथाको मूल पाठ

एकादेशमा एउटा गरिब केटा र छ । त्यो गरिब केटाको आमाबाबु दाजुभाइ कोइपनि रैनछन् । एक दिन दिक्क लागेर हातमा एउटा हँसिया बोकेर उ घरबाट निस्क्यो । जाँदा जाँदा एउटा बजार जस्तो ठाउँमा पुगो । तेल्लाई भोक र तिर्खा असाध्यै लागेछ । अनि मलाई पानी देऊ पानी देऊ भन्दै जाँदा एउटा होटलमा पुगेछ र तिमीले के खान खोज्या भन्दा मैले पानी खान खोज्या भनेपछि पानी दिए, पानी खायो, भोक पनि लागेको छ भनेपछि त्यो होटल मालिकका छोराछोरीले नखाएका जम्मा गरेर राखेका जुठो खाना अघि सारेर दिए उल्ले खायो । त्यो खाइसकेपछि त्यो होटलवालीले भनी तिमी यहाँ हाम्रो होटलमा काम गरेर बस्छौ. भन्दा त हुन्छ बस्छु भन्यो, मैले भन्या काम गर्छौ ? गर्छु । बाखा पनि हेर्नु पर्छ नि? हुन्छ म बाखा पनि हेर्छु भनो गरिब केटा थ्यो त्यै घरमा बसो अनि बसो त्यो रात तेत्तिकै बित्यो । भोलिपल्ट बिहान भो, बिहान भए पछि लु बाखा फुकाएर लैजा भने, बाखा फुकाएर लगो अलि पछिल्तिर जंगल थियो । त्यहीं बाखा चरायो बसो अनि बस्दा बस्दै आजबसो भोलिबसो त्यै जुठोपुठो खान दिन्थे, खायो, गएर बाखा हेर्दै दिन बित्थ्यो । हुँदाहुँदै ८/१० दिन भएपछि बाखाको खोरमाथि सुत्थ्यो । उल्लाई उप्याँले टोक्थ्यो । आज पनि उप्याँले टोक्ने भोलि पनि उप्याँले टोक्ने अन्त सुत्ने ठाउँ छैन उल्लाई सुत्न त्यहीं दियाछन् रातभरी उप्याँले खान्छ । निद्रा पाउँदैन अनि बिहान हुन्छ । बाखा लान्छ बाखा छोड्दिन्छ र रुखको फेदमा सुत्छ ।

हुँदा हुँदा एकदिन चाँहि तलतल लागो अब के खाने अनि फड्के बनाएर थापो अनि चराहरू पर्थे त्यै चरा मर्थ्यो पोलेर खान्थ्यो, खाँदा खाँदा एकदिन चाँहिधँगेराको बोटमा फड्के थापेर बोट मुनि चाँहि निदाएको बेलामा स्वर्गका इन्द्र राजा र महारानी भँगेनाको रूपधारण गरेर पृथ्वीमा भ्रमण गर्न आएका रछन् । आएपछि त्यै केटाले थापेको फड्केमा त्यो भँगेर्नी रूपी इन्द्ररानी चाँहि परिछन् । परेपछि त्यो केटा बिउँझियो । उठेर गएर त्यो भँगेर्नीलाई समातो अनि म अब पोलेर खान्छु भनेर ठीक पऱ्या थियो । भँगेरा इन्द्रराजाले भने हैन हैन न खा बरु तँ के अरू माग्छस् । त्यो दिन्छु तेल्लाई खाएर तँ अघाउँदैनस् भनेर भनेपछि त्यो भँगेरो इन्द्रराजा थिए । फड्केमा पर्ने चाहीँ रानी

थिइन । केटाले के दिन्छौं त तिमीले ? मैले माग्या कुरो दिन्छौ ? भनेपछि तँ जे माग्छस् म त्यै दिन्छु इन्द्रराजाले भनेपछि मलाई निद्रा देऊ भनो । राजाले एकछिन सोचेर दिन त दिन्छु तर १० वर्षका लागि मात्र दिन्छु भनेर बाचा गरे । त्यो केटालाई चै अबदेखि निद्रा लाग्ने भयो सुत्दा भनेर ढुक्क भयो र भँगेर्नी रूपी रानीलाई छाडिदियो अनि राजारानी फेरि स्वर्ग गए ।

..... यता केटा अबदेखि सुत्दा मीठो निद्रा लाग्नेभयो भनेर मख्ख छ उता इन्द्रराजा गम्भीर छन् किनकि निद्रा भनेकी त इन्द्रको छोरीको पो नाम रछ त । इन्द्रराजाले १० वर्षका लागि त छोरी दिने निर्णय पो गरेका रछन् ।

अब बाचा बाँध्या छ त्यो जंगलीलाई कसरी छोरी दिने भनेर सल्लाह गरेछन् र पहिला त्यो जंगलमा दरवार खडा गरिदिए, पाले, पहरा, खाने, पिउने सबै कुरा ठीक गरे वरिपरी पानीका छाँगा, मगमग बास्ना चल्याछन् त्यो दरबार झकिझकाउ भाको छ अनि मध्यरात भाकोथ्यो । त्यो केटा बिउँझियो । बिउझिदा धँगेराको फेद त एकदमै राम्रो सुन्दर दरबार झैं भएको थियो र ऊ अब पलङमाथि सुतिराखेको अवस्थामा थियो । त्यसै समयमा इन्द्रराजाको छोरी निद्रा त्यहीं झरिन् र दुवै सँगसँगै बसे र बस्न थाले ......

हुँदा-हुँदै आज भो भोलिभो दश वर्ष पनि बित्न लागो । दशवर्ष कबुल गर्‍याथ्यो । दश बर्ष बित्न दशदिन बाँकी हुँदा अनि इन्द्रराजाले छोरीलाई खबर पठाए अब म केही दिनमा लिन आउँछु भनेपछि निद्राले फेरि खबर पठाइन् । हैन बुबा अहिले ज्वाइँ गहिरो निन्द्रामा हुनुहुन्छ ७ दिन ७ रात पानी पार्नु पर्छ अनि ज्वाई उठे पछि मात्रै म आउँला यत्रो बर्ष यहाँ बसेकी सफा भएर आउँछु भनेपछि भोलिपल्ट देखि पानी पर्न थालो सात दिनसम्म पानी पर्दा पनि उ निदाको निदै भयो, उ बिउँझिएन र उ निदाएकै बेलामा छोरी निद्रालाई इन्द्रका दुतले स्वर्ग पुर्‍याए ।

एता उ झल्यास्स बिउँझियो । बिउँझिदा धँगेराको फेदमै थियो । पहिलेका दरबार आदि केही पनि थिएनन् नभएपछि उ चाँहि त्यही एउटा हाँसिया लिएर जंगलमै जान्छु भन्दै सोच्न थालो । अब फर्केर बाखा गोठालो बस्या ठाउँमा जौं भनेनी यत्रो वर्ष भैसको भैगो अब जंगलमै जान्छु भन्दै जाँदा-जाँदा जंगलभित्र पुगो रात पर्‍यो । एउटा सिमलको फेदमा यसो पतकर सतकर जम्मा गरेर त्यहीँ सुतो, सुतेपछि रातभरी जंगलका जनावरहरू आएर उसको रखवाली जस्ता भएर बसे । अनि उज्यालो भयो भएपछि त्यो सिमलको रुखको टुप्पामा गिद्धले गुण लगाको रछ । गिद्धका माउपोथी जम्मै चारा खोज्न गएको बेलामा त्यहीँ नजिकैबाट एउटा कालो सर्प निस्कियो रुख चढ्न लागेको बेलामा त्यसले त्यही हँसियाले टुक्रा टुक्रा बनाएर काटेर मिल्काइदियो रुख चढ्न दिएन । त्यो सबै

गिद्धका बच्चाले हेरिएका थिए उता गिद्धका माउपोथीले चारा खोजेर लिएर  आए, चारा ख्वाउन खोज्दा पैला त्यो तल बस्ने हामीलाई बँचाउने मनुष्यलाई ख्वाउ अनिखेरी मात्र हामी खान्छौं त्यसले त्यो सर्प नमारेको भए । सर्पले हामीलाई खान्थ्यो । हाम्रा दाजु, दिदीहरू कतिलाई खाइसक्यो । हामीलाई पनि खान्थ्यो, तेसैले उसलाई खान दिनु अनिमात्र हामीले खान्छौं भनेर ती बच्चाहरूले भनेपछि अनि तल झरेर उल्लाई खान दिँदा उल्ले त्यो सिनो के खान्थ्यो । नखाइसकेपछि फेरि त्यो चारो आफ्ना बच्चालाई दिँदै म यस मनुष्यलाई यसले मीठो मीठो खान मिल्ने ठाउँ स्वर्गमा पुऱ्याउँछु भनेपछि गिद्धका बच्चाहरूले चारो खाए र त्यो गिद्धले गिद्धिनीलाई बच्चाको राम्रो हेरचाह गर्नु । म यस मनुष्यलाई स्वर्गलोक पुऱ्याएर आउँछु भन्दै मनुष्यलाई अब तँ यहाँ यो बनमा नबस बनमा क्यै खान पाइँदैन । तँ मेरो दाहिने पट्टीको पखेटाको फेदमा बस, म तँलाई स्वर्गलोक पुऱ्याउँछु भनो, हुन्छ भनेर त्यो केटाचाँहि गिद्धको दाहिनेपट्टी काँधमा बसो । गिद्धले त्यो केटालाईचाँहि इन्द्र सरकारको राजधानीमा राजमहल अगाडि लगेर राखिदियो त्यसदिन त्यो त्यहीं बसो । भोलिपल्ट चैं इन्द्रकी छोरी निद्राको अर्कै केटासँग स्वयम्वर थियो । अनि दुई ओटा हात्ती रंगाएर सिंगारेर राखेका थिए ।, तेत्तिस कोटी देउताहरू वरिपरि बस्या थिए निद्राले कल्लाई आज बरमाला लाउँछिन् । निद्रा कसले पाउने हो भन्ने सबै जना ठूलो सोचमा थिए ।

अनि पहिले हात्तीलाई माला दिए । हात्तीले सबै देउताहरू माझमा तिनफन्का घुमेर सुँड गेटबाहिर छिराएर त्यै केटालाई टक्क माला लगाइदियो । लौ यो हात्ती बौलायो । यहाँ तेत्तिस कोटी देउता छन् त्यो मनुष्यलाई किन माला लायो । लौ अर्कै हात्ती ल्याउनुपर्छ भनेर र अर्को हात्ती ल्याए अर्को हात्तीले पनि तिन फन्का घुमी फेरि त्यसै केटालाई माला लगाइदियो । निद्रा पनि हातमा माला लिएर बसेकी थिइन र त्यै केटालाई निद्राले पनि माला लगाइदिइन् । सबैले अर्को हात्ती पनि बौलाएछ भने उनले त चिनी राखेकी थिइन् । निद्रा जुरुक्क उठेर बुबा हात्ती बौलाको छैन, हजुर बौलाउनु भाको भनेर निद्राले भनी मैले के गल्ती गरे के मैले गल्ती गरेकै हो त ? इन्द्रराजाले भने .....

म दश वर्षसम्म ऊसँग मृत्युलोकमा बसें ........... मृत्युलोकमा त नारीको पुरुष एकदेखि दुईटा हुँदैन भने म स्वर्गलोकमा बसेकी इन्द्रराजाकी छोरी मलाईचाँहि यस्तो गर्न खोज्ने तपाईं, तपाईं बौलाउनु भाको निद्राले भनेपछि हो मैले गल्ती गरेछु भनी उनलाई नङ केश गरेर, न्वाई ध्वाइ गरेर अनिखेरी राज परिवारको झैँ स्वर्गको लुगा कपडा लगाएर धुमधामले निद्रालाई तिलकुश गरेर दिए र अनि राज्य पनि उहीं दिएर इन्द्र सरखारको चैनी ज्वाईं भएर आनन्दपूर्वक बस्या थे रे ।

सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला ।

यो कथा सरासरी वैकुण्ठ जाला ।भन्ने बेलामा खुरु खुरु आउल ॥

**कथावाचक**

**सूर्य बहादुर बस्नेत, गौरीवास-४**

### ४.५.१ पुरुषको भाग्य कथाको विश्लेषण

**क) शीर्षक परिचय**

"स्त्रियाः चरित्रं पुरुषस्य भाग्यं दैवो न जानति कुतो मनुष्यः" भनेझैं पुरुषको भाग्य कथा शीषकले स्त्रीहरूको चरित्र तथा पुरुषको भाग्य कसैले जान्दैन । भाग्य राम्रो भएपछि कसैको केही लाग्दैन । जे होनी छ त्यो भएरै छाड्छ । पुरुषको भाग्य राजा इन्द्रले पनि बदल्न सक्दैनन् भन्ने कुराको प्रमाण कथामा अनेकन किसिमका घटनाहरू घटाएर यथार्थ प्रस्तुत गरिएको छ । यस कथाको कथावस्तु र शीर्षकबीच सामञ्जस्य देखिन्छ ।

**ख) कथानक**

प्रस्तुत लोककथामा एउटा गरिब पुरुषलाई भाग्यले डोऱ्याएर स्वर्गको उत्तराधिकारीसम्म पुऱ्याएको कथानक यस लोककथामा विभिन्न घटना घटाएर प्रस्तुत गरिएको छ । एउटा टुहुरो बच्चा भौतारिँदै हिड्नु, एक ठाउँमा गोठालो बस्नु, कथाको पहिलो अवस्था हो । जंगलमा बाखा हेर्दा भँगेर्नी रूपी रानी फड्केमा पर्नु,केटालाई सुत्दा निद्रा नलागेको कारणले बरदानमा निद्रा माग्नु, इन्द्रले मेरी छोरी पो मागेछ भनेर ....... राजाले निद्राको वरदान दिनु । निद्रा दश वर्षका लागि मृत्युलोकमा आएर फेरि स्वर्गलोक फर्कनु, कथाको मध्य अवस्था हो । गोठालो फेरि जंगलतिरै लाग्नु, जंगलमा गिद्धको बच्चा खान आएको सर्पलाई मार्न, गिद्धले आफ्नो बच्चालाई बचाएको हुनाले गोठालो केटालाई स्वर्गलोक पुऱ्याउनु, त्यहाँ निद्राको स्वयंवर हुन लागेको बेलामा हात्तीले कोटोलाई माला लगाइदिनु र फेरित्यसकेटालाई निद्राले स्वयंवर गर्नु दुवैको पुनर्मिलन हुनु र टुहुरो केटा स्वर्गलोकका राजा इन्द्रको ज्वाइँ भएर स्वर्गमा बस्नु जस्ता घटना कथानकको अन्त्य अवस्था हो । मनुष्यको भाग्य कसैले हरेर हर्दैन भन्ने विषयलाई समेटेर कथावस्तु बुनिएको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथामा मानवीय पात्र र मानवेतर अर्धदैविक पात्रका साथै पशुपक्षी तथा सरीसृप पात्रहरूको प्रयोग गरिएको छ । यस कथामा मुख्य पात्रका रूपमा एउटा टुहुरो केटाको उपस्थिति

रहेको छ । उ सोझो र साहसी पात्रकोरूपमा देखापरेको छ । उसको भाग्यलाई कसैले पनि बदल्न नसकेको र पछि राजा इन्द्रको ज्वाइँ भएर स्वर्गमा बसेकाले उसलाई सोझो, साहसी एवं भाग्यमानी व्यक्तिको रूपमा चित्रण गरिएको छ । यसकथाको प्रमुख नारीपात्रकोरूपमा इन्द्रकी छोरी निद्रा रहेकी छ । उ आज्ञाकारी एवं साहसी पात्रकोरूपमा देखिएकी छ । टुहुरो केटा गोठालो बसेको घरबेटी तुच्छ एवं हेलागर्ने पात्रको रूपमा देखिएकी छ । अर्द्धदैवीक पात्रका रूपमा स्वर्गका इन्द्रराजा र रानी रहेका छन् । उनीहरू बोलिको पक्का भनेको कुरा पुऱ्याइदिने सत् पात्रको रूपमा राजारानीलाई चित्रण गरिएको छ । त्यसैगरी जंगलमा रहेका गिद्ध, सर्प तथा स्वर्गको हात्तीलाई सहायक एवं रोमाञ्चक प्रदान गर्ने खालको पात्रको रूपमा चित्रण गरिएको छ । उल्लेखित सबै चरित्रका माध्यमबाट कथावस्तुको घटनाक्रमले कथालाई रोचक एवं कौतुहलपूर्ण बनाएको छ ।

### घ) परिवेश

प्रस्तुत लोककथाको प्रारम्भ ग्रामीण परिवेशबाट कथा सुरु हुँदै वनजंगलको लौकिक परिवेशमा चित्रण गरिएको पाइन्छ भने कथाको उत्तरार्धमा स्वर्गलोकको अलौकिक परिवेशमा घटना घटेको पाइन्छ । टुहुरो केटा हँसिया लिएर निस्केको भन्ने वित्तिकै ग्रामीण परिवेशमा रचिएको रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । बाखा हेर्न जंगल जानु, धँगेराको बोटमुनी बस्नु, फड्के थाप्नु, सिमलको रुखमीथ गिद्धले गुँड लगाउनुजस्ता कथानक लौकिक जंगली परिवेश भित्र पर्दछन् । यसका साथै स्वर्गलोकबाट मर्त्यलोक र मर्त्यलोकबाट स्वर्गलोकसम्मको यात्रा, इन्द्रकी छोरी निद्राको स्वयंवरको लागि तेत्तिसकोटी देवीदेवताको प्रसंगले अलौकिक स्ववर्गीय परिवेशमा रचिएको कुरा पुष्टि हुन्छ । यी सबै परिवेशले पाठक वा श्रोतालाई थप कौतुहलता प्रदान गरेको छ ।

### ङ) कथोपकथन

प्रस्तुत कथामा सर्वप्रथम टुहुरो केटा र होटलवाली बीचको संवाद पाइन्छ । स्वर्गको राजा इन्द्रसँगको टुहुरो केटाले गरेको संवादले जीवन्तता पाउन सकेको छ । त्यसैगरी गिद्ध र गिद्धका बच्चाहरूबीचको संवादले कथालाई थप गति प्रदान गरेको छ । यसका साथै निद्रा र इन्द्रराजाको संवादले कथालाई नाटकीकरण गर्दे थप कौतुहलता सिर्जना गर्नमा मद्दत पुऱ्याएको छ ।

### च) द्वन्द्व

प्रस्तुत लोककथामा कथाको प्रमुख पात्र टुहुरो केटाको मनमा सर्वप्रथम आन्तरिक द्वन्द्व नै उत्पन्न भएको देखिन्छ । किनभने ऊ टुहुरो हुन्छ, उसको आफन्त कोही पनि हुँदैनन् र अब म कहाँ जाउँ? के खाऊँ ? के लाऊँ?भन्ने खालको खुलदुलीका कारण केटाको मनमा आन्तरिक द्वन्द्व उत्पन्न

भएको देखिन्छ । केटालाई सुत्दा निद्रा नलागेपछि मलाई अब कस्ले कसरी निद्रा देला भनेर पनि उसको मनमा आन्तरिक द्वन्द्व उत्पन्न भएको छ निद्रा मर्त्यलोकबाट स्वर्गलोक गएपछि अब म कहाँजाउँ? के गरौं ? भन्ने किसिमको खुलदुली प्रमुख पात्रमा देखिन्छ । यसैगरी इन्द्रसँग टुहुरो केटाले वरदानमा निद्रा मागेको हुनाले राजाको मनमा अन्तरिक द्वन्द्व उत्पन्न भई अब के उपाय गरौं भन्दै सोच्दै दश वर्षका लागि आफ्नी छोरी निद्रा त्यसकेटालाई दिएका थिए । प्रस्तुत लोककथामा प्रमुख रूपमा आन्तरिक द्वन्द्व नै हावी भएको छ । जसले गर्दा कथा थप कौतुहलपूर्ण बन्न सफल भएको छ ।

**छ) उद्देश्य**

प्रस्तुत कथाको मूलपात्र टुहुरो केटालाई केन्द्रविन्दु बनाएर तयार पारिएको लोककथा पढ्दा वा सुन्दा आनन्द आउने, कौतुहल एवं रोचकताले भरिएको कथाको उद्देश्य भन्नु नै मनोरञ्जन प्रदान गर्नुका साथै भावीले लेखेको कुरालाई स्वयं इन्द्रले पनि टारेर नटर्ने हुँदोरहेछ भन्ने किसिमको ज्ञान दिनु पनि हो ।

**ज) भाषाशैली**

प्रस्तुत कथा सरल, सहज र बोधगम्य भाषामा रचिएको लोककथा हो । मध्यपहाडी भेगको बोलीचालीको नेपाली भाषाको प्रयोग भएकाले भाषा सरल र सहज बनेको छ । यस कथा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । एकादेशबाट सुरु भई सुन्नेलाई सुनको माला ........... भन्दै कथालाईवैकुण्ठ धामसम्म पुऱ्याउने सन्दर्भमा कथावाचकको आफ्नै भाषाशैलीको प्रयोग गरेको पुष्टि हुन्छ ।

**झ) निष्कर्ष**

"लिखितमपि ललाटे प्रोज्झितं कः समर्थः" अतः प्रारब्धमा लेखिएको कुरालाई कसैले रोक्न र छेक्न सक्दैन । भाग्य बलियो भए सडकबाट महल पुग्न बेर लाग्दैन भनेझैँ कथामा पनि टुहुरो केटा स्वर्गका राजा इन्द्रको ज्वाइँ भएर स्वर्ग लोकमा बसेको विषयवस्तुलाई समेटेर यो कथाको रचना भएको हो । समग्रमा यो लोककथा मनोरञ्जनका साथै रोचक एवं कौतुहलपूर्ण छ ।

## ४.६ बाघ र मान्छेको शक्ति कथाको मूल पाठ

एकादेशमा एउटा जंगल थियो । त्यो जंगलमा बिरालोसँग बाघको भेट भयो र बाघको भान्जा पर्दो रहेछ बिरालो । ए भान्जा तिमी त पहिले त निकै बलवान जस्तो थियौं  अहिले त मरन च्यासे भएछौं । के कारणले यस्तो भयो ? यो कुरा जम्मै मलाई भन त भनेर बाघले बिरालोलाई सोध्यो । बिरालोले पनि रुन्चे स्वरले के गर्नु मामा पहिले म जंगलमा हुँदा खेरी निक्कै खाईलाग्दो थिए तर जंगल छोडेर मान्छेको संगतमा परेपछि त म यस्तो ख्याउटे, मरनच्यासे, लुरे भएँ मामा यसरी बिरालोले बाघलाई भन्यो । बाघ जंगियो । ए यस्तो बलियो मेरो भान्जालाई मरन च्यासे, ख्याउटे बनाउने मान्छे रहेछ । ल मान्छे कहाँ छ देखाउ त भान्जा भनेर प्रश्न गऱ्यो । भान्जारूपी बिरालोले यसो आँखा घुमाउँदै एउटा घना जंगलभित्र समथर परेको ठाउँमा एक जना कोही किसान गोरु जोती रहेको थियो र उसले त्यहाँ देखाइ दियो । त्यसो भए ल अब हिंड जाऊँ आज म त्यसलाई छोड्ने छैन भनेर बाघ र बिरालो किसानले हलो जोती रहेको ठाउँमा आइपुगे र बाघले किसानलाई भन्यो । तिमी त्यती शक्तिशाली मान्छे आज तिम्रो र मेरो शक्तिको परिचय हुन्छ ल शक्ति भए मसँग लड्न आउ भनेर बाघले किसानलाई धाक दियो । किसान अलमलियो अब के गर्ने भनेर असमञ्जसमा पऱ्यो । उसले पनि बिचमा जुक्ती निकाल्यो । यसलाई कुनै न कुनै तरिकाले त ठीक पार्नै पऱ्यो भनेर मन-मनमा गुनेर ए तिमी मसँग लड्ने मेरो शक्ति त मैले घरको खोपामा राखेर आएको छु । शक्तिशाली व्यक्तिले शक्तिशाली व्यक्तिसँग कति छ पावर भन्ने कुरा त तब थाहा हुन्छ जब म पनि शक्तिमा हुन्छु । त्यसो भए तिमी पनि शक्ति लिन जाउ भनेर बाघले किसानलाई भन्यो किसानले अर्को कुरा के थप्यो भने म शक्ति लिन गएपछि तिमी भाग्ने छौ कि भन्ने कुरालाई बाघले म भाग्दिन भनेर कति बिन्ती गर्दा पनि किसानले मानेन । त्यसो भा के गर्दा खेरी तिमीलाई चित्त बुझ्छ त्यही गर भनेर बाघ किसानको कुरामा मन्जुर भयो र किसानले बाघलाई रुखमा तिनै गोरुका जोतारा, दाम्ला आदि फुकाएर टनटनी कस्यो र अनौ फुकालेर ड्यम्किड्याम् पिट्न थाल्यो र भन्न पनि थाल्यो कि देखिस मानिसको शक्ति कस्तो हुँदो रहेछ । अब थाहा पाइस् भनेर बाघलाई मरणासन अवस्थामा पारेपछि पक्कै पनि यसले मलाई केही गर्न सक्दैन भनेर सारा बन्धनहरू खोलिदियो र बाघले कुलेलाम ठोक्यो । त्यसैदिनदेखि बाघ मान्छेदेखि डराउने र मान्छे बाघदेखि डराउने भएका हुन् भनिन्छ ।

सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला ।

यो कथा सरासरी वैकुण्ठ जाला । भन्ने बेलामा खुरु खुरु खुरु आउला ॥

कथावाचक

चूडामणि बराल, बर्दिवास-१

### ४.६.१ बाघ र मान्छेको शक्ति कथाको विश्लेषण

**क) शीर्षक परिचय**

बाघ र मान्छेको शक्ति कथा शीर्षकले बाघ र मान्छेबीचको शक्तिको परिचयका साथै एउटा चतुर मनुष्यले शक्तिशाली बाघलाई कसरी आफ्नो अधीनमा लिन सक्छ भन्ने कुराको खुलासा गरेको छ । कथावस्तु र शीर्षकबीचमा सामञ्जस्य देखिन्छ ।

**ख) कथानक**

प्रस्तुत कथामा "जुक्तिसामु शक्ति टिक्दैन" भन्ने कुरा यस कथाको कथावस्तुको रूपमा आएको छ । यस कथामा एउटा जंगलमा बाघ र बिरालोको भेट हुनु, बाघले बिरालोलाई तिमी किन यसरी ख्याउटे, मरनच्यासे कसरी भएको? भनेर प्रश्न गर्दा बिरालोले मान्छेको संगत गरेर यस्तो भएको भन्नु, बाघ जंगिनु कथाको पूर्वार्ध हो । मान्छेसँग लड्न जानु, किसानले जुक्ति निकाल्नु, बाघलाईआफ्नो अधीनमा पारी मरणासन अवस्थामा पुऱ्याउनु र बाघ त्यहाँबाट कुलेलाम हुनु र किसानको जित हुनु कथाको उत्तरार्ध हो र त्यसैदिनदेखि बाघ मान्छेसँग डराउने र मान्छे बाघदेखि डराउने भएका हुन् भन्ने सन्दर्भमा कथावस्तु बुनिएको छ । प्रस्तुत लोककथामा घटेका घटनाक्रमले "जुक्तिसामु शक्ति टिक्दैन" भन्ने उक्तिलाई प्रष्ट पारेको छ । समग्रमा कथानक अत्यन्तै रोचक एवं कौतुहलपूर्ण बनेको छ ।

**ग) पात्र/चरित्र**

प्रस्तुत लोककथामा मानव र मानवेतर पात्रको कुशल प्रयोग गरिएको छ । प्रस्तुत कथामा कथाको नायक किसान साहसी र बुद्धिमानी चरित्र भएको प्रमुख पात्रको रूपमा छ भने मानवेतर बाघ मूर्ख चरित्र भएको खलनायकको रूपमा प्रस्तुत भएको छ । प्रस्तुत लोककथाको प्रमुख पात्र एउटा गरिब किसान भए पनि उ बुद्धिको धनी भएको देखिन्छ । उसले आफ्नो बुद्धिले बाघजस्तो शक्तिशाली जन्तुलाईआफ्नो अधीनमा पारी भगाएकाले किसानलाई साहसी र बुद्धिमानी चरित्रले भरिएको पात्रको रूपमा चित्रण गरिएको छ भने बाघ शक्तिशाली प्राणी भए पनि बुद्धिको कमिले गर्दा मान्छेदेखि हार खानु पर्ने बाध्यता भएको बाघलाई एउटा मुर्ख चरित्र भएको तथा मनोरञ्जन दिने पात्रको रूपमा चित्रण गरिएको छ । उपर्युक्त चरित्रको माध्यमबाट कथानक रोचक बनेको छ ।

**घ) परिवेश**

प्रस्तुत लोककथा जंगली परिवेश तथा पहाडी ग्रामीण परिवेशमा रचिएको छ । बाघ र बिरालोको भेट हुनु तथा किसानले खेत जोत्नु, सन्दर्भले यो कथा जंगली परिवेश तथा पहाडी ग्रामीण परिवेशमा रचिएको हो भन्ने स्पष्ट हुन्छ । ग्रामीण र जंगली परिवेशको मिश्रणले कथा रोचक एवं कौतुहलपूर्ण बन्न गएको छ ।

**ङ) कथोपकथन**

प्रस्तुत लोककथामा सर्वप्रथम मानवेतर दुई जन्तु बाघ र बिरालो बिचको कुराकानी बाट कथानक प्रारम्भ भएको छ । प्रस्तुत कथामा बाघ र किसानबीचको संवादले कथानक मनोरञ्जनात्मक एवं कौतुहलपूर्ण बनेको छ ।

**च) द्वन्द्व**

प्रस्तुत लोककथामा सर्वप्रथम मानवेतर जन्तु बाघको मनमा वैचारिक संघर्ष भएको देखिन्छ । बाघको भान्जारूपी बिरालो न्याउरो तथा ख्याउटे हुनुको कारणले गर्दा बाघमा आन्तरिकद्वन्द्व उत्पन्न भएको देखिन्छ भने किसानको मनमा अब यस शक्तिशाली बाघलाई कसरी तह लगाउने भन्दै किसानको मनमा पनि आन्तरिक द्वन्द्व उत्पन्न भएको देखिन्छ । यसका साथै बुद्धु बाघ र चतुर किसानबीचमा शक्तिसंघर्षयुक्त बाह्यद्वन्द्व पनि देखापरेको छ ।

**छ) उद्देश्य**

प्रस्तुत लोककथाको मुख्य उद्देश्य भनेको षड्यन्त्र पर्दाको बखतमा कसरी उम्कने भन्ने चतुर्याइँको शिक्षा दिनुका साथै पाठक वा श्रोतालाई मनोरञ्जन प्रदान गर्नु अर्को उद्देश्य हो ।

**ज) भाषाशैली**

प्रस्तुत कथा सरल, सहज र बोधगम्यका साथै सामान्य स्थानीय परिवेशमा रचिएको हुनाले स्थानीय भाषाकै बाहुल्यता देखिन्छ । स्थानीय कथ्य भाषाको प्रयोगका साथै कथाको क्रममा आउने थेगोले कथालाई रोचक बनाउन मद्दत पुऱ्याएको छ । यो कथा लोककथा झैँ वर्णनात्मक शैलीमा रचिएको कथा हो । यो कथा कथावाचकको आफ्नै शैलीमा रचिएको हो भन्न सकिन्छ ।

### झ) निष्कर्ष

"जुक्तिसाम शक्ति टिक्दैन" भने झैँ प्रस्तुत लोककथामा बुद्धु बाघ र चतुर किसानबीचमा घटना घटाएर शक्तिभन्दा बुद्धि ठूलो हो भन्ने कुराको स्पष्ट रूपमा चित्रण गराई चतुऱ्याइँ मूलक शिक्षा यस लोककथाबाट दिन खोजिएको छ । अतः शक्तिको घमण्ड गर्नु हुँदैन भन्ने शिक्षा प्रस्तुत लोककथाबाट लिन सकिन्छ ।

## ४.७ बाठो, ठग र सोझाको कथाको मूल पाठ

अघि कुनै एकादेशमा दाजुभाइ रछन् । ती दाजुभाइ मध्ये ... भाइचाँहि ज्यादै बाठो र दाजु चाँहि साह्रै सोझो रछ । त्यो दाजु चाँहि जंगलमा गाईगोठ, भैंसीगोठ लगेर बसेको र भाइचाँहि मौजाको जिमिदारी रछ । पैसा चैनी तिरो उठाएर तिरो तिर्न भनेर भाइले पैसा उठाएको बेलामा दाजु चाँहिलाई गाउँका छुलियाले उकासेर ए तेरो भाइले जम्मै खाइसको तँ चाँहि सोझो यहाँ घाँस काट्या काट्यै पैसा कारोवार गर्ने भाइ चाँहि भनेर दाजु चाँहिलाई उकासेछन् र उकासेपछि त्यो दाजु चाँहि आएर भाइसँग खुब रिसाएछ र यस पालिचैं म तिरो तिर्न जाने हो भनेर कस्सिए पछि लौ जात भनेर बाटामा पैसा जतनले लानुभनेर अराई सिकाई गरेर पठाएछ र पैसा बाटामा लिएर जाँदा-जाँदै भाइले फलानो ठाउँमा बास बस्नु भनेर अराई सिकाई गर्याथ्यो त ठीकै त्यसै ठाउँमा गएर बस्दाखेरी एउटा कहीं नभाको छट्टु बुढाले चैनी ए मीतछोरा काँ हिँड्या भनेर सोधो म त तिरो बुझाउन पैसा लिएर हिड्या भनेपछि ए .... मेरो घरमा हिंड भनेर फकाई फूलयाई घरमा लगेछ र लौ मीत छोरा यहाँ त चोर लाग्छ पैसा मीत आमालाई राख्नदे भनेछ र मीत आमालाई राख्न लगाएछ । अनि भात खाने बेला भएपछि लौ एउटा कथा नभनिकन त हाम्रो भात खानदिने चलन छैन भनेर भनेपछि .............. क्यै जनानेको बरा जंगलमा बसेको लट्टुचुपोलागेर बसो । भोलिपल्ट बिहान लौ मितबा म त जाने हो पैसा दिनुस भनेपछि त्यो बुढाले चैनी राती घ्याम्पा फोरेर घ्याम्पाका मसिना माटाका डबल जस्तै जम्मा पारेका दुई तोडा बनाएर उस्तै धोक्रोमा दियो । त्यो लिएर गाको थियो अड्डामा अड्डाका कर्मचारीले चैनी पैसा खोलेरहेर्दा खेरी त के को पैसा हुनु जम्मै माटाका खबटै खबटा .... ।

ए ............. तेरीमाँ फटाहा यो त फटाहा पो र छ यसलाई त झ्यालखानामा थुन्नु पर्ने रैछ भनेर कुरा गर्दै थिए । एकजना हाकिमले सोधे । तँ त गाउँको पुरानो, सोझो मान्छे रछस । अघिका पुराना कुरा गर त भनेर चैनी भने भन्दाखेरी त अँ ....... अघि हाम्रा बा का पालामा त बाका

दारीमा कोटाराले गुण लाउँथ्यो, बञ्चराले फापर ढाल्थे । भनेपछि लौ यो साँच्चिकै फटाहा रछ पैसा भनेर माटाका खबटा ल्याउँछ तेरीमाँ फटाहा भनेर जेल हाल्दे ।

त्यो जेल हाल्देको कुरा भाइले थाहा पायो र गोठामा अर्को मान्छेलाई राखेर दौडेर दाजु कहाँ गएर सोध्यो कहाँ कहाँ, के के भयो ? पैसा के गरिस् भन्दाखेरी बाटामा बास बस्दाखेरी यसरी राख्न दिएको मात्र हो अन्त त केही भएजस्तो लाग्दैन भनेपछि ............ ए त्यै बुढाको काम र छ भनेर भाइ फर्क्यो । फर्केर आएर फेरि त्यै ठाउँमा बास बसो । बुढो उही हो दाजु चाँहिसँग हुलियाली राख्याथ्यो अनि त्यहीं बसो बसेपछि पहिले दाइचाँहिलाईजस्तै गरी लु मीत छोरा पैसा हराउँछ चोरिन्छ पैसाजति मीत आमालाई राख्नदे भनेर भनेपछि दियो र लु अब भात खानु पर्नी यहाँ त एउटा उपकथा नभनीकन हाम्रो भात खान दिने चलन छैन भनेपछि, चुप लागो भनेन उँदरले भात खाए ओरे त्यो त्यतिकै भोकै सुतो ।

भोलिपल्ट बिहान भएपछि मीतबा मीतबा मैले बेलुका भन्न बिर्सेछु, बुढी तेतीबेला पानी लिन गाकी रैछ । कल्ले के भन्या थियो मीत छोरा ?तपाईंलाई सात गाउँमा पूजा लाउन पठाइ दिनु है नानी त्यै बाटो जानुहुनी रछ भन्याथ्यो । मैले त्यो कुरा भन्न बिर्सेछु भनेर भनेपछि ए .... भनेर बुढाको पालो सातगाउँमा पूजा लाउन दौड्यो ।

अनि मीत आमा चैनी पानी लिएर आइपुगी अनि मीतआमा मीतआमा मैले त हिजो बेलुका भन्न बिर्सेछु ठूलो गल्ती भएछ छोरो लडेर बाखेपानीखर्कमा सारासार छ । मलाई भन्दिनु है भनेर भनेका थिए म त्यै बाटो भएर आको थिएँ मैले भन्न बिर्सेछु मीतआमा भनेपछि .... बुढी रुदै र कराउँदै बाखेपानीखर्कतिर गै अनि उसको पालो भालुखर्कमा गएछ र छोरालाई भन्दिएछ । आज त तिम्री आमा मरेर घाटमा लग्याछ । मलाई छिट्टै भन्दिनु भन्याथ्यो । आउँदा आउँदै यतिबेर भैसको बाबु ऐलेबाट टोपी झिकेर दौड तिमी घाटमा सिधै जौ है घाट लगिसक्याछन् भनेर छोरालाई उता दौडाइदियो ।

छोरो दौडेर घाटमा पुगो । उता चैनी आमा जंगलमा खोजेकी छ कहीं छैन छोरो । उता बुढो यो गाउँ जान्छ पूजा लाउने मान्छे छैनन् त्यो गाउँ जान्छ र पनि छैन अर्को गाउँ जान्छ त्याँ पनि छैनन् । सातगाउँ घुमिसक्दा पनि पूजा लाउने ठाउँ कहिं पनि छैनन् ।

तिनैजना बिफल भएपछि त्याँबाट दौडेर चैनी पहिले बुढो घर आइपुगो र भनो ए नानी तैंले के नचाहिया कुरा गर्या कहींपनि छैन पूजा भन्दैथ्यो । बुढी पनि स्याँ स्याँ र फ्याँ फ्याँ गरेर बुढी आइपुगी बुढी ठ्याक्क आइपुग्नी बित्तिकै छोरा पनि हातमा टोपी लिएर दौडेर घर आइपुगो । बुढाले

भने - के गर्या नानी यस्तो दुःख दिने काम भन्याथ्यो । मैले त उपकथापो भन्द्यात भनेर चैनी भन्द्यो र अझै उपकथा त भन्नै पो छ भनेपछि -हैन हैन अब कथा भन्नु पर्दैन तँ गैजा भनेर बुढाले भनो लु तेसोभए मैले राख्न दिएको पैसा द्याओत भनेर भन्दा मीतआमाले दिई त्यहीं खोलेर हेर्दा त माटाका पैसा ........ पैलिनै नक्कली पैसा राख्न दिएको रछ ........ तेरीमाँ हो तिमीहरूलाई चैनी अरू चाडा उपकथा नभनी छाड्दिन भनेपछि ...........

होइन होइन होइन अब कथा भन्नु पर्दैन भनेपछि तेसो भए मेरा सक्कली पैसा खै लौ द्याओ भनेपछि ती अघि दाजुले राख्न दिएका दुइतोडा पैसा थिए, त्यै पैसा फिर्ता लिएर गएर अड्डामा बुझाइदियो तीरो तिरो अनि मेरो दाजु किन थुन्या तिमरले लु भन भनेपछि तेरो दाइले फट्याइँ कुरा गरो अनि थुन्या भनेपछि के फट्याइँ कुरो भन्दाखेरी हाम्रा बाका दारीमा कोटराले गुण लाउँथ्यो, बन्चराले फापर ढाल्थे भनेर हामीसँग फट्याई कुरा गरो भनेर हाकिमहरूले भनेपछि ........

साँच्चै त हो त बाका दारी काटेर सिस्नाको झ्याङमा फाल्याथ्यो । त्यो लगेर कोटराले गुणलाको हो । कोटराको गुणमा हेरत जम्मै दारीका चैनी गुण हुन्छन् । त्यस बर्ष कँच्या थिएनन् र जम्मै बञ्चराका कँच्या बनाएर फापर काट्या थियो । साँच्चै हो लौ निकाल्दयाओ भनेपछि दाजुलाई छोडिदिए अनि दाजुलाई लिएर घरै आयो पछि भएपछि दाजु जंगलमै गोठमा गएर बसो भाइचाँहि घरमै जिमिदारी चलाएर बसो भने बाठोको, ठगको र सोझाको यति तिन थरिका मान्छेका कथा यो यस्तै हो ।

सुन्नेलाई सुनको माला ।भन्नेलाई फूलको माला ।

यो कथा सरासरी वैकुण्ठ जाला ।भन्ने बेलामा खुरु खुरु खुरु आउल ॥

**कथावाचक**

**गोबिन्द प्रसाद दुलाल, गौरीवास-३**

### ४.७.१ बाठो, ठग र सोझाको कथा विश्लेषण

**क) शीर्षक परिचय**

बाठो, ठग र सोझाको कथा शीर्षकले नैतिक एवं व्यवहारिक शिक्षा प्रदान गरेको छ । प्रस्तुत कथामा अरूले उचाले भनेर कुरा नबुझी निर्णय लिदा दुःख पाइनु, अरूलाई छलकपटगरी ठग्दा दुःख पाइनु र विवेकले काम गर्दा समस्या समाधान हुने कुराको कथानक

अनेकन किसिमका घटनाहरू घटाएर प्रष्ट्याएको छ । यस कथाको कथावस्तु र शीर्षकबीच सामञ्जस्य देखिन्छ ।

**ख)　　कथानक**

प्रस्तुत कथामा समाजमा रहेका व्यक्तिहरू हुन्छन् तिनीहरूको आ आफनै बुद्धि हुन्छ र सबैले आफनो बुद्धिले काम गरे अनुसार प्रतिफल पाइरहेका हुन्छन् भन्ने कुरालाई अनेकन किसिमका घटनाहरू घटाएर तयार पारिएको यस लोककथामा कुनै एकादेशमा दुई दाजुभाइ हुनु, दाजुचाँहि साह्रै सोझो र भाइचैँ ज्यादै बाठो हुनु, दाजुचाँहि गाई, भैसी गोठगरी बस्नु, भाइचाँहि मौजाको जिमिदारी भई पैसा उठाएर तिरो तिर्ने काम गर्नु, गाउँका हुलियाले दाइचाँहिलाई उचाल्नु कथाको प्रारम्भिक भाग हो । दाइचैँ तिरो तिर्न अड्डा जानु, बाटामा बास बसेको ठाउँमा असली पैसा साटेर नक्कली पैसा दिइ पठाउनु, नक्कली पैसा ल्याएको भनेर दाइचाँहिलाई जेल हाल्नु, उता भाइले दाइलाई जेल हालेको कुरा थाहा पाउनु यो कथाको मध्य भाग हो । भाइचैँले आफनो बुद्धि र विवेकको प्रयोग गरी अनेकन तरिकाले ठग बुढाबाट पैले दाजुसँग साटेर राखेको सक्कली पैसा फिर्ता लिई अड्डामा पैसा जम्मा गरी बुद्धिमानीपूर्वक कुरा मिलाई दाजुलाई जेलबाट मुक्त गराई घर फर्कनु र फेरि आ आफनो काममा लाग्नु कथाको अन्त्य अवस्था हो । मनुष्यले अरूको लहै-लहैमा लागेर कहिल्यै पनि नजानेको काम गर्नु हुँदैन र सोझो व्यक्तिलाई ढाँट, छल गर्नु हुँदैन भन्ने किसिमको कथानक यस कथामा प्रस्तुत गरिएको छ । समग्रमा कथानक कौतुहलपूर्णका साथै मनोरञ्जनात्मक बन्न सफल भएको छ ।

**ग)　　पात्र/चरित्र**

प्रस्तुत लोककथामा मानवीय पात्रहरूको प्रयोग गरिएको छ । यसलोककथामा मुख्य पात्रको रूपमा भाइचैँलाई लिइएको छ । भाइचैँ चलाख एवं बहादुरी पात्रको रूपमा प्रस्तुत भएको छ । दाइचैँलाई सोझो किसिमको पात्रकोरूपमा चित्रण गरिएको छ । गाउँलेहरूलाई छुलिया एवं भँडुवा प्रवृत्ति बोकेको पात्रको रूपमा चित्रण गरिएको छ । ठग बुढा र बुढी दुवै खराब नियतका कारण खराब चरित्र भएको व्यक्तिका रूपमा चित्रण गरिएको छ । यसका साथै अड्डाका हाकिमहरूलाई सहायक पात्रको रूपमा उपस्थित गराइएको छ ।

**घ)　　परिवेश**

प्रस्तुत लोककथा लौकिक पहाडी ग्रामीण परिवेशमा रचिएको छ । गाउँ, समाजका सबै मानिसहरू कर्तव्य अनुसार कार्य गर्देनन् । कपतिपय अल्छी, फटाहा, छुलिया, सोझा, ठग आदि

प्रवृत्तिका हुन्छन् तर तिनीहरूलाई सत्बुद्धिका साथै अर्तिउपदेश दिँदा सत् मार्गमा लगाउन सकिने परिवेश देखाइनुका साथै गच्छेअनुसार काम गर्नुपर्छ भन्ने कुराको परिवेश यस लोककथामा पाइन्छ ।

### ङ) कथोपकथन

बाठो, ठग र सोझो शीर्षक लोककथामा मानवीय पात्र अनुकूलको संवाद पाइन्छ । यस कथामा सर्वप्रथम गाउँका छुलिया र सोझा दाइको बीचमा संवाद भएको छ । यसका साथै दाइचैँसँग ठग बुढा र अड्डाका हाकिमहरूबीच संवाद भएको छ । यस कथाका प्रमुख पात्र भाइसँगचैँ गरेको ठग बुढाबुढी, ठग बुढाको छोरो र अड्डाका हाकिमहरूसँग गरेको संवादले कथालाई थप रोचकता प्रदान गर्नुका साथै उत्कर्ष सिर्जना गर्नमा मद्दत पुऱ्याएको छ । अरूको जालझेलमा परी दाइलाई जेल हालेपछि आफनो बुद्धि र चतुऱ्याइँले समस्या समाधान गर्न सफल हुन सकेको कथोपकथन यस कथामा प्रस्तुत गरिएको छ ।

### च) द्वन्द्व

प्रस्तुत लोककथामा सर्वप्रथम गाउँका छुलियाले दाइचैँलाई उचालेको हुनाले दाइचैँको मनमा आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । उसलाई तँ सोझो छस् तेसैले तँलाई गोठालो राखेर भाइले सबै खाइसको भन्ने किसिमको कुराले उचालेपछि दाइचैँको मनमा साँच्चै पो होकि क्याहो ? भन्ने मनमा द्वन्द्व भएको छ । ठग बुढा र बुढीले दाइचैँले लिएर गएको पैसालाई कसरी आफनो बनाउने भन्ने द्वन्द्व बुढाबुढीमा रहेको छ । यसका साथै भाइचैँले बुद्धि एवं विवेकले समस्या समाधान कसरी गर्ने भन्ने किसिमको छन्द कथानकमा प्रस्तुत भएको छ । प्रस्तुत लोककथामा आन्तरिक द्वन्द्व नै मुख्य रूपमा आएको छ । जसले कथालाई थप कौतुहलपूर्ण बनाएको छ ।

### छ) उद्देश्य

प्रस्तुत लोककथाको मुख्य उद्देश्य भनेको गाउँघर, समाजमा अनेकन किसिमका भिन्न भिन्न विवेक र बुद्धिले युक्त मानिसहरू बस्दछन्, सबैले आफ्नो विवेकले र गच्छेअनुसार कार्य गरे दुःख पाउनु पर्दैन भन्ने सन्देश दिनु, समाजमा विकृति फैलाउने खालका घटनाबाट सबै आम व्यक्ति सचेत हुनुपर्छ भन्ने नैतिक शिक्षा दिनु यस लोककथाको मुख्य उद्देश्य हो । साथै पाठक वा श्रोतालाई मनोरञ्जन प्रदान गर्नु अर्को उद्देश्य हो ।

### ज) भाषाशैली

प्रस्तुत कथा सरल, सहज र बोधगम्य भाषामा रचित लोककथा हो । प्रस्तुत कथा सामान्य स्थानीय परिवेशमा रचिएको हुनाले स्थानीय भाषाको प्रयोगमा बाहुल्यता देखिन्छ । साथै कथामा आएका मौजा, जिमिदारी, तिरो, छुलिया, लट्ठु, डबका, तोडा, खबटा आदि शब्दहरू र थेगोले गर्दा कथालाई स्थानीय परिवेशमा रचिएको हो भन्ने कुरा पुष्टि हुन्छ । वर्णनात्मक शैलीमा प्रस्तुत भएको लोककथा सुरुवातमा अघि कुनै एकादेशमा बाट सुरु भई सुन्नेलाई सुनको माला ........ भन्दै कथालाई वैकुण्ठधामसम्म पुऱ्याउने सन्दर्भमा कथावाचकको आफ्नै शैलीमा रचिएको हो भन्ने पुष्टि हुन्छ ।

### झ) निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा अनेकन किसिमका घटनाहरू घटाएर कथानक तयार पारी जनमानसमा नैतिक शिक्षा दिने प्रयास यस लोककथाले गरेको छ । बाठो, ठग र सोझो मान्छेको सेरोफेरोमा यो कथा रचिनुका साथै रोमाञ्चक एवं कौतुहलताले भरिएको र मनोरञ्जनात्मक छ ।

## पाँचौ अध्याय

## उपसंहार

### ५.१ सारांश

नेपाली लोकसाहित्यको क्षेत्रमा मानव सभ्यतासँगै शुरु भएको लोककथाको विशेष महत्त्व रहेको छ । लोककथामा यथार्थभन्दा बाहिरका कुराहरू, अतिरञ्जित र काल्पनिक कुराहरू समावेश गरिए पनि यसले मनोरञ्जनका माध्यमबाट लोकलाई बालकदेखि बृद्धसम्म सबैलाई नीति शिक्षा प्रदान गर्दछ । नेपाली लोककथाको सङ्कलन परम्परामा बोध विक्रम अधिकारीको "नेपाली दन्त्यकथा" (१९९६) पहिलो कृति हो । त्यसपछि नेपाली लोककथाका क्षेत्रमा विभिन्न कथाकार र विद्वानहरूले लोककथाहरू सङ्कलन गरी अनुसन्धानमूलक कृतिहरू प्रकाशन गरेका छन् । प्रस्तुत अध्ययन पत्रमा महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरूको सङ्कलन, अध्ययन र विश्लेषण रहेको छ । नेपालको अमूल्य रूपमा रहेको लोकसाहित्य र यसको महत्त्वपूर्ण रूपमा रहेको लोककथा पुनः जागृत हुनेछ भन्ने अनुमान स्वरूप यसको अध्ययन एवं अनुसन्धान यथाशक्य प्रयास गरिएको छ ।

'महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाको अध्ययन' नामको अध्ययनपत्र तयार भएको छ । प्रस्तुत अध्ययनपत्र महोत्तरी जिल्लाको उत्तरी भेग बर्दिवास क्षेत्र आसपासमा प्रचलित लोककथाहरूको सङ्कलन, अध्ययन र विश्लेषणमा पहिलो अध्यायदेखि पाँचौ अध्यायसम्ममा संरचित गरिएको छ । पहिलो अध्यायमा शोध परिचय राखिएको छ । यस अध्यायमा अध्ययन कार्य पूरा गर्नका लागि विषय परिचय, समस्याकथन, अध्ययन विधिको विश्लेषण, पूर्वकार्यको समीक्षा, अध्ययनपत्रको औचित्य, अध्ययन कार्यको सिमाङ्कन, अध्ययन विधि सहित अध्ययन पत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो अध्यायमा महोत्तरी जिल्लाको सङ्क्षिप्त परिचय, नामकरण, हावापानी, नदीनाला तथा बनजंगल, जनसंख्या, जनजीवन, आर्थिक अवस्था, अन्नवाली, यातायात तथा संचार, शिक्षा, भाषा र धार्मिक परम्पराका साथै अध्ययन क्षेत्रको पनि सङ्क्षिप्त परिचय समेटिएको छ ।

तेस्रो अध्यायमा नेपाली लोककथाको परिचय, परिभाषा, विशेषता, तत्त्वहरू र वर्गीकरण रहेको छ । यस अध्यायमा लोककथाको परिभाषा दिने क्रममा विभिन्न विद्वानहरूले आ आफनै शैलीमा परिभाषित गरेका छन् भने लोककथा काल्पनिक अकाल्पनिक, लौकिक-अलौकिक, सम्भव-

असम्भव कुने कुराको सीमा नभई सबैको साधारणीकरणद्वारा रसात्मक अनुभूति गराउने, रोचक र श्रुतिमधुर, सरल र सहज रूपमा शिक्षा तथा उपदेश दिने कथा भनेर परिचय गराइएको छ ।

चौथो अध्यायमा महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरूलाई सङ्कलन गरी लोककथाहरूको क्रमशः तत्त्वगत आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । जसमा लोककथाको विषयवस्तु, पात्र/चरित्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य र भाषाशैली आदिको लोकतत्त्वको आधारमा कथाको विश्लेषण गरिएको छ ।

पाँचौ अध्यायमा सम्पूर्ण अध्ययन कार्यको उपसंहार प्रस्तुत गरिएको छ । यसमा सारांश, निष्कर्ष र भावी योजना अध्ययनका निम्ति सुझाव दिइएको छ ।

## ५.२ निष्कर्ष

लोककथाको विषयमा लोककथाका अध्येता तथा विभिन्न अध्ययनकर्ताबाट प्रयास भइरहेको अवस्थामा त्यस्ता कार्यहरूले आफनै क्षेत्रको लोकसाहित्यलाई बिउँझाउने प्रयत्न गरेको पाइन्छ । महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथाहरूको सङ्कलन र अध्ययन पश्चात् मरणासन्न अवस्थामा पुगेको लोककथाको पुनर्जागरण भएको छ । यस क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन, अध्ययन र विश्लेषणको यस अध्ययन पत्रले थप उर्जा प्रदान गर्नेछ । साथै पछिल्ला समयमा हुन नसकेका लोकसाहित्यसँग समबनिधत अध्ययनहरूको सहायक सामग्री बन्दै समग्र लोकसाहित्यलाई पुनः बिउँझाउने छ र यसरी नै देशको सबै क्षेत्रबाट लोकसाहित्यको खोज र अध्ययन अनुसनधन भएमा नेपाली र नेपालीको महत्त्वपूर्ण विधाको रूपमा रहेको लोककथा पुनः जागृत हुनेछ भन्ने अनुमान यस अध्ययनबाट पुष्टि हुन्छ ।

## ५.३ भावी अनुसन्धानका निमित सुझाव

महोत्तरी जिल्ला विभिन्न जाती, भाषा-भाषी र धर्माबलम्बी बसोबास गर्ने थलो हो । यस जिल्लाको पहाडी र तराईका बुढापाकाहरूले विभिन्न शीर्षकसँग सम्बन्धित मानव, मानवेत्तर प्राणी, राक्षस, भूतप्रेत, दैवीपात्र, पशुपक्षी आदिको कथा भन्ने गर्दछन् । तसर्थ अब अध्ययनकर्ता र खोजकर्ताले उपरोक्त शीर्षकसँग सम्बन्धित जनश्रुतिमा रहेका लोककथाको अध्ययन र खोज, अनुसन्धान र अध्ययन गर्न सुझाव दिइन्छ ।

आगामी शोधार्थीहरूका लागि सम्भावित शोध शीर्षकहरू निम्न छन्:

क)	महोत्तरी जिल्लामा प्रचलित लोककथाको अध्ययन

ख)	महोत्तरी जिल्लामा प्रचलित लोक गीतको अध्ययन

ग)	महोत्तरी जिल्लामा प्रचलित मैथलीलोक कथाहरूको अध्ययन आदि ।

## परिशिष्टका सम्बन्धमा

महोत्तरी जिल्ला नेपाली लोक साहित्यका दृष्टिले अनेकन लोकसंस्कृतिले भरिएको जिल्ला भए पनि नेपाली लोकसाहित्यलाई खासै योगदान दिएको देखिदैन । त्यसैले मरणासन अवस्थामा पुगेको नेपाली लोक साहित्यलाई जिवन्तता दिन महोत्तरी जिल्लाको उत्तरी भेगमा प्रचलित लोककथा सङ्कलन गर्ने क्रममा आएका लोककथाहरूलाई यथाशक्ति विश्लेषण गरी बाँकी रहेका अन्य सङ्कलित लोककथालाई परिशिष्ट अन्तर्गत समावेश गरिएको छ ।

# परिशिष्ट क

# अन्य सङ्कलित कथाहरू

## लठेब्राको कथा

एकादेशमा एउटा अलि अलि लाटो खालको मान्छे रछ र ससुराल जाने बेलामा त्यसलाई सिकाएछन् । राम्रो कुरा मात्रै गर्नु जे भनेपनि असलै छ, राम्रै छ, भलै छ मात्र भन्नु नि हेर जथाभावी भन्लास नी भनेर ससुराल पठाएछन् र ससुराल जादाखेरी चैनी त्यो वर्ष खेत खोलाले बगाएर लगेको रछ ज्वाइँ हाम्रो त भात खाने खेत पनि खोलाले बगाएर लगो भन्दा असलै भो भनेछ । भैसीं पनि भिरबाट लडेर मरो भन्दा राम्रै भो भनेछ । यसपाली त हामीलाई धेरै दुःख परो भन्दा भलै भो भनेछ र ससुरालीले हाम्रो ज्वाइँ त काम नलाग्ने खालको पो रहेछ छोरी त यसलाई भएन अर्के तिर पो लाइदिनुपरो क्यार भनेछन् र उता ज्वाइँ घर एक्लै फर्क्यो घरमा सोधे खैत स्वास्नी भन्दा आ पठाएनन् .... । के के भनिस् त ससुरालमा भन्दा एसपाली खोलाले भात खाने खेत बगायो भने मैले असलै भो भने । भैसी पनि भिरबाट लडो भने मैले राम्रै भो भने । यसपालित हामीलाई साह्रै दुःख छ भने मैले भलै भएछ भनें । ..... थुक्क तेसो भन्दा नासै भएछ भन्नु पर्दैन थियो त हुन्छ लु म त्यसै भन्छु भन्दै केही समय पछि फेरि ससुराल गएछ । फेरि सुसुरालीमा गफको क्रममा के गर्नु ज्वाइँ अहिलेका सालत खेत पनि जोडियो भनेपछि नासै भएछ भनेछ रे । भैंसी पनि किनियो ज्वाई भन्दा नासै भएछ भन्छ अनि कस्तो अनपामरीको ज्वाइँ रछ भने दिउँसो सबै काम गर्न गए । अब ज्वाइँ आको पाउना ज्वाइँलाई चैनी केखान दिनेभन्दा अब रोटी पकाएर दिनुपरो भनेर सासु बुढीले रोटी पकाउन थालिछ र ज्वाइँलाई बाहिर ओछ्यान गुन्द्री सुन्द्री लाइदिछ र भित्र बुढी चाँहि हस्याङ-फास्याङ गर्दै रोटी पकाउन थाली । भित्र भ्वाई पार्दा एउटा धर्को तान्दो रछ फेरि भ्वाइँ पार्दा अर्को धर्को तान्दै गर्दा गर्दै तीसओटाधर्को भएछ र अब बुढीले ताप्के फिकेर ज्वाईलाई पहिले दश ओटा रोटी दिइ त्यो रोटी चराप चुरूप खाएछ अनि फेरि पाँच ओटा ल्याएर थपिछन् । त्यो पनि खाएछ खाएपछि सासुले भनी के गर्नु ज्वाइँलाईअरू पनि दिनु हुन्थ्यो तानी हालेको रोटी सक्की गएछ भन्दा के के सक्किनु अझै पन्ध्र ओटा भित्रै छ भनेपछि भित्रगएर बुढीले यसो गनेकी त ठ्याक्कै पन्ध्र ओटा रहेछ । ओ हो हाम्रा ज्वाइँ त देख्नका लाटा लाटा थिए तर बेपत्तै जान्ने पो रछन् । ए ज्वाइँ तपाइँ घरमै बसिरहनु म पँधेरा जान्छु भनेर बुढी पँधेरा गई त्यसै समय राजाको घोडा हराएर खोज्दै खोज्दै आएका हामी प्रहरी हौं घोडा हराएको एक महिना जति भैसको भनेपछि बुढीले हाम्रा ज्वाई साह्रै जान्ने छन् गएर एकचोटी भेट्नोस् भनेपछि बुढी पानी लिएर फर्कदा प्रहरी पनि साथै घर

आएछन् र बसिराखेको ज्वाईंलाई देखाउँदै हाम्रा जान्ने ज्वाइँ वहाँ नै हो भन्दै राजाको घोडा हराएको रछ तपाईंले थाहा पाइदिनु परो भनेपछि सोचमा परो .......... हिजो पो धर्का कोरेको थियो र रोटी यतिओटा छ भनेर जान्ने भा थिए । अब आज त मार्ने भए राजाका प्रहरीहरूले अब आज जसरी नी गोदाइ खाइने भैयो भन्दै हेर्न त म असाध्यै हेर्ने मान्छे हो तर न्वाई ध्वाई नगरी हेर्ने गरेको छैन । म न्वाएर आउँछु । तपाईंहरू यहिँ बसी राख्नु भन्दै पँधेरा पुगेको ज्वाइँ के को फर्केर आउथ्यो । खोलाको तिरैतिर कुदेर पछाडि हेर्दै कुददै हेर्दै कुद्दै तल गएपछि एउटा उखुबारीमा घोडा पो चरिराको रछ । अ हो घोडा त यहीं पो रछ लौ भएन भन्दै फेरि फर्केर स्याँ स्याँ र फ्याँ फ्याँ गर्दै घरमा पुगेछ अनि धेरै बेर लगाउनु भयो त तपाईंले न्वाएर आउन भन्दा जीउमा ओबानो कतै राख्नुभएन सरकारको जस्तो हेराइमा त्यै हुनाले बेर भयो भनेछ ।

लु अब हेर्नुस् त भन्दा अँ १, २, ३, ४, ५ अनिखेरी १०, १५,२० उसले गन्यो भनेपछि ल अब रोटा गनि गनि जैसिबोलायाँ, घोडा हरायो उखुबारी पाएँ ल सरकारको घोडा उखुबारिमा छ भन्दा कताको उखुबारीमा छ ? प्रहरीले सोधता यताबाट सिधै जान पधोरा पुग्नु र खोलै खोला जानु अलितल गएपछि फलानो ठाउँमा उखुबारीमा भेटिन्छ भनेसि साँचचै होत ? हो । लौ तेसो भए यसलाई पनि लिएर जौं त भनेर तेसलाई सुद्ध लिएर गए । ठ्याक्कै भनेकै ठाउँमा घोडा भेटियो अह यो त धेरै जान्ने पो रछ । तब न त्यो बुढी ता भन्थी हाम्रा ज्वाइँ त धेरै जान्ने छन् भनेर हामीले आज १ महिनादेखि खोजेको घोडा यसले ठ्याक्कै पत्ता लगाइदियो । अब यसलाई छोड्नु हुन्न भनेर राजाकोमा लगेर उपस्थित गराउनु परो भनेर घोडा र त्यसलाईशुद्ध लिएर गए । गएपछि सरकार हामीले नभेटेको घोडा यसले हेरेर घोडा ठ्याक्कै फेला पर्‍यो । यो ता व्यापक जान्ने रहेछ भन्दा ओ हो यस्तो जान्ने हेर्दाखेरि चाँहि कामै नलाग्ने खालको छ । यसलाई इज्जतसाथ राख भनेर राजाले आदेश दिए र केही समय पश्चात राजा जंगलको छेउमा गएका थिए । त्यहाँ एउटा फट्याङग्रो च्याप समातेर लिएर आएछन् अनि लिएर आएपछि तिमी यस्तो जान्ने ज्योतिषहरू सबै हेर्छौं हो ? हेर्छु । यो घोडा पनि तिमीले फेला पारेको हो ? हो । यो घरका सबै कुरा तिमी बाहिरबाट जान्दछौं ? जान्दछु । त्यस्तो जान्ने भएदेखि मेरो हातमा के छ ? लु जान्ने भए भन नभने तिमी यहाँबाट उम्केर जान पाउँदैनौं हेर भनेपछि उ भित्रबाट थरर कामेछ । त्यसको नाम रछ फट्याङ्ग्रे 'फ्याट्ट फट्ङ्याग्रे आयो तेरो काल अब सरकारले छोड्दैन' भनेपछि राजाले यसो मुठी खोलेर हेरेको त फट्याङ्ग्रो मरिराखेका फट्याङ्ग्रे आयो तेरो काल भनेको थियो ओ हो । यो त साँच्चिकै जान्ने रछ यसलाई चैनी अलिकति घरजग्गा दिएर राख्नु पर्ने पो भयो त बेला बेलामा यसलाई सोध्नु हेराउनुपर्छ भन्दै त्यसलाई राज्यको ठुलै पद दिएर फट्याङ्ग्रेलाई राज्यमा राखेका थिए रे ।

सुन्नेलाई सुनको माला ।भन्नेलाईफूलको माला ।

यो कथा वैकुण्ठ जाला भन्ने बेलामा सररर आइजाला ॥

- **लीलानाथ दुलाल, गौरीवास-३, पाटू**

## स्यालको कथा

एकादेशमा कुनै समयमा कुनै एउटा गाउँमा एउटा साह्रै गरिब केटा रहेछ । उसका बाबुआमा पहिले नै परमधाम भै सकेका रहेछन् । कसैको आफन्तको लालनपालनले हुर्कायो । हुर्केपछि केटा चैनी निकै ठूलो १६-१७ वर्ष भइसकेपछि अनि उ केटीको सिलसिलामा अब मलाई कसले केटी मागिदेला भनेर बडो चिन्तित थियो । त्यसै समयमा एउटा स्याल लुरु लुरु आयो । अनि त्यो स्यालले मानिसलाईदेखेपछि ए मानिस तिमी किन यसरी पीर गरेर बसेको भन्दा मेरो आफ्नो भन्ने कोहि पनि छैन । मेरो विवाह गर्नु पर्ने थियो । कसले केटी मागिदेला । विवाह गराइदेला भन्दा केटा अति राम्रो थियो र त्यो स्याललाई दया लाग्यो र भनो हेर्नुस् । म त जम्मो मन्त्री हुँ । मलाई मन्त्री भन्छन् मेरो चलाख्याइँ लरोतरो छैन । तिमी मैले भनेको मान्छौं भने म तिमीलाई विवाह दान र सम्पन्न बनाइदिन्छु भनेसि ल हुन्छ भनेपछि स्यालले सर्त राखो मलाई पिरछौं ? अँ हाँ म महिल्यै पिरदिन ।

मलाई सताउँछौं ? अँ हँ म कहिल्यै सताउने छुइन । ल ठीक छ । चैनी लिएर केटी माग्न जानुपर्छ भनेर कुराउनी बनाए र भोलिपल्ट उनीहरू कन्या अर्थमा हिडे जाँदा जाँदा एउटा धनिको घर नेर पुगेपछि तिमी केही पनि नबोल्नु म बोल्छु भनेर स्यालले भनो केटाले हुन्छ भनो र गए ...... अ हो कहाँबाट स्याल र मानिससँगै हिडेको भनेर धनाढ्यले भनेपछि म स्याल भए पनि मानिसको सहयोग गर्छु । मानिसको व्यवहार गर्छु भनिसकेपछि ल भन तिमीहरू कहाँ हिडेको भन्दा हामी कन्या अर्थमा आको । कस्को लागि भन्दा यिनको लागि यिनको टन्न प्रशस्त सम्पत्ति छ तर सम्पत्तिलाई संरक्षण गर्ने मान्छे भएनन् त्यसैले चैनी यिनको विवाह गर्नु परो भनेर यिनको उद्धार गर्छु भनेर ल्याएको यी केटालाई तँपाईकी छोरी दिनुस् तपाईंकी छोरीको पनि सुःख सम्पन्न हुन्छ । छोरीले दुःख पाउँदिन भनेपछि ती धनाढ्यले हुन्छ म छोरी दिन्छु तर एउटा सर्त गरे र भने दुई मुरी पचास पाथी जति चामलको भात खाने र त्यति भातलाई चाहिने दाल तरकारी सबै खाइसक्ने जन्ती लिएर अउनु पर्छ भनेर सर्त गरे ल हुन्छ भनेर भोलिपल्ट उनीहरू फर्केर आए । अब केटालाई त अन्ध धुन्द केहि थाहा छैन । अब के गर्ने भन्दा स्यालले भनो चिन्ता नलिनुस् म सबै मिलाउँछु भन्दै योजना बनाउन थालो । गाउँबाट मुखियाको घोडा लानु पर्छ । जन्ती चाहिदैन भन्दा त्यत्रो चामलको

भात खान जन्ती के गर्ने ? त्यो त म मिलाइ हाल्छु नि तिमी किन चिन्ता लिन्छौं भनेर स्यालले भनो अनि त्यसपछि विवाहको दिन स्याल र त्यो केटा लुरु लुरु गए अरू केहि लिएर गाछैन । केटालाई घोडामा चढाएर माला लगाएर लगेको छ । बेहुलीलाई केहि लगेको छैन । अनि केटा डराएर यो विहे कसरी हुन्छ । फर्किउँ क्यार भन्छ । हट चुपलाग सबै म मिलाइ हाल्छुनी भन्दै लुरलुरती गाका छन् वहाँ पुग्ने बेलामा । एउटा ठूलो बाँसको भ्याङ रहेछ । त्यो बाँसको भ्याङमा तामा राम्ररी आउँछ भनेर भएभरका भ्याँस त्यही थुपारेको रहेछ । त्यसै भ्याँसमा स्यालले आगो लगाइदिएछ र आफू यता आएर राम राम सक्यो सक्यो भनेर स्याल र त्यो केटा हस्याङ फस्याङ गर्दै घोडा चढेर हिडे । उता बाँस पट्टङटङ पड्केको छ दनदनी आगो बलेको छ । त्यसै क्रममा चैनी ठ्याक्क बेहुलीको घरमा पुगे । बेहुलीको बाउले स्याल, घोडा र केटा मात्रै आको देखेर यत्रो भतेर खानुपर्नी खोइ जन्ती ? भन्दा जन्ती जती सबै ऊ .... त्याको आगलागिमा परेर सक्किहाले नि कता कताबाट केटा र म बाँचेर आछौं । हामीले ल्याएको जम्मै गहना, गुरिया, लत्ता फाटा जन्ती, डोले सबै खतम भए । एउटा केहि छैन यति पिर परेको छ र हामीलाई हामी चाहीँ कताबाट उम्केर आयौं फेरितपाईंलाई अप्ठ्यारो पर्छ भनेर । अब बिहे गरिदिने भए लाने भनिसकेपछि यत्रो तयारी गरिसकेको छ । सबैजना जम्मा भएका छन् लु चाँहि गरौं तर यत्रो भतेर कस्ले खान्छ कस्ले बिहोर्छ भनेपछि म खान्छु ल भनेर स्याल ड्याम्मै बसेछ र ती भएका दुई मुरी पचासपाथीको चामलका भात सहित अन्य व्यञ्जन चैनी यथासम्भव खाइदिसकेपछि बिहे गरी घरमा लिएर गए । घरपनि राम्रोसँग बनाएर बस्तुभाउ सबैथोक टन्न मन्न स्यालले बनाएर राख्यो । सबै भरिपूर्ण छ । केही पनि छैन भन्ने कुरा छैन ... ।

स्यालले तिनीहरूलाई धेरै माया गर्थ्यो । त्यो केटाले त झन् स्याललाई अत्याधिकै माया गर्थ्यो र माया गरेरै राखेका थिए । स्यालले सबै टन्न मन्न बनाको छ । भित्र, बाहिर, कोठा, चोटा, एताउता सबै राम्रो बनाएर बसे बस्दै गएपछि केहि समय पश्चात एकदिनको कुरा हो । राति सुतेको बेलामा स्याललाई दिसा आएछ अनि निस्कनु परो भनेर काँईकाँई कुईं कुईं गरेछ । चुकुल खोल्न सकेनछ र केहि सीप नलागेपछि ढोका खोल्न सकेनछ अनि भित्रै फोहोर पारेछ र बिहान उठ्दाखेरी त्यो फोहोरमा बुहारी चाँहि चिप्लिएर लडिछन् र राम राम यो के भयो भन्दाखेरी जम्मै स्यालले दिसा गरेको अनि ती बुहारी चाँहि यो फोहोरी स्यालले जम्मै फोहोर पारो यसलाई खाना नपचेको यसलाई नमारी छोड्दिन भनेर चैनी त्यहीं आग्ली खोलेर स्याललाई डङ्किडङ कुटिछन् ।

ए नकुट भनेको तपाईं नकराउनुस् । यस पड्केलाई याँ ज्वाईं पाले भैं तलाई भन्दै पिट्दै धपाइन् । स्याललाई एकचोटि पनि कठई भनेनन् । लोग्नेले चाँहि नकुट त भनो तर श्रीमतीको अगाडि उसको क्यै लागेन । श्रीमतीले गाली गरेपछि चुपलागेर बसो केही बोल्न सकेन । त्यसले केही

नबोलेपछि स्याललाई साह्रै दुःख लागो र स्याल चाँहि लुरु लुरु, रुदै रुदै बाटो लागेपछि अब यो घरको चिन्ता भयो । घरको सबै काम, व्यवहार स्यालले मिलाउँथ्यो ।

केहि समय पश्चात त्यो घरमा जुन प्रकारले सामान दिन प्रतिदिन बढेको थियो । त्यसैले प्रकारले घट्दै गयो । र केहीसमयमै सखाप भएर तुम्मी भए कहीं केही छैन र तिनीहरू पनि दुःख पाएर त्यही स्याल जस्तै लुरु लुरु निस्केर हिडे र केही समयपछि माग्दै हिंडिराखेको बेलामा एउटा बुढो स्याल भेटियो । मेरो पनि यस्तै साथी थियो भन्दा स्यालले मेरो पनि तिमी जस्तै थिएँ भनो र गफ गर्दै जाँदा तिमीले बिर्सेछौं । म नै तिम्रो साथी हो भन्दा तिमी यस्तो कसरी ? भन्दा तिमी पनि यस्तो भएर हिँडेको ? भन्दा स्यालले भनो तिमीले मलाई राम्रो नगरेर हेला गरेर घरबाट निकालेर त्यो तिमरको सबै सखाप भयो । मैले कस्तो प्रगति गराएको थिएँ भनेपछि ..... मैले जानिन भावी बिधाता माफ गर्नुस् मैले बिराएँ  भनेर ती महिला लम्पसार परेर स्यालसँग अनुनय विनय गरिन् अब देखि कहिल्यै पनि त्यस्तो गल्ती गर्ने छैन । हिड्नुस् घरमा जाउँ त्यो घर छदैंछ त्यस्तो दुःख नमानी दिनुस् मचाहिँ मुर्ख भएँ जौं हिडौं भनेपछि चैनी सबैजना फेरि घर आए भित्रिए । त्यो घरमा स्याल भित्रने बित्तिकै क्रमश सबै कुरा फेरि पहिलेको जस्तै भरिपूर्ण भयो र सुखसँग बस्न थाले भन्ने सम्मको कथा छ ।

सुन्नेलाई सुनको माला ।भन्नेलाईफूलको माला ।
यो कथा वैकुण्ठ जाला भन्ने बेलामा सररर आइजाला ॥

- **डिल्लीराम बराल, बर्दिवास-२**

## हेर्ने र भर्ने

एकादेशमा एउटा गाउँमा एकजना सामान्य किसिमको मानिस रहेछन् र तिनको एउटा बिहे गर्न योग्य उमेर पुगेको छोरो रहेछ । तिनको श्रीमती पहिले नै परलोक भइसकेकी थिइन् । बाउलाई बुहारीको चिन्ता बढ्न थालेको थियो । अनि अब म यो घरमा हर्ने र गर्ने बुहारी खोज्न जान्छु भनेर बुढा आफ्नो वर बगैंचाबाट अंगुर टिपेर भरिया लगाएर बुहारी खोज्न हिड्ने क्रममा गाउँ गाउँ डुल्दै बुढाले भने घरको फोहोर द्याओ अंगुर लैजाओ भन्दै फोहोर लिदै गर्दा एउटा केटी अलिपर छलिएर बसिराखेकी रछ ती बुढाले पनि हेरी राख्या थिए । एकछिनपछि ती केटी त्यहाँ आएर मलाई पनि अंगुर दिनुन कस्तो अंगुर खान मन लागेको छ भन्दा पैले फोहोर देऊ अंगुर लैजाउ भनेर बुढाले भन्दा मेरो घरमा त फोहोर नै छैन भनेपछि बुढाले मनमनै सोचे यो केटी चै बुहारी बनाउन योग्य छ भनेर उसको सबै नाम थर ठेगाना सोधी बाँकी रहेको अंगुर सबै दिई घर फर्के र भोलिपल्ट फेरि

त्यहाँ गए र केटीको घरमा गएर भने ल म कन्यार्थमा आको मेरो छोरोलाईतपाइँको छोरी दिनपर्छ भनिसकेपछि ल हुन्छ भने तिथी मिति मिलाएर विवाह गरे लेर गए ............

ल बुहारी पहिला तिमीले हेर्नुपर्छ अनि भर्नुपर्छ । यहाँ केही कुराको कमी छैन भनिसकेपछि ल हुन्छ भनी अब भोलिपल्ट भैसकेपछि तपाइँहरू दुवै बाबु छोरा खानाखानुस् अनि बाटो लाग्नुस् भरे घर फर्केर आउने बेलामा जे भेट्नुहुन्छ त्यो चाँहि घर लिएर आउनुस् नि भनेपछि भोलिपल्ट दाना खाएर बाबु छोरा कतै गए र बेलुका घर आउने बेलामा केहि लिएर जानुपर्छ नत्र बुहारीले मार्छेभनेर कहिले काठ ल्याए, कहिले बाटामा दिसा भेट्छन् । दिसा ल्याए, कहिले मरेको सर्प ल्याए, कहिले सिनो, कहिले फोहोर आदि बोकेर घर ल्याए र त्यो फोहोरले गर्दा सह, लक्षण श्री सम्पत्ति सबै नाश हुँदै गयो । नास हुँदै गएपछि भएको श्री सम्पत्ति चिरिप्प सकियो । अब के गर्ने लौ । मेरी बुहारी मैले हरेको देखें अब भरिदेऊ भनिसकेपछि यता छोरो सिकुटे भैसको बुढो किडरिङ परिसको बुहारी चाँहि सफा सुगर गर्न तर्फ पटक्कै ध्यान नदिनी ल्याकका फोरमैला जस्ताको तस्तै राखेर बसेकी थी । त कहाँबाट हनु सह ल अब भोलिदेखि खाना खाएर जाँदाखेरी यो घरमा भएको फोहोर जति टाढा लगेर कसैलाई असर नपर्ने ठाउँमा लगेर दिनको एकचिज राख्नुपर्छ भनिसकेपछि ल हुन्छ । अनि बिस्तारै बिस्तारै ती फोहोरका डङ्गुर कम हुँदै गयो । बुहारीले सफा गर्दै गइन एक दिन फोहोर जति सबै सक्किए । बुहारीले घरद्धार सबै चिटिक्क पारी ओड्ने ओछ्याउने, लुगाफाटो धोइपखाली, भाडामाभ्की सफा, सुगर बनाउँदै गैसकेपछि ...........घरमा लक्षण आउँदै गयो । फोहोर मैला घट्दै गयो र बढ्दै गएपछि चैनी पैला घर जस्तो थियो । त्यो भन्दा पनि बढ्ता लक्षिणको भएर चैनी धनाढ्य एवं भरिपूर्ण भएर पारेर ती बुहारीले भरेकी थिइन् अरे भन्ने कथा

सुन्नेलाई सुनको माला ।भन्नेलाईफूलको माला ।

यो कथा वैकुण्ठ जाला भन्ने बेलामा सरररर आइजाला ॥

**- डिल्लीराम बराल, बर्दिवास-२**

## कथाभित्रको कथा

एकादेशमा कुनै समयमा एउटा गाउँमा दुईजना दम्पतीका चार भाइ छोरा क्रमिक रूपले हुर्कीदै बढ्दै गए । बढ्दै गै सकेपछि घरमा बस्नु हुँदैन कमाउन जानुपर्छ भन्ने एउटा परम्परागत नियम स्वरूप बुबाले लु जेठो छोरा जा कमाउन भनेर जेठो छोरालाई कमाउन पठाउनु भयो । बाटोखर्चहरू दिएर जेठो छोरो गयो । जाँदा जाँदा एउटा गाउँमा जेठो छोराको बास पर्यो अनि जेठो छोरो बास बस्ने क्रममा उसले एउटा घरमा बास पाइन्छ भनेर माग्यो । त्यस घरवेटीले बास त

पाइन्छ तर एउटा कथा ससर्त भन्नु पर्छ भनेर बास भन्यो अनि ठीकै छ बाबुले भन्दा पनि हुन्छ नत्रभए मैले भन्छु भनेर घरबेटीले भनेपछि ठीकै छ तपाईँ नै भन्नुस् भनेर उसले घरबेटीलाई भन्यो । घरवेटीले कथा हाल्न सुरु गर्‍यो ।

मेरो चाँहीं जम्मा बीस मुरी धानको बीउ जाने खेत छ । त्यो बीसमुरी धानको बीउ जाने खेतमा पहिले बीउ राखें । बीउ त भव्यसँग लाग्यो तर रोप्ने बेला हुन लाग्यो पानी परेन पानी नपरी सकेपछि अनि त्यहाँ चाहीँ गएर हेरेको मन पोल्याछ भतभती अब कृषक मान्छे रोप्न पाइएन भने त खान पाइएन । यसो हेरेको एउटा सीमलको रुख थियो । त्यो सीमलको रुखमाथी टुप्पामा एउटा गुँड रैछ, के को गुँड रैछ भनेर यसो हेरेको त ढुकुर लैनो रैछ । ढुकुर दोएँ, ढुकुर दुहुँदा दुहुँदा .......ढुकुरको दुधले सबै वीस मुरी बीउ पट्ने खेत सबै टापटिप पट्यो । त्यहाँबाट त्यही अनुसारका दुई सो हली गोठाला भिडाइयो । बाउसे, हलगोरु भिडार सम्पन्न गरियो र अनि रोपहार खोजेर रोपियो । त्यो धान फलेर खपिसक्नु होइन र अहिले त्यही धानको भात पकाको छ । भोकले आको उ धानको भात त हुँदैन । ल तेसो भए देखि तेरो जम्मै चैनी लेर आको सम्पत्तिहरू छोडेर जा भनो भने सम्पत्ति सबै चैनी लिएर आको चिज जे जति छ छोडेर नांगो रूपमा फर्कनुपर्छ भन्ने सर्त थियो । त्यो सर्त पालना त्यहाँ भएन र लाग्यो फेरि घर तिरै त्यसपछि माइलो आयो । बास बस्ने ठाउँ त्यही पर्थ्यो र कथाको क्रममा हारेर उ पनि फर्कियो । साइलो आयो एवं रितले त्यही भयो । कान्छो आयो कान्छो आइसकेपछि कान्छीको बास पनि त्यहीं पर्थो । बास पाइन्छ भन्दा पाइन्छ । लु बसौं भन्यो । घरबेटीले याँ त सर्त अनुसार कथा भन्नुपर्छ भनीसकेपछि ल ठीक छ भनुमन त तेसोभा भनेर घरबेटीले भन्छ । पख्नुस न खाना खाइसकेपछि बिस्तारी भनौला । खाना खाएर तयार भए लु कथा भनम भन्छ घरबेटीले । पख्नुस न वहाँलाई पनि आउन दिनु न नजिकै वहाँलाई राखेर ओरिपरी बसेर कथा भन्दा पो आनन्द आउँछ त अहिले भनेको कथाबाट त के आनन्द हुनु । उसले चुलो धन्दा सबै चैनी घरवेटीको श्रमितीले सकेर अगाडि आएर उनी पनि बसिन् । ल कथा सुरु गरम घरबेटीले भन्दा ल म अब कथा भन्छु भनेर कथा सुरु गर्न थाल्यो । सुरु गर्ने क्रममा म त्यहीँ तेस्तै नौ कक्षाका पढ्दा खेरी साथीको घरमा गाथें म आउँदा घरमा आमा अली बुढी-बुढी हुनुहुन्थ्यो सुतिसक्नु भा रछ ढोका खोल्यो नानी म अहिले उठ्दिन त्यहाँ खोपामा भटमास भुटेर राखेको छ । झिकेर खा है भनेर आमाले भन्नु भो । यसो गर खोपाबाट भटमास फिके अध्यारोमा राती खाँदा खादै एउटा दानो भटमास त्यही अँगेनामा परेछ । अँगेनामा परिसकेपछि त्यो भटमास हातले छामे भटमासको दानो खरानीमा नभेटिसकेपछि भेटिन । नकेटिसकेपछि भोलिपल्ट उठेर एसो हेर्छु त

भटमास त दुईपात भएर उम्रेछ । ए ल ठीक छ भनेर ल अब यसलाई चाहीँ चुलो सार्नु पर्छ । यो भटमासलाई त हुर्किन दिनुपर्यो भनेर भने ।

तलो छेडो भटमासले चैनी क्रमिक रूपले बढ्दै गयो । मैले पनि त्यसलाई छोडदिएँ । अर्को तिर चुलो लाएँ । त्यसपछि भटमास ठूलो भयो फल्न सुरु भो । गाउँभरिका मान्छे डोको लिएर आउँछन् । भटमासको कोसा टिप्या छन् लग्याछन् सकिदैन उता यत्रो नामले फेद भो भटमासको अब त एउटा यो बरु चैनी काठ काट्ने भिडाउनु परो पहिले बन्चरे भिडाउनु पर्‍यो भनेर आठ दश जना बन्चरेलाई भिडाएरत्यही दश जना बन्चरेले ढाले ।

आरा लाउने क्रममा त्यही आरावाल भिडाएर पच्चीस जोर आरावालले काटे अब दरबार जत्रो यो काठको घर बनाउँछु भनेर दरवार जत्रो घर बनाउन सुरु गरें घर बनाउने क्रममा चाहीँ सारा इन्जिनियरहरूले दिएको नक्सा अनुसार घर बन्यो कोठै कोठा कोठाको घर भाडामा दियाछ कोइ चैनी उसमा आएर बस्याछन् बाहिरका एन.जी.ओ. आई.एन.जी. ओ का अफिसहरू आएर बस्याछन् अनि म आनन्दसँग बसेको थिएँ । एकदिनको कुरा हो । ठूलो हुन्डरी आयो हुन्डरी आउँदाखेरी अब यत्रो दुःखले घर बनाएँ । हुन्डरीले लान्छपो क्यार भनेर मेरी चारओटी श्रीमती थिए । चार ओटी श्रीमतीलाई लु जाओ यो चारैओटा बला चारओटा बलामा गएर झुन्डिअ भनेर बला बलामा झुन्डिन पठाए । घरका चार सुरका उनीहरू गएर चैनी झुन्डिए बतास हुन्डओ बलामा रहेपछि तिनटीचाँहि भित्र पसे । एउटी अहिले सम्म बेपत्ता-बेपत्ता उसको खोजिमा हिंडेको वर्ष दिन भो बल्ल बल्ल बल्ल आज फेला पारे “भनेर तेसकी श्रीमतीलाई यिनै रैछिन् भनेर धाप मारेछ । धाप मारिसकेपछि प्रभु! यो चाहिँ हैन यो हैन । होइन भन्न नपाइने सर्त यो थियो । तेसैले ......

मेरो जायजेथो जे जति छ श्रीमती छोडेर जे-जे लानु पर्छ । लानु यो चाँहि हैन भनिसकेपछि त्यसको भाको जाय, जेथो, इत्यारम्भ टाकटुक पारेर सबै लिएर गएरचैं घरफर्क्यो घर पुगिसकेपछि सबै गाउँले दङ्ग परेछन् । यो गाको चैनी धेरै दिन भा छैन । यत्रो लिएर आ छ यो काबाट लेर आयो जम्मै चैनी घोडा, हात्ती अनि चैनी भरिया सबै टनाटन पारेर घर भित्र हुल्यो । हुलिसकेपछि अनि बाउले यो सबै कसरी ? यी मोरा भातेहरूले जम्मै चैनी छाडेछन् । त्यही बास बसें । उसको सर्त यस्तो यस्तो र छ मैले कसैको डाका गरेको छैन । चोरी गर्या पनि छैन उसको सर्त अनुसार लिएर आको भनी सकेपछि सबभन्दा बाठो तैं रैछस् । अब म यो घर व्यवहार सबै तँलाई दिएर म चाहीं तिर्थ, ब्रतमा हिड्छु यी दाजुभाइहरूलाई तैंले सेफ गर भनेर उसै कान्छोलाई जिम्मा दिएर बाबु आमा तिर्थ हिडेको थिए अरे ।

सुन्नेलाई सुनको माला ।भन्नेलाईफूलको माला ।

यो कथा वैकुण्ठ जाला भन्ने बेलामा खुरु खुरु खुरु आउला ॥

- **योगेन्द्र बराल, बर्दिवास-१**

## गुरुको उपदेश

एकादेशमा कुनै एक गाउँमा गरिब परिवारमा एउटा बालकको जन्म भएको थियो । त्यो बालक बढ्दै बढ्दै गयो । माता पिताको न मन हो एकदिन आफ्नै बच्चालाई ठूलो मान्छे बनाउँ, ज्ञानी बनाउँ भन्ने सबैको मनमा इच्छा हुन्छ । सबै मातापिताको इच्छा अहिले पनि घर नजिकै वरपरका नीच परिवारको झै फोहोर मैला खेल्दै हिंडेका हुन्छन् त्यस्तो होस् कहिल्यै पनि नहोस्, ज्ञानी होसु, ठूलो होस् भन्ने सबैको मनमा इच्छा हुन्थ्यो तर दैववश यस्तो भयो । उहाँहरूको परिवार नै निम्न स्तरको थियो । अथवा खान लगाउन त्यति धेरै सम्पत्तिको परिपूर्णता थिएन ।

एक दिन गाउँमा कोही सन्यासी अथवा ज्ञानीजन आउनुभयो र उहाँले भन्नुभयो । बाबु हजुरको घरमा अलि गारो रहेछ, यति ज्ञानी बालक रहेछन् । यिनलाई पढाउन कुनै यस्तो स्थानमा लगिदिनु, गुरुकुलमा लगिदिनु । त्यहाँ धेरै पढाई हुन्छन् र यी बालक धेरै ज्ञानी भएर अगाडि ठुलाठूला काम गर्न सक्छन् । लगिदिनु भन्दाखेरी सोही अनुसार ठेगाना सोध्दै सोध्दै गुरुकूलमा पुऱ्याउनु भयो । गुरु कुलमा पुऱ्याइसकेपछि बालकलाई छोडेर आफ्नो मनमा चाँहि आफ्नो मुटुको एउटा सानो टुक्रोलाई छोडेर फर्कदाँको जुन दुःख हुन्थ्यो । त्यो दुःखलाई खप्दै खप्दै घरमा आउथे । फेरि रमाउँदै श्रीमान् श्रीमती भएर दिनहरू बित्दै गए । यतापट्टी बालक पढ्दै पढ्दै गुरुको सेवा गर्दै, कहिले जंगलमा गएर समिधाहरू ल्याउँदै गुरुलाईचाँहि सेवा गर्दै गुरुकुलमा रहन्छ ।

अब ती बालक यति ज्ञानी हुनुभयो । वहाँले गुरुको रातदिन सेवा गर्दै जानुभयो । शयन कक्षमा पनि गुरुको नजिकै शयन गर्नुहुन्थ्यो । गुरुलाई कहिले ओल्टो कोल्टो फर्कदा खेरी पनि हजुरलाई के सेवा गरौं भन्नु हुन्थ्यो । यति गर्दागर्दै गुरुलाई लाग्यो कि सप्पैभन्दा पक्को चेलो मेरो यो रहेछ भनेर वहाँ चै विस्तारी विस्तारी चेलाको नजिक हुनुभयो । धेरै धेरै गोप्य गोप्य कुराहरू पनि त्यस चेलालाई भन्दै रहनुहुन्थ्यो ।

एकदिन चर्तुमासाको समय थियो त गुरु भन्नु भयो बाबु अब हामी चतुर्मासाको लागि तीर्थाटन गर्न जौं भनेर जब गुरुजीको साथमा दुईजना भएर तीर्थाटन गर्नको लागि कुम्लो कोटेरो जे जे थियो बोकेर निक्नलुभयो । जाँदै जाँदै अगाडि गएपछि रात्रीको समय भयो । साँझमा बास बस्नुपर्ने समय थियो । एउटा मिलेको गाउँ रहेछ सुन्दर गाउँ गुरुले भन्नुभयो बाबु यसै गाउँमा गएर

आजराती हामी बास बस्ने भनेर परबाट गाँउलाई देखाउनु भयो, बोकिरहेको त्यो भारी अब त नजिकै बिसाउन पाउने भयो भनेर गुरु चेलो त्यस गाउँमा पुग्नुभयो पुगेर एउटा घरमा भन्नुभयो यहाँ हामीलाई बास दिनुन भनेर बोलाउनु हुन्छ । कोही घरबाट निस्कदैंनन् गाली गरेर, हेर यस्ता यस्ता उमेर भएका व्यक्तिहरू पनि तीर्थाटन गर्ने निहुँमा हामीलाई ठग्न आएका तिमीहरूलाई हामी यहाँ बास बस्न दिदैनौं भाग भनेर लखेट्छन् ।

अर्को घरमा जान्छन्, फेरि त्यहाँबाट लखेट्छन् । गर्दै गर्दै रात बितिसक्यो । कुनै घरमा बास पाएनन् बिहानै भयो बास पाएनन् र उज्यालो भएपछि गुरुले भन्नुभयो । बाबु अब आज यस्तै भयो अब अघिल्लो रातमाचाँहि तिमीलाई निन्द्रा हुने गरी सुताउँछु । अब यहाँबाट जौं भनेर गुरुजीले त्यस गाउँबाट बाहिर निस्किसकेपछि चेलोलाई सान्त्वना दिदै हुनुहुन्थ्यो । अलि अगाडि जानुभएको थियो चेलो अगाडिअगाडि गुरु पछाडि पछाडि गुरुले भन्नुभयो बाबु एकछिन पर्खत, अनि गुरुतिर हेर्दै हुनुहुन्थ्यो । चेलो त्यसै समयमा गुरुले गाउँतिर फर्केर दुवै हातले आशीर्वाद दिने मुद्रामा भन्नुभयो । बाबु यो गाउँको धेरै धेरै फलोस फूलोस । यहाँका मान्छेहरू ज्ञानी भएर यही रहून् । बषौं वर्षसम्म यिनका सन्तानहरू नाती पनाती यसै गाउँमा भरिपूर्ण भएर रहून् । यहाँभन्दा बाहिर नजाऊन तर यिनीहरूको धेरै फलोसफूलोस भनेर आशीर्वाद दिनुभयो । गुरु त्यहाँबाट जानुभयो । चेलोलाई साह्रै दुःख लाग्यो कि ओहो रातभरी सुत्न पनि दिएनन् नदिदाँ खेरी पनि आज गुरुले यति राम्रो आशीर्वाद दिनुभयो । फेरि हाम्रो गुरु यति सिद्ध हुनुहुन्थ्यो कि वहाँको दिएको आशीर्वाद केही पनि खेरा जादैन थियो । त्यस्तो सिद्ध गुरु हुनुहुन्थ्यो ।

फेरि हिँड्दै हिँड्दै चतुर्मासाको तीर्थाटन गर्न निस्कनुभएको रात भयो । अर्को गाउँमा पुग्नु भयो त्यहाँ पुगिसकेपछि गुरुले बाबु आज त्यो गाउँमा बस्नु पर्छ भनी परैबाट देखाउनु भयो । चेलोलाई झस्का थियो आज पनि सुत्न नपाइने हो कि दिनभरीको थकाइ छ भनेर ।फेरि त्यहाँ पहिलो घरमा जाने बित्तिकै गुरुले यहाँ यस घरमा को हुनुहुन्छ ? बाहिर निस्कनुस् न आज हामीलाई बास दिनुस् । हामी धेरै टाढाबाट आएका छौं । गुरुले भन्नुभयो भन्ने बित्तिकै यसो बाहिर कोही निस्कनु भएको थियो । देख्ने बित्तिकै वहाँलाई चिन्नुभयो । कति ज्ञानी पुरुष आउनुभएको रहेछ भनेर हतार-हतार साष्टाङ्ग गर्नुभयो । गएर दिव्य आसनमा राख्नुभयो । गाउँभरिका सम्पूर्ण व्यक्तिहरूलाई बोलाउनु भयो आज हाम्रा गाउँमा यस्ता सत्पुरुष आउनुभएको छ । सबै जना जाऊँ सत्सङ्कको लागि भनेर सबै गाउँभरिमा रहेका सयौं सयौं मान्छेहरू त्यहाँ आए अनि गुरुले धेरै उपदेशहरू दिनुभयो । गृहस्थ आश्रममा मानव धर्म बारेका उपदेशहरू सप्पै धर्मका उपदेशहरू त्यहाँ दिदैं-दिदै गुरुले रात बिताउनु भयो । अनि उता खानका लागि मीठा मीठा भोजनहरूको व्यवस्था भयो । वहाँले भोजन

गर्नुभयो, राति आराम गर्नुभयो बिहान भयो त्यस गाउँलाई छोडेर तीर्थाटन निस्कनुभयो । अब अर्को गाउँ जान भनेर बाटो लाग्दै हुनुहुन्थ्यो गाउँ सिद्धियो । गाउँ सिद्धिसकेपछि फेरि फर्कनुभयो । चेलोलाई पर्खत भन्दै फेरि यता गाउँतिर हेरेर हातलाई यस्तो धारे पार्दै भन्नुभयो । यहाँका मान्छेहरू एक ठाउँमा बस्न नसकून् साथै परिवारहरू उजाड् होस् एउटा परिवारमा रहेका सन्तानहरू पनि तितरबितर होऊन् । कोई एक ठाउँमा बस्न नपाऊन् । अब त्यो देखेपछि चेलोको मनमा यति दुःख भयो यति दुःख भयो । अघिल्लो दिन जो रातभरी सुत्न नपाएको थिएँ । त्यस्तो गाउँलाईचाँहि आशीर्वाद दिनुभएको छ । जुन गाउँमा चैं रातभरी त्यती मीठो मीठो भोजन पानी गराइयो, शयनको लागि त्यस्तो आराम बिछ्यान पनि बिच्छ्याइयो । त्यस गाउँ चै उजाड होस् भनेर श्राप दिनुभएको छ । हे गुरुदेव भनेर चरण समाउनु भयो, गुरुको गुरुदेव यो के गर्नुभएको हजुरले ? मलाई साह्रै दुःख लाग्यो । हजुरले गर्नुभएको के हो ? मैले थाहै पाइन । वहाँले भन्नु भयो । बाबु हेर अज्ञानी मनुष्यहरू जहाँ जहाँ छन् त्यो गाउँ भनेको अज्ञानी । तिमीले पनि त देख्यौ नि हैन बाबु, हेर त त्यो गाउँमा त्यस्ता व्यक्तिहरू जहाँ-जहाँ जान्छन् नि त्यहाँ त्यहाँ यस्तै उजाड बनाउँछन् । यस्तै रुखो-रुखो शब्द मात्रै सुनाउँछन् ।

हेर त यस्ता व्यक्तिहरू जहाँ जहाँ जान्छन् त्यहाँ त्यहाँ सम्पूर्ण ज्ञानै ज्ञानले भरिपूर्ण हुन्छ । त्यस कारणले बाबु तिमीले चिन्ता नगर भनेर त्यस चेलोको मनमा रहेको अज्ञान थियो त्यस अज्ञानलाई पनि ज्ञान भरियो अनि हात जोडेर ती चेलोले गुरुको अगाडि यो श्लोक उच्चारण गर्दै गर्दै

श्रापै पनि हुन गयो बहुतै छ जाति ।

पुराकृपा हुन गयो पछुतो म माथि ॥

भनेर पछुतो मान्दै गुरुको चरणमा परेर त्यो दिनदेखि फेरि चतुर्मासाको लागि अगाडि बढ्दै गएको कथा यहाँ मैले यथामति वर्णन गरे ।

सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला ।

यो कथा सरासरी वैकुण्ठ जाला । भन्ने बेलामा खुरु खुरु खुरु आउला ॥

**गोविन्द पौडेल, बर्दिवास-७, कालापानी**

## चतुऱ्याईंको कथा

एकादेशमा एउटा वैरागी भन्ने ठाउँ रहेछ । त्यो बैरागी भन्ने ठाउँमा चाहिँ एउटा पढेलेखेको गाउँ रहेछ । अर्को टोलपट्टि चाहिँ अल्ली नपढेका व्यक्ति बस्दा रहेछन् र एउटा पढे लेखेकोले चाँहि मेरी छोरीको विवाह गर्नुपर्ने मेरी छोरीभन्दा बढी पढेको केटा पाए दिन्थे भनेर ओर्तिर पट्टि गाउँमा कुरा गरेछ । लुन त फलानाको छोरा यसरी पढेका छन् दिउँ भन्ने कुरा गर्दा खेरी पठाइदेऊ भनेर पढे लेखेका केटाहरू गएर कुरा गर्दा खेरी ए छोरी तिम्रो किताबमा छ कि छैन ? छोरी किताब पल्टाई हेर्दै, बुबा बुबा यो अहिले भनेको कुरा मेरो किताबमा नि छ भने पछि त्यसो भए तिमीभन्दा बेसी पढेको चाँहि होइन रहेछ । तिम्रो किताबमा नभाको कुरा हुनुपर्छ भने पछि केटाहरू जाने आउने गर्दै कति फर्के । आफ्नो वैरागी गाउँमा आइसकेपछि सबै साथीभाइसँग के हो कसो हो भन्दा खेरी फलाना ठाउँमा मेरो विवाह गर्न भनेर गाको केटीले पढेकी रैछ । केटीलेभन्दा केटाले बढी पढेकोलाई दिने भन्दा रछन् । हामीले पढेको कुरा उसको किताबमा हुन्छ अनि हामीले चाँहि सकेनौं । एउटा व्यक्तिले भनेछ ल साथी हो तिमीहरूले सक्दैनौं भने म गई हेरौं त भनेछ । साथीहरूले भनेछन् । अँ हामीले कति पढेको र त दिएनन् । तँलाई के देलान् ? तैले पढेको छैनस् । हेरौं न एउटा चतुराईंको खेल हो । म त्यो विद्वानको छोरी विवाह गरेर देखाउँछु साथी हो । अनि साथीहरू पनि लु न लु कत्तिको सक्दो रछस् । तैले ल्याइस भने भोज खाउँलान त, के भयो र भनेर साथीहरू हाँसेछन् । भोलि पल्ट बिहान भएपछि लखेछ । मैले साथीहरूलाई भनिहाले अब म कसरी त्यो केटीलाई ल्याउँ त भन्ने पनि रातभरी सोचेछ । भोलिपल्ट भएपछि बासै बस्ने गरी जान्छु । बिहान त किन जानु भनेर केटाले लखेछ । भोलिपल्ट मध्याह्नतिर त्यो बैरागी भन्ने गाउँ छोडेर हिंडेछ ।

विद्वान टोलमा बाटामा जाँदा जाँदै आफ्नो घरभन्दा अल्लि तलतिर पुगेपछि बीचमा सर्पको बच्चा सुलुल हिंडेछ हिंडिसकेपछि उसले रचेछ कि "सुली सुलान्ती" भनेर । त्यहाँबाट हिड्दै हिड्दै गको अलि पल्तिर जंगलमा बाघको बच्चाहरू चाहि खेलिरखेका, माऊ चाँहि रहेनछ । उसले लखेछ -"बाल खेलन्ति" भनेर रचेर गएछ । यस्तै भन्दै जाँदा अलिपल्तिर पुगेछ । एउटा वनमा चाँहि दाउरा चिर्ने मान्छे डङडङ दाउरा चिरिराको उसले देखेछ -"वृन्दावनमा कठकौवा" । त्यहाँबाट त्यस्तै क्रमश जाँदै थियो एउटा वस्तु मरेको खप्परमा चाँहि आँखाको टोड्कामा चराले गुड बनाएर बच्चा निकालेछ । "अङ्गिमाथि पन्छी व्यावै" भनेछ । अलि परतिर गाको साँझ साँझ पर्न लागेको बेलामा पानिको जरुवा उम्रेको देखेछ । अलि उता गंगटाहरू चाहि निस्केछन् र अगाडिको त्यो कैंची जस्तो खुट्टा फट्टाएछ, अनि ऊ पनि छक्क परेछ । "खुट्टा उठाबा" अनि खुट्टा उठावा भनेपछि गयो केटीको

घर ओर्तिरपट्टि चाँहि खेत रछ । धान रोपेको भदौको बेला लह लह रोपो अनि तल पानी धानको टुप्पा-टुप्पामा पानीको थोप्लो बसेको देखेछ । अनि सोच्यो "सुली पानी" भनेछ । बेलुका पुगो केटीको घरमा लु आउनुभएछ । बेलुकाको पाउना भनेर स्वागतका साथले राखे । अनि उसलाई सोधे कता आउनु भयो ? के हो भनेर सोधिसकेपछि तपाईंको छोरी चाइने बिहे गर्ने भन्नु भएछ र तपाईंको छोरी माग्न भनेर आको । ल मेरी छोरीभन्दा बढ्ता पढेको छ भने दिन्छु । के के आउँछ ? भनेर सोध्दा केटाले भनेछ : सुली सुलान्ती, बाल खेलन्ति, वृन्दावनमा काठकौवा, अङ्गिमाथि पन्छी व्यारै, खुट्टा उठाबा सुली पानी । ए छोरी किताब पल्टाएर हेर हेर भन्दा केटीले किताब पल्टाएर हेर्दा छैन । ल हेर छोरी तँ भन्दा धेरै पढेको रछ । म यसैलाई दिन्छु भनेर बेलुका राखेर भोलिपल्ट टीको लगाइ दिएर पठाएछ । ल देखेउ त साथी हो भनेर भोलिपल्ट सबै साथीसँग भनेछ । साथीहरू छक्क परेर भोजतिर गएछन् ।

त्यस पछाडि भोज सोज खाइसके र साथीहरूले ए तैँले त कसरी ल्याएर आइछस् त है भन्न भन्दा बुद्धि हुनुपर्छ, चतुराई हुनुपर्छ । तिमीहरूले पढेको र मैले नपढेको मैले त ल्याएँ जसरी ल्याएँ तिमीहरूलाई सबै सुनाउनुपर्छ मैले ल्याइहालें सक्किगयो नि तैँले विहे गरेर ल्याइस् ल हामीभन्दा पढेलेखेको चतुरो रछस् भनेर साथीहरू चाँहि सल्ला गरेर आफ्नो-आफ्नो घर लगे उनीहरू घरजम गरेर बसे ।

सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला ।

यो कथा सरासरी वैकुण्ठ जाला । भन्ने बेलामा खुरु खुरु खुरु आउला ॥

- **भरत बहादुर भुजेल, गौरीबास-४, पाटू**

## अल्छीको कथा

एकादेशमा दुई बुढाबुढी बस्दा रहेछन् । बुढो बहुत अल्छी अनि त्यो गाउँका सबै काम गर्ने भनेर जाँदा रहेछन् । बुढि चाँहि ए जानुन ए हामी पनि कमाएर ल्याउँ । यस्तो छैन उस्तो छैन भन्दिरहिछे । कहाँ जानु भनेर बुढो भन्दो रहेछ । जानुन त यसो ओल्लो घर पल्लो घर गाउँ गएर चाँहि यसो कमाएर ल्याउनु । लुन त त्यसो भए यसो पोको पतेउरो ठीक पारिदेन त । खाजा, सामल ठीक पार्दे भनेर बुढाले भनेपछि बुढिले खाजा, सामल ठीक पार्दिछे । त्यसपछि बुढो बिहान हिँडेछ । श्रीमतीको बानी के छ भनेर बुझ्न मन लागेछ । त्यसपछि अनि जब हिंडे भनेर हिँडिसकेपछि लुकेछ । श्रीमती खेततिर हिँडेको बेलामा उसको पालो घरको ध्वाँसीमा बसेछ । श्रीमती किन गई भनेर उसले बुझ्न खोजेछ । उखु बारीमा गएर ठूला ठूला उखु खान मन लागेछ उसलाई उखु लिएर आई

त्यसपछि चामल पिसेर बाबर खान मन लागेछ अनि बाबर खान मन लागेपछि अनि बुढोलाई पनि भोक लागेको । बुढो आएर देखापरो अनि तपाईं त फर्केर आउनु भएछ त ? ए कुरा नगर उखुभन्दा अग्लो बाबरभन्दा ठूलो पाइला गरेको हात्ती आएपछि म डरले फर्केर आएँ । बुढिले त्यो लुकाएर राखेको चीज बुढोलाई देखाईन अनि गाउँतिरको सबै जाने तपाईँलाई चाँहि यस्तो हुने त भनेपछि म भोलि जान्छु । भोलिपल्ट बिहान आफ्नो पोको बोकेर बुढो हिँडेछ । अब श्रीमतीले उखु खान पनि दिइन, बाबर खान पनि दिइन भने र बुढा गइगए अब बुढा गए भनेर खिचडी पकाउन थालिछ । लोग्ने फेरि आएर लुको, अनि खिचडी पकाएको बेला फुत्रुक्क आइपुग्यो । अनि कहाँबाट ? भनेर श्रीमतीले सोधी । कुरा नगर खोलो यस्तो हो कि खिचडी उम्लेजस्तो उम्लेर आयो । तर्न सकिन फर्केर आँए नि भनेर भनेपछि यो के पकाको भनेर सोध्यो । लुगा धुनलाई पानी पकाको । त्यसो भए मेरो लगौंटी पनि धुनु छ भनेर खिचडीमा हाल्यो । अनि बुढिलाई रीस उठ्छ । अब के लुगा पकाउने खान पाइन । लुगा त्यसमा हालिदिए पछि खोलामा गई खोलामा गएर रुँदै-रुँदै लुगा धुन थाली । त्यही बेला त्यहाँको रानी बिरामी हुनुभएछ । रानी बिरामी हुनुभाको, डाक्टर साबहरू आउनुभएको समयमा धामी खोज्न भनेर राजाका मन्त्रिहरू पुलिस सहित आइपुगेछन् । त्यही बेला एउटी महिला लुगा धोइराखेको देखेछन् । अनि पुलिसले दिदी-दिदी तपाईंले यता कतै धामी देख्नुभएको छ ? ऊ त्यो भित्तामा छ बाटो मुनिको रातो घरभित्र आगो तापेर बसिराखेका छन् । जान्दिन जान्दिन भन्छ तर कहिं नभएको जन्डा छन् नी लेर जानुहोला नि भनेर भनेपछि पुलिसहरू गएछन । घरमा को हुनुहुनन्छ हो ? म छु भनेर निस्केछ । पुलिस देख्ने बित्तिकै कामेछन् । ओहो त्यो दिदीले भनेको कुरा त हो पो र छ । काम्न थालेपछि लिएर गएछन् यो जन्डा धामी पो रहेछ । बुढाले मनमा म सोजो मान्छे । मलाई केही आउँदैन । यिनीहरूले कसले पत्ता लाई दियो भन्दै भन्दै राजाको दरबारमा पुगेपछि ल यो रानी विमारी छ । यसको मुखभित्र घाउ छ । यो विसेक पार्नेलाई बोक्न सक्ने असर्फी दिन्छु भनेर भनिसकेपछि सबै कुरा ठीक पार्न लाएछ । धामी बसेछ जानि नजानि पनि अनि भट्टाउन थालेछ । “हेलेमा हेले यो बेथा केले । खिचडीमा लगौंटी हालेको पापले गुरु” भनेर भन्दा रानी खित्का छोडेर हाँसेपछि मुखको घाऊ फुटेछ त्यसपछि सबै सरसफाइ गर्दा गर्दा भोलिपल्ट त घाउ फुटेपछि बिसेक भइगयो । अँ हो यो कस्तो जान्ने रहेछ । रानीलाई निको पारो भनेर सबै त्यो राज्य मै कहल्येर उसले बोक्न सक्ने असर्फी दिएर पठाएछन् । फेरि पनि त्यस्तो परो भने बोलाउँला भन्दै हवस् भनेर त्यो असर्फी लिएर त्यो एउटा गरिब व्यक्ति धनी भएर सम्पन्न भएर बसेछ ।

सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला ।

यो कथा सरासरी वैकुण्ठ जाला । भन्ने बेलामा खुरु खुरु खुरु आउला ॥

**- भरत बहादुर भुजेल, गौरीबास-४, पाटू**

## घरभाँडाको कथा

कुनै समयमा एउटा देशमा एउटा बिछट्टै फटाहा मान्छे बस्दो रहेछ । उसको दैनिकी भनेको चाँही छरछिमेक वरपर जो मिलेर बसेका छन् उनीहरूलाई भाड्नुको उद्देश्य मात्र थियो । कामै त्यही अनि ओल्ला घर पल्लो घर, ओल्लो गाउँ पल्लो गाउँ भाँडेको उसको त्यो सफलताको खबर एकदिन देशको राजाकोमा पुगेछ । आफ्नो देशमा भएका मान्छेको प्रतिभा चोर होला, फटाहा होला, विद्वान होला राजालाई जाँच्न मन लाग्यो र राजाले आफ्ना चौकिदारहरूलाई लिन पठाएछन् । घरभाँडा दरबारमा आइपुग्यो र राजाले उसलाई सोधे र ए भाइ तिम्रो नाम के हो ? उसले भन्यो । मलाई सबैले घरभाँडा भन्छन् । त्यसो भए तँ घरभाडा नै होस् त ? हो सरकार । हामी राजा रानी असाध्यै मिल्छौं हामीलाई पनि भाड्न सक्छस् त ? झगडा गराउन सक्छस् त ? सक्छु सरकार तर त्यसका लागि केही समय चाहिन्छ । कति समय लिन्छस् २ महिना ३ महिना सरकार हजुरको सेवा गरेर बस्न पाएँ भने त भैहाल्छ नि । ल त मेरै साथमा मेरै कर्मचारी भएर मेरै सेवामा रहन्छस् ल भनेर राखे । दिन बित्दै गयो अनि २/४ दिन, १० दिन, अब महिना दिन कति बित्यो घर भाँड्न राखेको कुरा राजाले पनि बिर्सिए । रानीले पनि बिर्सिइन् । अब त कर्मचारीजस्तो मान्छे मजाले कुनै फटाइ नगरी काम गरिराखेको छ । विश्वास गरी काम गरिराखेको छ । एक दिन राजसभा भइराखेको थियो । त्यस बेलामा राजालाई तमाखू खान मन लाग्यो । हुक्का चिलिममा आगो बाल्नु पर्‍यो भनेर त्यही घरभाडाँलाई चिलिममा आगो भरेर ले भनेर पठाए । भान्सामा आगो बाल्न जाँदा रानी अगेनोमा बसेर मकै भुट्दी रहिछिन् । राजाको लागि अनि त्यहाँ गएर घरभाँडाले नखरा गर्‍यो अभिनय गर्‍यो । एकदमै चिन्तित दुःख परेको अनुहार, हाउभाउ जस्तो देखेर रानीले कारण सोधिन् । किन तँ यस्तो ? हिजो अस्ति त यस्तो थिइनस् । आज किन यस्तो भइराखेको छस् ? साँच्चै नहुने कुरा भो नि, त्यसैले मलाई यस्तो भयो भनुँ भने ज्यानको खतरा नभनुँ भने सेवक हुँ मालिकको भलो चिताउनु पर्‍यो । महारानीको अनिष्ट हुने देख्दैछु मैले त महारानीले जे सम्झिबक्स्या हो त्यो त हैन महारानी । मैले त्यस्तो के गरे भनेर छक्क परिन् । महारानि कसैलाई नभनिबक्सिएला नत्र त राजाले मलाई च्वाट पारिदिनु हुन्छ । राजाले थाहा पाउनु भयो भने म बाँच्दिनँ नभनुहोला सरकार । महिलाको मन हो झन जिद्दी बढि हालो । म राजालाई नि भन्दिनँ कसैलाई नि भन्दिन भन्न त भनेपछि.........

सरकार हजुरले महाराजलाई गतिलै मान्छे ठान्नु भा होला । उहाँ त नुनिया हो नि । कसरी थाहा पाइस त नुनिया भनेर । जिउमा चाटो भने नुनिलो हुन्छ । न पत्याए चाटिबक्सोस् न भरे ए ल । म जान्छु, तँ पनि जा । कसैलाई न भन् तँ पनि म पनि

भन्दिन । हो रछ भने त म पनि कहाँ बस्छु र । त्यति भनेपछि रानी आफ्नो काममा लागिन् । ऊ पनि तमाखु भरेर राजाको तिर गयो । उ तमाखु भरेर लेर गयो राजा जंगीय । फेरि उसैगरी न्याउरो मुख लगाएर सरकार भनौ भने ज्यान खतरामा छ न भनौ भने बरबाद मैले त भान्सामा तमासा देखेनी तर म भन्दिन फेरि महारानीले थापाइसियो भने मलाई त च्वाट भनेपछि हैन भन् न म कसैलाई पनि भन्दिन राजाले भनेपछि सरकार रानी त बोक्सी होइसिन्छ । म चिलिम भर्न जाँदा महारानी त आगो बालेर हाँ हाँ हाँसेर जिब्रो निकालेर मलाई नै चाटुँला जस्तो गरेर केश फिँजाएर बस्नुभाको रछ । त्यस्तो मानछे त बोक्सी हुन्छन् सरकार । ओहो मैले त निको लक्षण देखिनँ । मलाई यस्तो गरेको देखेर भरे महाराजलाई नि रानीले चाट्न बेर छैन । त्यस्तो भएपछि कसरी बसिबक्सन्छ महाराज । हँ त्यस्तो पो हो ? ल भइगयो तँ चुप लागेर बस कसैलाई नभन भने तानि तर राजालाई आफ्नै छट्पट छ । रानीलाई आफ्नै छट्पट छ । रानीलाई कति खेर रातपर्छ र राजालाई चाटुँला नुनिया हो कि होइन भनेर छुट्याउँला भनेर बसेकी छिन् । राजा मेरी रानी साँच्चै बोक्सी हो त भनेर बसेका छन् । रात पऱ्यो राजा सुते र सुतेको जस्तो गरेर घुरेर अब भने मौका आयो भनेर रानिले लुगा पन्साएर यस्सो चाटिन् राजाले चुल्ठोमा च्याप्प समातेर त्यरिमा बोक्सी भनेर भने । अघि घरभाँडो बोक्सी भन्थ्यो हो पो रैछ । मलाई पनि त नुनिया भनेको छ नि । लौ माऱ्यो । थुक्क घर भाँडी गो नि ल यो घरभाँडा नै रछ है भनेर घरभाँडालाई धन्यवाद दिएछन् रे ।

सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला ।

यो कथा सरासरी वैकुण्ठ जाला । भन्ने बेलामा खुरु खुरु खुरु आउल ॥

- **किराणराज बराल, गौरीवास-३, पाटू**

-

## पुड्केको कथा

एकादेशमा कुनै एक गाउँमा तीनभाइ बस्दथे । जेठो, माइलो अनि कान्छो । कान्छोको नाम पुड्के थियो । कान्छो चाँही अलि एकलकाटे जस्तो भएर हिड्थ्यो । चलाख पनि थियो । दुई दाजुभाइ जेठो र माइलो भएर कान्छोलाई सताउने काम चाँही बढी गर्दथे । यसै शिलशीलामा अब उनीहरू हुर्कदै, बढ्दै गए विवाहदान भयो । सबैले अब छुट्टिनुपर्छ भनेर छुट्टिए र आफ्नो आफ्नो घरमा बसे ।

यिनीहरू दाजुभाइ अलि टाठो बाठो भएर कान्छोलाई चाँही झुपरो घरमा बस्न दिए । आफूलाई धौले घर राखे र धौले घरमा नै बस्ने भइसकेपछि चैनी यिनीहरूलाई अब पख तिमीहरूलाई सताउँछु भनेर त्यो कान्छो पुड्केले ठूलो चाल रच्यो । दशै आउन लाग्यो, अहो दाजु भाउजुलाई खान बोलाउनु पर्छ हेर बुढी यो आन्द्रा राख यो आन्द्रामा चाँही रगत भरेर राख्नुपर्छ । भरे म दाजुभाउजुलाई बोलाउँछु । खान दिनु भन्छु म, तिमी चाँही भा पो दिनु भन । म चाँही यसलाई न मारि छोड्दिन भन्छु र बन्चरोले हान्छु तिमी भरलक्कै लड्नु र त्यो आन्द्रा चुडाउनु तिमीले पहिले आन्द्राको माला लगाउनु पर्छ भित्र पारेर ल हुन्छ । दशैंको बेलामा अष्टमीको दिन खसी काटेर आज यतै खाना खानुपर्छ भनेर दाजुभाउजुलाई बोलाए । भाउजुलाई अलि खान देन भनेर बुढाले भनेपछि बुढीले भए पो दिनु त भनेकी थी तँलाई नमारी छोड्दिन । त्यत्रो खसी काटेको सकियो भनेर उसले बन्चरोले हानेको जस्तो गरेको थियो पुड्केको श्रीमती भकलक्कै लडी र त्यो आन्द्रा चुडियो । अनि रगत बिच्छे भयो । ला तैले श्रीमती मारिहालिस्, हामी के खानु, हामी खाँदैनौं भनेर जराक जुरुक्क उठे रामराम तैले बुहारी मारिहालिस् ए दाजुभाउजु मैले मेरी श्रीमतीलाई एक लात्ती हानेपछि ब्युँझिहाल्छे नि । लु त ब्युँझा भनेर पुड्केलाई दाजुले भनेपछि उसले एकलात्ती हानेपछि श्रीमती उठी उसको भए भरको जोगियो जे जति खानुपर्ने खान पाएनन् । उसले चालबाजी रचेको थियो । उनीहरू हिँडेपछि श्रमिती बाँची जुरुक्क उठी । दाइभाउजुले कुरो बुझे । पुडेकेले यस्तो गऱ्यो । हामी पनि त्यसै गर्नुपर्छ भनेर भोलिपल्ट ए भाइ बुहारी खाना खान आउ भनेर पुडेके र उसकी श्रीमतीलाई बोलाए । उनीहरू खाना खान भनेर गए । पुड्केको चालबाजी थाहा पाएनन् । अनि त्यसपछि श्रीमतीहरूले भाँडा बजाउन थालेपछि यी भाइ बुहारीलाई अलि खान देऊ यो भनेपछि भा पो दिनु भने उनीहरूले । यी राँडीहरूलाई नमारी भएन । छोड्दिन भनेर दुवै दाजुभाइले श्रीमतीहरूलाई बन्चरोको पासोले हिर्काए । बन्चरोको धारतिरबाट हानेपछि श्रीमतीहरू दुवै मरे । भाउजु मरिहाली दाजु हामी के खानु भनेर पुड्केले भनेपछि दाजुले भने यी राँडीहरूलाई लात्तीले हानेपछि उठी जान्छन् नि लु हिर्काउ त भनेपछि बङबङ लातले हिर्काए । के बाँच्नु नि मरेको श्रीमती मरे । ओहो यो पुड्केले के गऱ्यो ? यो पुड्केलाई चाँही मार्नुपर्छ भनेर चाहिने पुड्केलाई फापरको रोटी खुप मीठो लाग्थ्यो रे । दाइहरूले जाल रचे यसलाई चहिने खुकुरीले छप्काउनुपर्छ भनेर के गरेछन् भन्दा ऊ सुत्ने ठाउँमा छप्काउनुपर्छ भनिसकेपछि यो योजना थाहा पाएछ अनि पछि यसको पालो चाइने केराको खम्बा ल्यार ट्याक्क सुतेजस्तो बनाएर राखेछ । सिरानजस्तो ओछ्यानमा डङ्ग सुतेजस्तो । गएर दाजुभाइले छ्वाम्म काटेर खाइस पुड्के मीठो फापरको रोटी भन्दा रहेछन् । पुड्के चाँही रुखको टुप्पोमा बसेर खाएँ भन्दो रहेछ । लौ अब यसको घर आगो लगाई दिऊँ भनेर

भोलिपल्ट लगाउने भएपछि पुड्केले थाहा पाइ जाँदो रहेछ । अलि पर गएर फेरि रुखको टुप्पोमा बसेछ । घरमा चाइने ढोका थुनेर सुतिराखेको छ भनेर आगो लगाई दिएछन् । खाइस पुड्के सातु भन्दै थिए । पुड्के चाँही खाँदैछु सातु भनेर भन्दै थियो रुखको टुप्पोमा बसेर । ला मारिहाल्यो नि भनेपछि भोलिपल्ट बिहान भए पछि त्यो डडेको खरानी घरको लिएर गएछ र नदीको किनारमा गएर ओ माझी दाइ यहाँ राजाको असबाफ तार्न आउ भनेछ अनि माझी आएछ । यो के हो भने पछि राजाको असबाफ हो । तिमीले एक छिटो पानी पार्‍यो भने खरानी हुन्छ भनेछ । माझीलाई होस गर भनेछ । अनि राजाले तिमीहरूलाई कारबाही गर्लान् भनेछ । नभए यति नै सम्पत्ति दिनुपर्छ यो भएजति नै भनेपछि माझीहरूले ल हुन्छ भनेछ । जाँदाजाँदै नदीमा गएपछि माझी डुङ्गा लिएर आयो जाँदा त्यसमा उछिट्टिएर पानी परिहाल्यो ल यो पानी पर्‍यो अब राजाले मार्छन् तलाई यति नै सम्पत्ति दे । लौ बाबाबिधाता मलाई जोगा भनेर बोराभरी सम्पत्ति दिएर पठायो । ल यो पुड्केले त त्यस्तो घर जलाएर यस्तो गर्‍यो भने हामीसँग त यसको घरभन्दा धौले घर छ झन ठूलो घर छ भनेर दाइहरूले भनेछन् । घर डडाएर भोलिपल्ट खरानी लिएर गएछन् र ओ माझी दाइ खरानी तार्न आइज भनेछन् । अनि माझीले आएर के हो यो ? भनेछ खरानी हो यसमा त पानी पार्नु हुँदैन पर्‍यो भने त यसको पैसा तिर्नुपर्छ नि भनेपछि तेरिमा बदमास हो घर डडाएर खरानी ल्याउने, पैसा तिर्छु नि तिमीहरूलाई भनेर माझीले गोदेर
पठाइदिएछ ।

थुक्क पुड्केले बर्बाद गरेछ । पुड्केलाई चाइने बुढो गोरु, झुप्रे घर दिएको थियो । बुढो गोरु चाँही के गरुँ भने छ र भीरमा लगेर लडाइदिएछ । तल एउटा कृषकको मज्जाको खेती रहेछ । त्यो खेतीमा त्यो मरेको गोरु लगेर घस्राङ् घुस्रुङ् गरेर उभ्याएछ, उभ्याएर सुई... सुई... मकै खायो मकै खायो... भनेछ । कृषक माथिबाट हरर झरेर हरार ढुंगाले ड्याङ्ग हानेको थियो हान्ने बित्तिकै गोरु भक्लक्क ढल्यो । खबरदार गोरु मर्ला बरु एक परे पाँच तिर्छु तर गोरु मर्नु हुँदैन भनेर कुद्दै जाँदा गोरु मरिराखेको छ । फेरि उता मकै खाको छैन । ल बर्बाद पर्‍यो भनेर गोरुको पैसा ल्याएछ । यो मुला मरनच्यासे गोरुको त पैसा ल्यायो भने हामीले त ठूला ठूला गोरु राखेका छौँ ती भन्दै गोरु लगेर भीरबाट पल्टाई दिएछन् त्यसैगरी उहाँ लगेर उभ्याएपछि खायो खायो बाली खायो भनेर उनीहरू चिच्याए । कृषकले एक ढुंगाले हानिसकेपछि यिनीहरूलाई चाइने आएर के हो भनेपछि यो मकै खाको भए हामी तिर्छौं गोरु मरेको भए तपाईंले तिर्नुपर्छ । गएर हेर्दा खेरी गोरु मरेको रहेछ । लु अब तिर भन्दा खेरी तेरिमाँ सद्धे गोरु भीरबाट लडाएर तिमीहरू चाइने यसरी मलाई यस्तो गर्ने तिमीहरूलाई भनेर ती दुवै दाजुभाइलाई कृषकहरूले कुटेर पठाइदिइसकेपछि अब के गर्ने यति

भन्दाभन्दै तिहार आयो । तिहार आइसकेपछि अनि अब पिङ हालौं पिङ खेल्न बोलाउनु पर्छ एक भाइ तल र एक भाइ माथी बस्नुपर्छ अनि त्यसपछि पिङ मच्चाको बेलामा त्यो पिङ च्वाट्टै छिनाउनुपर्छ पछारिएर मर्छ । नमरे पनि बोरामा गारगोर पारेर मार्नुपर्छ र लगेर डढाउनुपर्छ भनेर यिनीहरूले योजना रचे । यो कुरा थाहा पाएन पुड्केले । थाहा नपाइसकेपछि पिङ हाले । यिनिहरूले पिङ हालेर खेले । अनि पुड्केको पालो आयो अनि पुड्केले खुब मज्जाले मच्चाएर निकै माथि पुऱ्याको थियो । त्यै बेलामा पिङ छट्टै काटे एउटा भाइले । तल एकभाइले बोरा लिएर बसिराख्या थियो र बोरामा खाँदखुँद पारेर पुड्केलाई लिएर गए । यसलाई त घिस्याएर पो लानुपर्छ त । भनेर घिसाउँदा आहा कति सन्चो चिलाइनै मरो भनेपछि यसलाई सन्चो दिनुहुन्न भनेर यिनीहरूले काँधमा बोकेर दुइटा दाजुभाइले लिएर गए । अइया, अइया भन्दो रहेछ काँधमा बोक्दा । घिसाउँदा चाँहीं अट क्या सन्च भन्दो रहेछ । तँलाई सन्चो चाँहीं नदिने भनेर नदीको किनारमा पुऱ्याइसकेपछि दाउरा खोज्न गएको बेलामा माता, पिता स्वर्गै झल्लरी, माता पिता झल्लरी मल्लरी भनेर चाइने यो चिच्याइ राखेको छ । उताबाट एक जना मुखिया घोडा चढेर आइरहेको थियो । त्यसपछि यो के हो भनेपछि चाँहीं माता पिता स्वर्गै झल्लरी मल्लरी भन्या छ । ए के भनको तैले हँ ? यहाँ बसेर चाँहीं बाबु, आमा, स्वर्गै जम्मै देखिँदो रहेछ । ल त मलाई पनि हेर्न देन त अहँ म त दिन्न म त बाबु पनि देखेको छु । आमा पनि देखको छु । म त दिँदै दिन्न ल एकै छिन त्यसो भए मेरो जस्तो लुगा केही पनि लगाउन पाईंदैन । लुगा चाइने एउटा कट्टु मात्र लगाउनुपर्छ भनेपछि लुगा-सुगा खोलेर घोडाबाट उत्रेर मुखिया लुगा खोलेर गए । लु यो बोराभित्र बस्नु भनेर बोराको मुख बाँधेर लु अब भन्नु झल्लरी मल्लरी, माता पिता भन्नु भनेपछि झल्लरी मल्लरी माता पिता खै त देखिँदैन त भनेपछि अलिबेरपछि देखिन्छ भनेर उसले लुगा लायो अनि घोडा चढेर घर गयो । दाजुभाइ आएछ । आएर हेर्छन् । स्वर्गै झल्लरी मल्लरी माता पिता भन्दै छ । अब देख्छस् माता पिता भनेर आगो लगाउँछन् त्यसलाई खरानी बनाएर घरतिर जान्छन् घर जाँदा पुड्के आँगनमा घोडा राखेर बरन्डामा बसेर मज्जलो तमाखु खाइरहेको देख्छन् थुक्क अर्कै पो मारिएछ भनेर पुड्केलाई केही गरी पनि मार्न सकिएन भनेर ती दाजुभाइले हार खाएका थिए अरे ।

सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला ।

यो कथा वैकुष्ठ जाला । भन्ने बेलामा सररर आउला ॥

- डिल्लीराम बराल, बर्दिवास-२

## बाघ र बिरालो

एकादेशमा एउटा बाघ एउटा बिरालोसँग भेट भएछ रे । बाघ ठूलो जन्तु, ऊ सिकार खेल्न जान्दैन थियो रे । बिरालो सानो भएपनि सिकार खेल्न अत्यन्तै चतुर थियो रे । बाघले एकदिन विचार गर्‍यो, यति ठूलो भएर पनि मबाट सिकार मर्दैन । मैले सिकार खेल्न जानेको छैन । यो बिराले यति सानो भएर पनि सिकार खेल्न अत्यन्तै चतुरो छ । त्यसो भएदेखि यसैलाई गुरु थापेर सिकार खेल्ने कला सिक्नु पर्‍यो भन्ने सोचेर बिरालो भाको ठाउँ बाघ साइनो लगाएर भन्यो ए मामा हजूर सानो भइकन सिकार खेल्न अत्यन्तै चतुरो हुनुहुँदो रहेछ भन्ने कुरो मलाई थाहा भयो ।

हजूरले किन दुःख गर्नुपर्‍यो ? हजूर बसि बसिकन सिकार खान सक्नुहुन्छ । सिकार खेल्न मलाई सिकाइदिनुस् न । म यति ठूलो चिज ठूला ठूला जन्तु ल्याउँछु । भित्रका भित्र्यांस कलिला कलिला चिज खुवाउँछु । त्यस पछि त हजूर बसिबसि खानि, दुःखै गर्नुपर्दैन भनेर चाँही बाघले विरालोलाई पकायो (फुर्कायो) । बिरालोले यसो विचार गर्‍यो । वास्तवमा यसलाई सिकाइ दिए के हुन्छ त भन्ने सोचेर धेरै कुरा सिकायो । बाघ सिकार गर्न जान्ने भयो र सिकार मारेर उसले भनेअनुसार विरालोलाई खुवाउन पनि थाल्यो । तर कालान्तरमा उसको मनमा यस्तो किसिमको कुरा उब्जियो कि म यति ठूलो भइकन त्यति सानो विरालोलाई मैले मारेको सिकार लगेर किन पोसने । म नै जान्ने भइहाले नि । त्यसले मलाई के गर्न सक्छ भन्ने घमण्ड उत्पन्न भयो । न भन्दै सिकार ल्याएर विरालोलाई दिएन । विरालाले भन्यो हेर भाइ तिमीले गरेको बाचा सम्झ भनेर सम्झाउन खोज्यो तर वाचा साचा म जान्दिन भनेर चाँही ठाडै प्रतिकार गर्‍यो हेर यो लोकले तिमीलाई कृतघ्न भन्ने छन् । त्यति मात्रै होइन यो लोकले तिमीलाई निन्दा गर्नेछन् । निन्दाको पात्र सधैँ भरी बनिरहने छौं तिमी भनेर बिरालोले नानाभाँतिका कुरा गर्दा बाघलाई रिस उठेछ । म तिमीलाई नै खाइदिन्छु के खोजेका छौ भनेर झम्टिन खोज्दा खेरी नजिकै रुख थियो त्यो रुखमा बिरालो चढ्यो । विरालोले सबै कुरा सिकाइदिएको थियो तर रुख चढ्ने कला चाँही बाघलाई सिकाएको थिएन । त्यसैले गर्दा बाघ कति कोसिस गर्दा पनि रुख चढ्न सकेन । रुखको केही माथि पुग्छ, अनि झर्छ । केही गरिपनि सकेन । फेरी जान्छ लड्छ यस्तो क्रमिकमा धेरै पटक भइसकेपछि बाघ रुखको फेदमा बसेर विरालोलाई के भन्यो भने तिमी कहाँ जान्छौ र ? झर्ने ठाउँ त यही हो । यो रुखको फेद म ज्यान गएपनि छाड्ने छैन भनेर बाघले भन्दा विरालोले के जवाफ दियो भने तिमीले मलाई के भेट्टाउन सक्छौ मैले हगेको दिसा पनि भट्ने छैनौ । यस्तो धाक दिंदै एउटा रुखबाट अर्को रुख हुँदै

विरालो वेपत्ता भयो । कहाँ गएर चाँहि अल्पियो बाघले जति पर्खिए पनि आखेरी विरालो त्यस ठाउँबाट झरेन । ऊ निरास भएर त्यहाँबाट हिड्नु पऱ्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फलको माला

यो कथा वैकुष्ठ जाला भन्ने वेलामा सरररर आउला ।

**- चूडामणि बराल, बर्दिवास-१**

**शुद्ध आत्मा**

एकादेशमा एकठाउँमा चैने दुईजना साधुहरू गुरुको आश्रम तिर गइरहेका थिए । जाँदाजाँदै नदिको किनारमा पुगेपछि ठूलो बाढी आएछ । त्यसपछि यी साधुहरूको आत्मा कस्तो रछ भनेर देवीले मायाको रूपमा एउटा सुन्दरी कन्याको भेषमा ती साधुहरू नजिकै आएर ल बाबा खोलामा ठूलो बढी छ । मलाइ पनि खोला तारिदिनु पर्छ भनेर ती कन्याले भनेपछि एकजना बुढो साधुले चाँही के भनेछन् भने तिमी यति परम सुन्दरी छौ तिमीलाई चैने मैले समातेर तारे भनेदेखि त मलाई मेरो गुरुजीले मारिजानु हुन्छ नि यस्ती कन्याको हात समातेर तार्ने कहि नभएको फटाहा भन्नु हुन्छ । त्यसैले म तिमीलाई तार्दिन भनेर ती बाबाले भनेछन् र अर्को तन्नेरी जवान साधुलाई भनिछन् बाबा तपाईंले मलाई यो नदि जसरी पनि तारिदिनु पऱ्यो भनेपछि लौ त भनेर स्वाट्ट काँधमा बोकेर सर्लक्क तारिदिएछन् र अब जाउ नानी भने । देवी फेरि मायाँकै रूपलिएर अलप भइन् र ती साधुहरू पनि खुईं-खुईं गए । पख तलाई एउटा साधु भएर स्त्रीलाई स्पर्श गरेर तार्ने पख गुरुजीलाई म पोल नलगाई छाड्दिन भन्दै गुरुको आश्रममा पुगे आश्रम पुगेपछि ती बुढो साधुको पहिलो कोसेली नै पोल लाउने भयो ।

हामी आश्रम आउने क्रममा एउटा खोलामा बाढी आएको र छ र त्यहाँ एउटी स्त्रीले मलाई यो खोला तार्दिनुन भनी तर मैले हामी साधु हौं हामीले स्त्रीलाई स्पर्श गर्ने गरेको छैनौं भनेर भन्दिएँ, भरेभन्दा उ यस जवानले तारिदियो त्यसलाई च्याप्पै समातेर काँधमा हालेर तारिदियो हेर्नुस् त कस्तो पापी भनिसकेपछि तेरो मनमा पापै पाप भएकाले तैले नतारेको उसको मन शुद्ध थियो तारिदियो । उ शुद्ध मन भएको साधु हो भनेर गुरुजीले भनिसकेपछि बुढो साधु थुक्क मैले तार्नु पर्ने रछ मैले पनि त जस लिने र छु नि भनेर पछुतो मानिरहेको थिए अरे ..........

सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला ।

यो कथा वैकुण्ठ जाला । भन्ने वेलामा सरररर आउला ।

-डिल्लीराम बराल, बर्दिवास-२


## परिशिष्ट ख

### कथावाचन गरेर सहयोग गर्नेहरूको नामावाली

| क.सं. | कथा | कथावाचक | ठेगाना |
|---|---|---|---|
| १. | मणिफूलको कथा | लीलानाथ दुलाल | गौरीवास-३, पाटू |
| २. | मुखिया बाको कथा | चूडामणि बराल | बर्दिवास-१ |
| ३. | भावीको खेल | योगेन्द्र बराल | बर्दिवास-१ |
| ४. | लोभको हद | डिल्लीराम बराल | बर्दिवास-२ |
| ५. | पुरुषको भाग्य | सूर्य बहादुर बस्नेत | गौरीवास-४ |
| ६. | बाघ र मान्छेको शक्ति | चूडामणि बराल | बर्दिवास-१ |
| ७. | बाठो, ठग र सोझ्राको कथा | गोबिन्द प्रसाद दुलाल | बर्दिवास-३ |
| ८. | लठेब्राको कथा | लीलानाथ दुलाल | गौरीवास-३, पाटू |
| ९. | स्यालको कथा | डिल्लीराम बराल | बर्दिवास-२ |
| १०. | हेर्ने र भर्ने | डिल्लीराम बराल | बर्दिवास-२ |
| ११. | कथाभित्रको कथा | योगेन्द्र बराल | बर्दिवास-१ |
| १२. | गुरुको उपदेश | गोविन्द पौडेल | बर्दिवास-७, कालापानी |
| १३. | चतुऱ्याइँको कथा | भरत बहादुर भुजेल | गौरीवास-४, पाटू |
| १४. | अल्छीको कथा | भरत बहादुर भुँजेल | गौरीवास-४, पाटू |
| १५. | घरभाँडाको कथा | किराणराज बराल | गौरीवास-३, पाटू |
| १६. | पुड्केको कथा | डिल्लीराम बराल | बर्दिवास-२ |
| १७. | बाघ र बिरालो | चूडामणि बराल | बर्दिवास-१ |
| १८. | शुद्ध आत्मा | डिल्लीराम बराल | बर्दिवास-२ |

# परिशिष्ट ग

## महोत्तरी जिल्लाको नक्सा



## सन्दर्भ सामग्री सूची


आचार्य, कृष्ण प्रसाद (२०६७) **पूर्व आधुनिक नेपाली साहित्य, लोक साहित्य र आधुनिक नेपाली निबन्ध,** काठमाडौं: क्षितिज प्रकाशन ।

कर्मा, लीलासिंह (२०३८), **हाम्रो लोककथा,** ललितपुर: साझा प्रकाशन ।

गिरी, जीवेन्द्रदेव (२०५७), **लोक साहित्यको अवलोकन,** काठमाडौं: एकता प्रकाशन ।

चूडामणि बन्धु, **नेपाली लोकक साहित्य,** काठमाडौं एकता बुक्स, (२०५८) पृष्ठ २८४

जिल्ला वन कार्यालय, महोत्तरी (२०६२/०६३) **एकदर्पण,** जिल्ला वन कार्यालय, महोत्तरी

थापा, धर्मराज र हंसपुरे, सुवेदी (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं: पाठ्यक्रम विकास केन्द्र ।

दिवस, तुलसी (२०३२), **नेपाली लोककथा केही अध्ययन,** काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान ।

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्र (२०६८), **नेपाली साहित्यको रूपरेखा,** काठमाडौं: साझा प्रकाशन ।

पराजुली, मोतीलाल (२०७१), **नेपाली लोक कथा: सिद्धान्त र विश्लेषण,** काठमाडौं: विवेक सिर्जनशील प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौं: एकता बुक्स डिष्ट्रिव्युटर्स ।

बर्दिवास नगरपालिका कार्यालय (२०७३/०७४) **वार्षिक नगरविकास योजना,** महोत्तरी

शर्मा, मोहनराज र लुँइटेल, खगेन्द्र (२०६२), **लोकवार्ता विज्ञान र लोक साहित्य,** काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५०), **कथाको विकास प्रक्रिया,** दो.सं. काठमाडौं: साझा प्रकाशन ।

सुवेदी, हंसपुरे (२०५५), **नेपाली लोक जीवन लोक विश्वास,** ललितपुर: साझा प्रकाशन ।

www.http//ddcmatottari.gov.np retrieved on March 14, 2017.